परिच्छेद एक

# शोधपरिचय

## १.१ शोधपरिचय

बलदेव मजगैयाँले कविता लेखनबाट आफ्नो साहित्यिक यात्रा थालेका हुन् । काव्यविधा अन्तर्गत उनका एउटा कविता सङ्ग्रह **बेलपत्र** (२०५७) र एउटा गीति एल्बम **थोरै घाम, थोरै पानी** (२०६२) गरी दुई कृति प्रकाशित छन् । आख्यान विधा अन्तर्गत उनका पाँच उपन्यासहरू क्रमशः **नरमणि**(२०४८), **कुहिरो**(२०५१), **चारु**(२०५४), **विवशता**(२०६२), **मानसी**(२०६३) र एउटा कथा सङ्ग्रह **सङ्कल्प**(२०५३) समेत प्रकाशित भएको पाइन्छ । त्यसैगरी **वी.पी. विचारबिन्दु**(२०४७), **हाम्रो संसदमा** (२०५४) तथा **नेपाली काङ्ग्रेस संसदमा**(२०५४) जस्ता महत्त्वपूर्ण कृतिहरूको सम्पादन पनि उनले गरेका छन् ।

साहित्यकार बलदेव मजगैयाँको साहित्यलेखन उपन्यासमा फस्टाएको र विस्तारिएको देखिन्छ । उनका सबै उपन्यासहरू सामाजिक यथार्थको पृष्ठभूमिमा उभिएका छन् । प्रस्तुत **मानसी** उपन्यास पनि सामाजिक यथार्थको धरातलमै रचना गरिएको नारी चरित्र केन्द्रित उपन्यास हो । हाम्रो समाजमा सदियौँदेखि रहँदै आएको पितृसत्तात्मक सोचबाट नारीप्रतिको दृष्टिकोण बदल्न नसकेसम्म समाजको विकास हुन नसक्ने धारणालाई यस उपन्यासमा रोचक ढङ्गले देखाइएको छ । सामाजिक मर्यादाको नाममा नारीहरूले शोषण र अन्याय भोग्दै आए पनि अब समाजमा सन्तुलित लैङ्गिक समविकासका लागि नारीहरूले विद्रोह गर्नुपर्ने परिवर्तनकारी सोचलाई उपन्यासको प्रमुख विषयवस्तु बनाइएको छ । एउटी नारी पत्नी र पत्नीपछि आमा हुन पाउने नैसर्गिक कुरालाई सामाजिक मर्यादाले रोक्न नहुने र नसक्ने कुरालाई मानसीका माध्यमबाट देखाइएको छ । नारीको पतिवरणको स्वतन्त्रता र मातृत्व रक्षाका लागि गरिने शारीरिक सम्पर्कलाई सामाजिक बन्धनले बाँध्न नहुने धारणालाई **मानसी** उपन्यासमा उठाएको छ । सामाजिक यथार्थतावादी चेतना, मनोविश्लेषण, यौनमनोविज्ञान, भाषाशैलीगत विशिष्टता आदि मूल्य र मान्यतामा रचना गरिएको यो उपन्यासको तत्त्वगत र प्रवृत्तिगत आधारमा व्याख्या विश्लेषण गर्नु नै यस शोधकार्यको मुख्य विषय हो ।

## १.२ समस्याकथन

उपन्यासकार बलदेव मजगैयाँको उपन्यास मानसीको विभिन्न कोणबाट अध्ययन, विश्लेषण, निरूपण र मूल्याङ्कन गरिएको यस शोधकार्यका निम्नलिखित समस्याहरूरहेका छन् :

(क) बलदेव मजगैयाँको साहित्यिक रचनाधर्मिता के कस्तो रहेको छ ?

(ख) औपन्यासिक तत्त्वका आधारमा **मानसी** उपन्यासको विश्लेषण र मूल्याङ्कन कसरी गर्न सकिन्छ ?

(ग) **मानसी** उपन्यासमा के कस्ता प्रवृत्तिहरू रहेका छन् ?

## १.३ शोधकार्यको उद्देश्य

यस शोधकार्यका निम्न लिखित उद्देश्यहरू रहेका छन् :

(क) बलदेव मजगैयाँको साहित्यिक रचनाधर्मिताको निरूपण गर्नु,

(ख) औपन्यासिक तत्त्वका आधारमा **मानसी** उपन्यासको कृतिपरक अध्ययन गर्नु,

(ग) **मानसी** उपन्यासको प्रवृत्तिगत आधारमा निरूपण गर्नु,

## १.४ पूर्वकार्यको समीक्षा

उपन्यासकार बलदेव मजगैयाँ र **मानसी** उपन्यासका बारेमा विभिन्न विद्वान्, समालोचक, तथा शोधार्थीहरूद्वारा पुस्तक, पत्रपत्रिका र शोधपत्रहरूमा व्यक्त भएका समीक्षा, समालोचना, टीकाटिप्पणी, लेखरचना आदि नै पूर्वकार्यका समीक्षा हुन् । तिनै समीक्षा र लेखहरूलाई यहाँ छोटकरीमा प्रस्तुत गरिएको छ :

(क) रमानन्द कँडेल,(२०५९) **बलदेव मजगैयाँको जीवनी व्यक्तित्व र कृतित्व :**

शोधपत्रमा कँडेलले मजगैयाँको औपन्यासिक रचनाधर्मिता सामाजिक यथार्थतावादको धरातलमा रहेको कुरा उल्लेख गरेका छन् । यस जीवनीपरक शोधकार्यले**मानसी** उपन्यासलाई कृतिकेन्द्री अध्ययन गर्न सकेको छैन् ।

(ख) बलराम पन्त,(२०६१)**बलदेव मजगैयाँका आख्यानात्मक कृतिहरूको अध्ययन :**

यस शोधपत्रमा पन्तले बलदेव मजगैयाँको समग्र आख्यानकारिताको अध्ययन गर्दै उनको प्रमुख र सफल विधा उपन्यास नै भएको कुरा उल्लेख गरेका छन् । त्यसैगरी समाजको यथार्थ चित्रको आलोचनात्मक प्रस्तुति मजगैयाँको औपन्यासिक प्रवृत्ति हो भनेका छन् । यो शोधकार्य **मानसी** उपन्यासभन्दा अघि नै गरएको भए पनि यसले प्रस्तुत शोधकार्यमा केही सहयोग गरेको छ ।

(ग) भानु घिमिरे, (२०६४) “मानसी भित्र के छ ?” **गरिमा** (वर्ष ५५, अङ्क ७, असार), पृ १६०-१६ ।

यस लेखमा भानु घिमिरेले **मानसी** उपन्यासभित्र रहेको विषयवस्तुको सरसर्ती जानकारी दिने काम गरेका छन् । उनले **मानसी** उपन्यासको विषयवस्तु पक्ष विश्वेश्वरप्रसाद कोइरालाको तीन घुम्ती उपन्याससँग नजिक रहेको र कोइरालाको इन्द्रमाया र मजगैयाँको मानसीको जीवन अन्तराल पनि समान जस्तै रहेको कुरा उल्लेख गरेका छन् । सन्तान जन्माउनु पाउनु एउटी नारीको नैसर्गिक अधिकार हो भन्ने विषयमा यो उपन्यास केन्द्रित रहेको कुरा यस लेखमा उल्लेख गरेका छन् । यो लेख पुस्तक परिचयको दृष्टिले मात्र लेखिएको हो । अत : समग्र अध्ययन यस शोधपत्रमा गर्ने प्रयास गरिएको छ ।

(घ) ज्ञानु पाण्डे (२०६४) "मानसी भित्रको समाज यथाथए" **गरिमा**(वर्ष, २५, अङ्क ८ साउन), पृ. ४२-४९ ।

यस समीक्षामा पाण्डेले **मानसी** उपन्यासमा महिला पुरुष समविकासको अवधारणा प्रतिको सम्वेदनशीलतालाई औपन्यासिक कलाका साथ प्रकट भएको कुरा व्यक्त गरेकी छिन् । यथार्थमा पुरुष होस् वा नारी सबैभन्दा पहिला त्यो एउटा व्यक्ति हो, त्यसपछि मात्र त्यो नारी वा पुरुष हो । हरेक व्यक्ति आफैँमा अनन्य छ । उसलाई नारी या पुरुष भनी लिङ्गका आधारमा साधारणीकरण गरेर बुझ्न हुन्न भन्ने अस्तित्वको प्रश्नलाई यस उपन्यासमा उठाइएको कुरा यस लेखमा समाज यथार्थको मात्र चर्चा गरेकी छिन् । यसलाई अन्य दृष्टिकोणले पनि विवेचना गर्नु आवश्यक देखिन्छ ।

(ङ) नारायण चालिसे (२०६७)'मानसी प्रतिको मानसबिम्ब',**केही कृति आफ्नैप्रकृति** (काठमाडौं : पैरवी बुक हाउस), पृ. ९०-९५ ।

नारायण चालिसेले यो समीक्षामा **मानसी** उपन्यासलाई परम्परागत शैलीमा उभिएको तर नारी हक र स्वतन्त्रताको पक्षमा विचार उन्मुख भएको, सामाजिक संरचनामा परिवर्तनको चाहना राखिएको नारीपात्र प्रधान उपन्यास भनेर विश्लेषण गरेका छन् । त्यसैगरी यहाँ आत्मिक मांशल प्रेमको साधन नारीलाई बनाउन खोजिए पनि परिणति नारी अस्मिताको पक्षमा भएको छ भन्दै चालिसेले उपन्यासकी मानसीलाई आफ्नो मानस बिम्बको रूपमा चित्रण गरेका छन् । उनको यस समीक्षामा औपन्यासिक तत्त्वर प्रवृत्तिका आधारमा विवेचना गरिएको छैन ।

(च) विष्णुप्रसाद ज्ञवाली, (२०६७) "समसामयिक नेपाली उपन्यासका प्रवृत्ति विश्लेषण" **समसामयिक नेपाली उपन्यास** (काठमाडौं : पैरवी प्रकाशन), पृ. ८०-८१ ।

यस पुस्तकमा ज्ञवालीले समसामयिक नेपाली उपन्यासहरूको प्रवृत्तिगत समीक्षा प्रस्तुत गर्दै **मानसी** उपन्यासलाई नारीवादी चिन्तनमा केन्द्रित समसामयिक उपन्यासको दर्जामा राखेका छन् । उनले नारी जीवनमा महत्त्वपूर्ण स्थान राख्ने मातृत्वको खोजीका

लागि एउटी नारीले राखेको परपुरुषसँगको सहवास र नारीले पनि आफ्नो शरीर र जीवनमाथिको अधिकार प्रयोग गर्न पाउनु पर्छ; कलुषित मानसिकता भएका पुरुष आफैँ पछारिन्छ भन्ने कुरा उपन्यासको मुख्य मर्म हो भनेका छन् । यस समीक्षामा उपन्यासलाई नारीवादी चिन्तनका दृष्टिले मात्र हेर्ने कोसिस गरिएकोले अन्य दृष्टिकोणबाट पनि विश्लेषण गर्नु सान्दर्भिक हुन्छ ।

(छ) शिवप्रसाद निउरे, (२०६८)**बलदेव मजगैयाँको उपन्यासकारिताको अध्ययन :**

यस शोधपत्रमा निउरेले **मानसी** उपन्यासलाई नारी समस्या र अस्तित्वको लडाइँमा अधारित चरित्रप्रधान उपन्यास हो भनेका छन् । उनले औपन्यासिक तत्त्वका आधारमा **मानसी** उपन्यासको सामान्य विवेचना गरे पनि समग्र विश्लेषण र मूल्याङ्कन हुन सकेको छैन । समग्र विवेचना र विश्लेषण प्रस्तुत शोधपत्रमा गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

पूर्वकार्यको समीक्षाबाट के स्पष्ट हुन्छ भने उपन्यासकार बलदेव मजगैयाँको बारेमा जीवनीपरक, अध्ययन, आख्यानकारितापरक अध्ययन, उपन्यासकारिताको अध्ययन भइसके पनि उनको पछिल्लो उपन्यास **मानसी**को समष्टिगत अध्ययन, विश्लेषण हुन सकेको देखिँदैन । यस उपन्यासको कृतिपरक अध्ययनबाट यसका बारेमा बुझ्न चाहनेहरूका निमित सहयोग पुऱ्याउने छ । यसबाट प्रस्तुत शोधकार्यको औचित्य स्वतः पुष्टि हुन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

यस शोधकार्यमा बलदेव मजगैयाँको **मानसी** उपन्यासको कृतिपरक अध्ययन मात्र गर्नु शोधकार्यको सीमाङ्कन हो ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्यका लागि मूलत : पुस्तकालययीय अधयन विधिको उपयोग गरिएको छ । शोधकार्यका लागि आवश्यकता अनुसार पुस्तक, पत्रपत्रिका, समीक्षात्मक लेखरचना, शोधपत्र आदि अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ । यसका साथै स्रष्टासँगको प्रत्यक्ष कुराकानी, विभिन्न विद्वान् समालोचक र मित्रजनहरूबाट लिइएको जानकारीलाई पनि शोध सामग्रीको रूपमा उपयोग गरिएको छ । प्रस्तुत शोधसमस्या मूलत : विषयपरक शोधविधि अथवा समीक्षाशास्त्रका सिद्धान्तमा केन्द्रित छ । यस क्रममा ऐतिहासिक, वर्णनात्मक, तुलनात्मक विधिलाई पनि आवश्यकता अनुसार उपयोग गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई वैज्ञानिक र व्यवस्थित बनाउनका लागि निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ :

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : बलदेव मजगैयाँको रचना धर्मिता

परिच्छेद तिन : औपन्यासिक तत्त्वका आधारमा **मानसी** उपन्यासको विश्लेषण

परिच्छेद चार : **मानसी** उपन्यासको प्रवृत्तिगत अध्ययन

परिच्छेद पाँच : निष्कर्ष

परिशिष्ट : शोध नायकको अन्तर्वार्ता

परिच्छेद दुई

# बलदेव मजगैयाँको जीवनी तथा साहित्यिक रचना धर्मिता

## २.१ जन्म र जन्मस्थान

साहित्यकार बलदेव मजगैयाँको जन्म वि.सं. २००७ साल साउन ७ गतेका दिन राप्ती अञ्चलको दाङ जिल्ला अन्तर्गत बिजौरी गा.वि.स. वडा नं. ५ डाँडागाउँमा भएको हो । उनी पिता देवीप्रसाद शर्मा र माता हेमकुमारीका काहिंला सुपुत्र हुन् (कँडेल,२०५९:५) । उनको न्वारनको नाम डिल्लीराम शर्मा र वास्तविक(प्रमाणिक) नाम बलदेव शर्मा पोखेल हो । त्यसैगरी उनी राजनीतिमा बलदेव शर्मा मजगैयाँ र साहित्यमा बलदेव मजगैयाँका नामले परिचित छन् । मजगैयाँ उनको पुर्ख्यौली उपाधि हो । उनको परिवार आर्थिक रूपले सम्पन्न थियो । त्यसैले उनको बाल्यकाल कुनै अभाव नभोगी सन्तोषपूर्ण वातावरणमा बितेको थियो । उनले सात वर्षकै कलिलो उमेरमा मातृवियोग सहनु परे पनि उनको बाल्यकाल पिता, कान्छीआमा र दाजुहरूको वात्सल्यपूर्ण रेखदेखमा बितेको थियो । मूलघर दाङको बिजौरी नै भए पनि बलदेव मजगैयाँ लामो समयदेखि सपरिवार काठमाडौंको सरस्वतीनगरमा बसोवास गरिरहेका छन् (लेखक स्वयम्) ।

## २.२ शिक्षा-दीक्षा

बलदेव मजगैयाँले पाँचवर्षको उमेरदेखि पिता देवीप्रसादको सामिप्यमा अक्षराम्भ गरेका थिए । उनका पिता शिक्षित भएकाले शिक्षाको महत्त्व बुझेका थिए । भारतबाट झिकाइएका शिक्षकले घरमै उनलाई चार कक्षासम्मको अनौपचारिक रूपमा शिक्षा दिइएको थियो(कँडेल,२०५९:६) । तत्कालीन समयमा अंग्रेजी शिक्षाको पठनपाठनको प्रचलन नभए पनि समयानुकुल अंग्रेजी शिक्षाको आवश्यकता महसुस गरी मजगैयाँका पिताले उनलाई दाङ जिल्लाकै मानपुर गा.वि.स.मा खोलिएको अङ्ग्रेजी कोचिङ कक्षामा केही समय राखेर अंग्रेजी शिक्षा हाँसिल गर्ने वातावरण मिलाएका थिए (लेखक स्वयम्) । यसरी प्रारम्भिक शिक्षा आर्जन गरेका मजगैयाँ वि.सं.२०१७ सालमा पद्मोमदय हाइस्कुल भरतपुर दाङमा कक्षा ६ मा भर्ना भए । उनले वि.सं. २०२५ सालमा सोही विद्यालयबाट माध्यमिक स्तरको पढाइ पुरा गरी प्रवेशिका परीक्षा उत्तीर्ण गरे (कँडेल,२०५९:६) ।

त्यसैगरी बलदेव मजगैयाँले उच्च शिक्षा अन्तर्गत वि.सं. २०२७ सालमा उन्स कलेज वाराणासीबाट प्राइभेट परीक्षार्थीका रूपमा परीक्षा दिई प्रमाणपत्र तह उत्तीर्ण गरे । राजनीतिक सक्रियताका कारण अध्ययनलाई निरन्तरता दिन नसकेका मजगैयाँ वि. सं.

२०३० मा बनारसको हिन्दु विश्व विद्यालयमा स्नातक तहमा भर्ना भए र उनले वि.सं. २०३२ सालमा स्नातक तह उत्तीर्ण गरे । तत्पश्चात सोही विश्व विद्यालयबाट वि.सं. २०३५ सालमा इतिहास विषयमा स्नातकोरत्तर उपाधि प्राप्त गरे (कँडेल, २०५९:६) ।

## २.३ साहित्य लेखन प्रेरणा र प्रारम्भ

बलदेव मजगैयाँ साहित्य लेखनको प्रेरणाको स्रोतको रूपमा पद्मोदय हाईस्कुलमा हुने साहित्यिक कार्यक्रम, गुरु तथा अग्रजहरूको हौसला र पारिवारिक सहयोगलाई लिन्छन् । साहित्य र राजनीति दुवै क्षेत्रमा विश्वेश्वरप्रसाद कोइरालालाई आदर्श पुरूष मान्ने मजगैयाँ उनैलाई प्रमुख प्रेरणाको स्रोत ठान्छन् । उच्च शिक्षा अध्ययनको क्रममा बनारसमा रहँदा उनको भेट वी.पी. सँग भएको हो । यही भेटघाटले उनमा आख्यान लेखनमा अझ प्रेरणा मिलेको उनी स्वीकार्दछन् (लेखक स्वयम्) ।

मजगैयाँले वि.सं.२०२१ सालमा पद्मोमदय हाइस्कुल दाङबाट प्रकाशित 'ज्योत्सना' पत्रिकामा शान्ति शीर्षकको कविता छपाएका थिए । यो नै उनको पहिलो रचना हो । कविता विधाबाट साहित्य लेखनको प्रारम्भ गरे पनि लेखनको पछिल्लो (हालको) चरणमा आख्यान विधामा विशेष झुकाव राखेको पाइन्छ (लेखक स्वयम्) ।

## २.४ प्रकाशित कृतिहरू

बलदेव मजगैयाँ साहित्य र राजनीति दुवै क्षेत्रमा क्रियाशील व्यक्तित्व हुन् । त्यसैले उनले साहित्यिक र राजनीतिक दुवै खालका कृतिहरूको लेखन र सम्पादन गरेको पाइन्छ । उनका हालसम्म प्रकाशित कृतिहरू यस प्रकार छन् :

(क) उपन्यासहरू

- **नरमणि** (२०४८)
- **कुहिरो** (२०५१)
- **चारु** (२०५४)
- **विवशता** (२०६२)
- **मानसी** (२०६३)

(ख) कथा सङ्ग्रह

- **सङ्कल्प** (२०६३)

(ग) कविता सङग्रह

- **बेलपत्र** (२०६३)

(घ) गीति एल्वम

- **थोरै घाम थोरै पानी** (२०६३)

(ङ) सम्पादन

- **बी.पी. विचारबिन्दु** (२०५७)
- **हाम्रा सांसदहरू** (२०५३)
- **नेपाली काङ्ग्रेस संसदमा** (२०५४)

अन्य फुटकर कविता, गीत, कथा, समालोचना, निबन्ध आदि विधाका रचनाहरू विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित हुँदै आइरहेका छन् ।

## २.५ बलदेव मजगैयाको साहित्यिक व्यक्तित्व

साहित्यका बलदेव मजगैयाँ साहित्यका विभिन्न विधामा कलम चलाउँछन् । त्यसैले उनको साहित्यिक रचना धर्मिता वा स्रष्टा व्यक्तित्व पनि विभिन्न विधामा फरक-फरक रहेको पाइन्छ । जसलाई निम्नानुसार चर्चा गरिन्छ :

### २.५.१ कवि व्यक्तित्व

बलदेव मजगैयाँको साहित्यिक यात्राको थालनी कविताबाट भएको हो । पद्मोमदय हाइस्कुल भरतपुर, दाङबाट प्रकाशित **ज्योत्सना** पत्रिकामा वि.सं. २०२१ छापिएको **शान्ति** शीर्षकको कविता नै उनको प्रथम रचना हो । उनको कवि व्यक्तित्वलाई चिनाउने कविता कृतिमध्ये हालसम्म एउटा कविता सङ्ग्रह **बेलपत्र**(२०५७) प्रकाशित भएको छ । यस सङ्ग्रहमा काव्यविधाका तीन उपविधाहरू (गीत, कविता, मुक्तक) समावेश गरिएका छन् । मजगैयाँ मूलत : गद्य कवि हुन् । यिनका कवितामा अन्त्यानुप्रास नभएर अन्तरअनुप्रासको निर्वाह भएकाले लयात्मक छन् । “स्वच्छन्दतावादी भावधारामा आबद्ध भएर लेखिएका उनका कवितामा देशप्रेम, मानवतावादी दृष्टिकोण, प्रणय र विरहका भावना, युगीन परिवेशमा देखापरेका विकृति, विसङ्गति जस्ता विषयवस्तुलाई अत्यन्त सरलताका साथ प्रस्तुत भएको पाइन्छ”(कँडेल २०५९:११) । विविध विषयवस्तुलाई सरल र बोधगम्य भाषाशैलीमा कवितात्मक अभिव्यक्ति दिनु उनको प्रमुख प्रवृत्ति हो । आकारका दृष्टिले यिनका कविता लघु कविताकै कोटीमा पर्दछन् । “श्रृङ्गार, वीर, हास्य रसको राम्रो प्रयोग गरिएका कविता सुवोध्य, सुपाच्य र यथार्थवादी धरातलमा अडिएका छन् । साँच्चै भन्दा राजनीतिज्ञ मजगैयाँले आफ्नो कवि व्यक्तित्वलाई आफ्रेलमा पारेको हो कि जस्तो लाग्छ ”(चालिसे २०६७:२३) ।

मजगैयाँको कवितामा पाइने प्रमुख विशेषता देशभक्ति र परिवर्तन प्रतिको चाहना हो । यिनै प्रवृत्ति नै उनको प्रमुख कवि व्यक्तित्व मान्न सकिन्छ । जस्तै :

*शहीदको पाइला छोई सङ्कल्प गर्छौं*
*रगतको भल्को रोकी सेतो कागज कोर्छौं*
*शहीदको बलिदानको इतिहास लेख्नु छ*
*ओखलढुङ्गा र जदुकुहाको इतिहास लेख्नु छ*
*गौरबको इतिहास पौरवको इतिहास लेख्नु छ ।*

(बेलपत्र : ४८)

यस कवितामा मजगैयाँले देश निर्माणमा साहदतप्राप्त सहिदहरू र हाम्रो इतिहासप्रति गर्व गर्नुपर्ने धारणा व्यक्त गरेका छन् । उनका सबै कवितामा यस्ता देशभक्तिको भावना पाइन्छ ।

## २.५.२ गीतकार व्यक्तित्व

बलदेव मजगैयाँको कलम गीति लेखनमा समेत सक्रिय देखिन्छ । उनले वि.सं. २०२४ सालदेखि नै गीति लेखनको सुरुवात गरेका हुन् । उनका राष्ट्रिय गीत तथा आधुनिक गीतहरू नेपाल टेलिभिजन तथा रेडियो नेपालमा रेकर्ड भएका छन् । पञ्चायती कालमा राजाको स्तुतिपरक गीतप्रति असहमत भई उनले व्यक्तिपरक नभई स्वदेश प्रेमले युक्त गीत लेख्न सुरुवात गरेका हुन् (लेखक स्वयम्) । तत्कालीन समयमा निकै लोकप्रिय भएको रेडियो नेपालमा रेकर्ड भएको नातिकाजीको स्वर तथा संगीतमा आवद्ध गीतको एउटा अंश यस प्रकार छ :

*यही हो मेरो रंगीचंगी वनफूलको देश*
*प्रकृतिको मनैसँग मनै पोखिएछ . . .*
*पर्वतका यी श्रृङ्खला कसले गन्न सक्छन्*
*मेरो नेपाल सानो भनी कसले भन्न सक्छन्*

(कँडेल, २०५९ : १२)

यसै गरी वि.सं. २०६२ सालमा म्युजिक नेपालबाट मजगैयाँको **थोरै घाम, थोरैपानी** शीर्षकको गीति एल्वम समेत आएको छ । यसमा यम बराल, रामकृष्ण ढकाल, कुन्ती मोक्तान लगायत ख्यातिप्राप्त गायक-गायिकाहरूको स्वर रहेको छ(लेखक स्वयम्) । उनका स्वदेश गीत वीर रसप्रधान भेटिन्छन् भने आधुनिक गीत संभोग र विप्रलम्भ

श्रृङ्गारसँग सम्बद्ध देखिन्छन् । यहाँ नेपाली जातिको मायाका साथै प्रेमीप्रेमिका आकर्षण र विकर्षणको भाव झल्केको पाइन्छ (चालिसे, २०६७:२१) ।

समग्रमा गीतकार मजगैयाँ स्वदेश गीतमा जति ओजिला पाइन्छन् । क्रमश : आधुनिक गीतमा आइपुग्दा त्यति ओजनदार बन्न सकेका पाइँदैन । उनका प्रणय गीतहरू सामान्य युवा युवतीले जवानीको उन्मादमा विपरितलिङ्गीको आकर्षणमा गुनगुनाउने टुक्राभन्दा माथि उठन् सकेका छैनन् । जस्तै :

*कल्पनामा डुँबु कति बिपना नै भूली*
*लगनको बाटो हेर्दा बित्ने हो कि जुनी*

(बेलपत्र : १४)

## २.५.३ कथाकार व्यक्तित्व

बलदेव मजगैयाँको कलम कथा लेखनमा पनि सक्रिय देखिन्छ । उनका कथाहरू सिर्जनात्मक छन् । उनको पहिलो कथा ‘जमदार साहब’(२०२८) हो (कँडेल, २०५९:१२) । **सङ्कल्प** (२०५४) मजगौयाँको एक मात्र प्रकाशित कथा सङग्रह हो । यस सङ्ग्रहमा ‘आजको मान्छे’, ‘रगत जाँच’, ‘मुक्ति’, ‘नयाँ जमाना’, ‘एउटा प्रेम यस्तो पनि’, ‘बिच्छीको सिरानी’, ‘सीमा’, ‘दृष्टिकोण’, ‘सपना’, ‘सम्बन्ध’, ‘काकु’, ‘छोरी’, ‘जमदारसाहब’ आदि लघु तथा मझौला आयामका १३ वटा कथाहरू प्रकाशित छन् । यी सबै कथाहरूमा खँदिलो विषयवस्तु पाइन्छ । “यिनका कथामा सामाजिक शोषण, दमन, उत्पीडन, अन्याय, अत्याचार, दुराचार, अनैतिकता, विकृति, विसङ्गतिको चित्रण र यस्ता क्रियाकलाप प्रति आक्रोश र चिन्ताप्रकट गरिएको छ”(कँडेल,२०५९:१२) । मजगैयाँले सामाजिक यथार्थलाई कथाको विषयवस्तु बनाएका छन् ।

उनका केही कथाहरू तात्कालीन राजनीतिक परिवेश र निरङ्कुश पञ्चायती व्यवस्थाको दमन र भण्डाफोरमा केन्द्रित छन् । उनका कथामा हाम्रो समाजमा रहेका जातीय तथा लैङ्गिक भेदभाव जस्ता कुराहरूलाई विषयवस्तु बनाइएको छ । उनको ‘छोरी’ शीर्षकको कथा लैङ्गिक भेदभावका विषयमा लेखिएको कथा हो । जुन कथाको एक अंश यस्तो छ -

> *छोरो जन्मिएको जस्तो यतिविधि किन खुसी हुनु पर्‍यो ? डाक्टरले छोरी भयो भनेको सुनिनस् कि बुझिनस् ? छोरी जन्मिएको हो छोरी अबिर र दुबो लगाउन यसपाली पनि तेरो भाग्यमा रहेनछ, के गर्छस् ? (सङ्कल्प : ४४)*

यसरी समकालीन विषमता र सामाजिक विसङ्गतिमा कथा सिर्जना गर्नु नै बलदेव मजगैयाँको कथा रचनाधर्मिता हो ।

### २.५.४ उपन्यासकार व्यक्तित्व

बलदेव मजगैयाँको हालसम्म पाँचवटा उपन्यासहरू प्रकाशित भएका छन् । ती हुन् - **नरमणि** (२०४८), **कुहिरो** (२०५१), **चारु** (२०५४), **विवशता** (२०६२), **मानसी** (२०६३) । "यी मध्ये नरमणि  र चारु  उपन्यासलाई नेपाल टेलिभिजनले टेलिचलचित्र बनाएर प्रसारण गरिसकेको छ (लेखक स्वयम्) । सामाजिक घटनाको चित्रणका साथै कुरीति र विसङ्गतिका विरुद्ध आवाज उठाउनु उनको औपन्यासिक विशेषता हो । उनको **चारु** उपन्यास स्वछन्दतावादी भावधारा अंगाली लेखिएको यथार्थवादी उपन्यास हो । नरमणिलाई आञ्चलिक उपन्यास भन्न सकिन्छ" (चालिसे,२०६७:१७) । मजगैयाँका उपन्यासहरू साना छन् तर विषयवस्तु खँदिला छन् । समग्रमा भन्दा उनका उपन्यासमा सामाजिकता, यथार्थतता, मानवता, नारी अस्तित्व, प्रकृति चित्रण, भावुकता, दार्शनिक र बौद्धिक चिन्तन जस्ता कुराको चित्रण गरिएको पाइन्छ ।

### २.५.५ सम्पादक व्यक्तित्व

बलदेव मजगैयाँले साहित्य सिर्जना र राजनीतिका साथसाथै विभिन्न पत्रिका र पुस्तकहरूको सम्पादन र प्रकाशनको काम पनि गरेका छन् । उनले सम्पादन गरेका पुस्तकहरूमा **बी.पी. विचारबिन्दु** (२०४७), **हाम्रा सांसदहरू** (२०५२), **नेपाली काङ्ग्रेस संसदमा** (२०५४ बुलेटिन) हुन् । यी कृतिहरू तत्कालीन महत्त्वका दृष्टिले उल्लेखनीय छन् । यिनै सम्पादित सामग्रीका आधारमा उनको सम्पादक व्यक्तित्वको परिचय पाउन सकिन्छ ।

## २.६ राजनैतिक व्यक्तित्व

बलदेव शर्मा मजगैयाँको नामले राजनैतिक क्षेत्रमा चिनारी बनाएका मजगैयाँले वि.सं. २०२४ सालमा नेपाल विद्यार्थी युवा लिगको संस्थापक सदस्य बनेर औपचारिक राजनीतिको सुरुवात गरेका हुन् । वि.सं. २०२८ सालमा तरुण दलको सदस्य बनेका मजगैयाँलाई तत्कालीन राज्य व्यवस्थाले राजकाज अपराधको आरोपमा आजीवन कारावासको मुद्दा लगाएपछि उनी भारत निर्वासित भए । प्रवासमा रहँदा उनको भेट राजनीतिज्ञ वी.पी. कोइरालासँग भयो । वी.पी.सँगको भेटले यिनमा पलाएको राजनीतिक चेतनाले अझ बढ्ने मौका पायो । वि.सं. २०३७ सालमा नेपाल आई गृहजिल्ला दाङमा केन्द्रित भई भूमिगत रूपमा राजनीतिक गतिविधिमा सक्रिय भए (लेखक स्वयम्) । यही

क्रममा मजगैयाँले वि.सं. २०२८, २०३६, २०४२ र २०४६, २०६२ सालमा गरी करिव तीन वर्ष जति कठोर जेल जीवन विताएको देखिन्छ (कँडेल,२०५९:१४) ।

मजगैयाँ वि.सं. २०३९ सालमा नेपाली काङ्ग्रेस दाङ्को सचिव, वि.सं. २०४३ सालमा दाङ जिल्लाकै निर्विरोध पार्टी सभापति, वि.सं. २०४९ मा पुनःसभापति, वि.सं. २०५१ र २०५६ सालको संसदीय निर्वाचिनमा दाङ क्षेत्र नं. २ बाट प्रतिनिधि सभा सदस्य निर्वाचित भए । उनी वि.सं. २०५७ सालमा कृषि तथा सहकारी मन्त्री र जलस्रोत मन्त्री समेत बने । राजनीतिलाई पेशा नभई समाजसेवा मान्ने मजगैयाँ नेपाली काँग्रेसको नवौ र दसौ महाधिवेशनबाट केन्द्रीय सदस्य समेत निर्वाचित भएका थिए ( कँडेल,२०५९:१४) ।

वर्तमान समयको राजनीतिबाट केही निष्क्रिय देखिएका उनी विघटित संविधानसभा सदस्य थिए । बलदेव मजगैयाँको राजनीतिक व्यक्तित्व वी.पी. कोइरालाद्वारा प्रतिपादित राष्ट्र, राष्ट्रियता, लोकतन्त्र र समाजवाद प्रति प्रतिबद्ध भएको कुरा उनी बताउँछन् ।

## २.७ विभिन्न सङ्घ संस्थाहरूमा संलग्नता

बलदेव मजगैयाँ विभिन्न साहित्यिक तथा गैरसाहित्यिक (सामाजिक) सङ्घ, संस्थाहरूमा विभिन्न पद तथा भूमिकामा सक्रिय देखिन्छन् । यी संस्थाहरू निम्नानुसार छन् (लेखक स्वयम्) :

| | |
|---|---|
| पूर्व सभासद् | - म.सं.वि.वि. |
| सल्लाहाकार सदस्य | - राप्ती साहित्य परिषद्, दाङ |
| सल्लाहकार सदस्य | - अन्धा कल्याण सङ्घ, दाङ |
| पूर्व सल्लाहाकार सदस्य | - लेखक सङ्घ, दाङ |
| पूर्व सल्लाहाकार सदस्य | - हास्यव्यङ्ग्य समाज नेपाल |
| पूर्व सल्लाहाकार सदस्य | - राष्ट्रिय सहकारी सङ्घ |
| केन्द्रीय सदस्य | - वी.पी. कोइराला अध्ययन प्रतिष्ठान |
| केन्द्रीय सदस्य | - वी.पी. कोइराला ट्रस्ट |
| आजीवन सदस्य | - आख्यान समाज नेपाल |
| सदस्य | - मुक्तिनाथ धार्मिक प्रतिष्ठान |
| पूर्व बोर्ड सदस्य | - वी.पी. कोइराला नेपाल भारत प्रतिष्ठान |

पूर्व बोर्ड सदस्य - वी.पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान

## २.८ मान सम्मान तथा भ्रमण

करिव साढे चार दशकको साहित्यिक यात्राको क्रममा नेपाली साहित्यको सेवा गरे वापत मजगैयाँको विभिन्न मानसम्मान तथा पुरस्कार प्राप्त गरेका छन् (लेखक स्वयम् र कँडेल,२०५९:८) :

१. तारा पन्त पुरस्कार (२०४८)

२. राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३)

३. लालीगुँरास साहित्यकला प्रतिष्ठानद्वारा प्रदत्त अभिनन्दन पत्र (२०५६)

४. नेपाल विदेश क्षेत्रद्वारा प्रदत्त सम्मान पत्र (२०५६)

५. हाँस्ने समाज नेपालद्वारा प्रदत्त सम्मान (२०५६)

६. दीप-गोविन्द समाजद्वारा प्रदत्त सम्मान (२०६२)

७. एन.पी.टी.सी. प्रकाशन गृहद्वारा प्रदत्त विशेष सम्मान (२०६६)

भ्रमणमा विशेष रुचि राख्ने बलदेव मजगैयाँले स्वदेश तथा विदेशका विभिन्न स्थानका भ्रमण गरेका छन् । उनका धेरै जसो भ्रमणहरू राजनीतिक उद्देश्यका लागि गरिएका हुन् । उनले नेपालका अधिकांश जिल्लाका साथै विदेशका हकमा भारत, चीन, बेलायत, अमेरिका फ्रान्स, बेल्जियम, लग्जेम्बर्ग, नेदरल्याण्ड, इजिप्ट, जर्मनी आदि देशको भ्रमण गरेका छन् (लेखक स्वयम्) ।

## २.९ बलदेव मजगैयाँका कृतिमा पाइने विशेषताहरू

बलदेव मजगैयाँ बहुआयामिक व्यक्तित्व हुन् । उनले कविता, गीत, मुक्तक, भजन, कथा, उपन्यास र निबन्ध लगायत विधामा कलम चलाएका छन् । यी सबै विधामा उनका फरक-फरक विशेषता पाइन्छ । कविता, गीत, मुक्तक जस्ता विधामा स्वच्छन्दतावादी प्रवृत्ति पाइन्छ भने उनका आख्यानमा मुख्यतः सामाजिक यथार्थवादी विशेषता पाइन्छ । यी विशेषताका अतिरिक्त उनका सिर्जनामा पाइने विभिन्न प्रवृत्ति एवम् विशेषताहरूलाई निम्नानुसार चर्चा गरिन्छ :

### २.९.१ सामाजिक यथार्थवादी प्रवृत्ति

समाजलाई साहित्यमा प्रतिबिम्बित गरी तद्अनुरूप अभिव्यक्ति दिनु नै सामाजिक यथार्थवादी प्रवृत्ति मानिन्छ । खासोवास सत्य वा वास्तविक कुराको उद्घाटन गर्नुपर्छ भन्ने एक किसिमको कला र साहित्य सम्बन्धी सिद्धान्त नै यथार्थवाद हो

(जोशी,२०६६:३५) । यो यथार्थवाद भित्रकै एक शाखा हो । यस प्रवृत्तिका लेखकहरूले साहित्यलाई समाजको ऐना ठान्छन् । "तत्कालीन समयको वस्तुसत्यलाई समातेर निम्नवर्गीय चरित्रका व्याथा र अभावलाई यथार्थ ढङ्गले तटस्थ भएर समाजको प्रतिबिम्ब साहित्यमा उतार्ने प्रवृत्ति नै सामाजिक यथार्थवादी प्रवृत्ति हो(बराल र एटम, २०६६:९६) ।

बलदेव मजगैयाँले उनका रचनाहरूमा सामाजिक जनजीवन, ग्रामीण समस्या, समाजमा रहेका विभेदहरूलाई ज्वलन्त रूपमा प्रस्तुत गरेका छन् । विशेषगरी उनका आख्यानात्मक कृतिहरूमा सामाजिकताको उदाहरण पाइन्छ । "नेपाली लघु कथा समेतको झल्को दिने **सङ्कल्प** कथा सङ्ग्रहभित्रका कथाहरू यथार्थवादी धरातलकै घतलाग्दा नमुनाको रूपमा आएका छन् । उनको **चारु** उपन्यास पनि स्वछन्दतावादी भावधारा अङ्गाली लेखिएको यथार्थवादी उपन्यास नै हो । **कुहिरो** उपन्यासमा नेपाली समाजको यथार्थवादी चित्रलाई उतार्ने काम भएको छ"(चालिसे,२०६७:१७) । उनको सम्बन्ध शीर्षकको कथामा हाम्रो समाजमा विधुर पुरुषहरूले भोग्नु पर्ने पीडालाई यथार्थपरक ढङ्गले प्रस्तुत गरिएको छ । उक्त कथामा हाम्रो सामाजिक परिवेशले विधवालाई मात्र महत्त्व दिएको तर विधुरहरूलाई उपेक्षा गरिएको यथार्थलाई यसरी व्यक्त गरिएको छ :

> *"वार्षिकीमा आएर गएपछि दिदी छ महिनापछि पुन आउनु भएको थियो । त्यस दिन नवीन माथि बरन्डामा बसेर घर हिंडेकी दिदीको सेतो पहिरनमा एकोहरो हेरिरहेको थियो । उसलाई लाग्यो समाजले विधुरहरूको स्वभावलाई कहिल्यै महत्त्व दिएन । त्यसैले त विधवाले जस्तै विधुरहरूका पीडाका बारेमा उपन्यास, कथा, काव्य रचिँदैन । मैले एक महिनामा छोरी बुहारीबाट पाएको अपहेलना एउटा करुण उपन्यास बन्न सक्दैन ? त्यो अनुभव मेरा लागि अकल्पनीय थियो । के बाबुछोरा बीचको नाता यति सस्तो र स्वार्थी हुन सक्छ ?" (सङ्कल्प : ३८) ।*

यसरी हेर्दा मजगैयाँका पात्र, ती पात्रसँग घट्ने घटना, तिनीहरूको परिवेश, विषयवस्तु हाम्रै समाजबाट टिपिएका छन् । त्यसैले उनी सामाजिक यथार्थवादी साहित्यकार हुन् ।

## २.९.२ आलोचनात्मक यथार्थवादी प्रवृत्ति

सामाजिक घटनाहरूलाई आलोचनात्मक तवरले साहित्यमा उतार्नु आलोचनात्मक यथार्थवादी प्रवृत्ति हो । यो सामाजिक यथार्थवादी र यथार्थवाद अन्तर्गतकै प्रवृत्तिगत भिन्नता हो । यस प्रकारको साहित्यमा सामाजिक अराजकता, शोषण, कुरीतिप्रति आलोचना गरिएको हुन्छ । "आलोचनात्मक यथार्थवाद यथार्थवादकै एउटा रूप भएता

पनि यसमा लेखक तटस्थ नभई आलोचनात्मक द्रष्टाका रूपमा सक्रिय हुन्छ"(शर्मा र लुइँटेल,२०६१:३०२) ।

बलदेव मजगैयाँका कृतिहरू यिनै सैद्धान्तिक धरातलमा रचना भएका पाइन्छन् । उनको **सङ्कल्प** कथासङ्ग्रहभित्रको 'छोरी' शीर्षक कथालाई आलोचनात्मक यथार्थवादी रचनाको नमूना मान्न सकिन्छ । यस कथामा नेपाली समाजमा रहेको छोरी प्रतिको लैङ्गिक विभेदको आलोचना गरिएको छ । जस्तै :

> *"जीवनबाबु तिमी ठान्छौ, छोरा नभएर कुलको डोरी चुँडिन्छ । स्वर्ग जाने सिंढी ठल्छ । तिमीलाई नर्कमा भासिने त्रास छ । म के ठान्छु भने यसरी नै बढ्दो जनसंख्याको चापलाई बेवास्ता गर्दै गयो र छोरा तथा स्वर्गको आकाङ्क्षामा दर्जनौ सन्तान थपिँदै गएभने गएका कूलको होइन आउनेवाला कूलको बाटो पक्कै छेकिने छ । आज नारी जातिले भोग्नु पर्ने प्रशव पीडालाई सन्तान प्राप्तिको खुसीमा जसरी गौण र अवमूल्यन गरिन्छ, यो सरासर अन्याय हो । दर्जनौ बच्चा जन्माउने नारी जातिको स्वास्थ्य रोग एवम् मृत्युदरको वास्तविकता जनसमक्ष ल्याउनु पर्छ । लोग्नेको इच्छा नै नारी जातिको धर्म र जुनी हो भन्ने तिम्रो जस्तो पुरातन धारणा र रहँदासम्म हाम्रो समाज अपाङ्ग र अधुरो रहने छ ।*"(सङ्कल्प : ४५)

यसरी नै उनको **मानसी** उपन्यासमा पनि आलोचनात्मक प्रवृत्ति पाइन्छ । मानसीमा पुरुषवादी सोचलाई आलोचना र नारीमुक्तिको आवाजलाई समर्थन गरिएको छ । त्यसैले आलोचनात्मक यथार्थवाद बलदेव मजगैयाँको कृतिगत प्रवृत्ति हो ।

## २.९.३ स्वच्छन्दतावादी प्रवृत्ति

साहित्यमा प्रकृति चित्रण, मानवीय समवेदना र संवेगहरूको स्वतन्त्र र स्वच्छन्द रूपमा व्यक्त गरिने प्रवृत्ति स्वच्छन्दतावादी प्रवृत्ति हो । यस्ता साहित्यमा ग्रामीण जीवन, वनजङ्गल, खोलानाला, मायाप्रेम, नारी सुन्दरता र सुलभता जस्ता विषयवस्तुलाई प्रस्तुत गरिएको हुन्छ । "स्वच्छन्दतावादको मूल स्वर भावुक र काल्पनिक उडान हो" (डी.सी.,२०५३:५२) ।

बलदेव मजगैयाँका रचनामा पनि स्वच्छन्दतावादी प्रवृत्ति पाइन्छ । यो प्रवृत्ति विशेष गरी उनका गीत, कविता र मुक्तकमा पाइन्छ । उनका कथा र उपन्यासमा पनि ठाउँठाउँमा प्रकृति चित्रण र भावुक प्रस्तुति देखिन्छ । "उनको **चारु** उपन्यास स्वच्छन्दतावादी भावधारा अङ्गाली लेखिएको यथाथवादी उपन्यास हो"(चालिसे,

२०६८:१८) । उनका सबै गीतिरचनाहरू स्वच्छन्दतावादी भावधारामा रचना गरिएका छन् । जस्तै :

*साउनको जून जस्तै कहिले काँही उदाइदिने*
*अरु दिन बादलुको संसारमा भुलिदिने ।*
*तिम्रो माया फेवातालको माछापुच्छ्रे छायाँ रहेछ*
*तिम्रो माया हाँस्ने रुवाउने घामपानीको चाला रहेछ ।*

(बेलपत्र : १२)

यस गीतमा प्रकृति र प्रेम-प्रणयलाई विषय बनाइएको छ । यसरी नै उनको **चारु** उपन्यासमा पनि स्वच्छन्द भाव पाइन्छ । जस्तै :

*"त्यसैबेला चन्द्रमालाई पातलो बादलले छेक्न पुग्यो । चाँदनीको मधुरो प्रकाशमा बाबाको त्यस कुटीमा उभिएका दुई मानव आकृति देखिए ती क्षण भरमै आपसमा एककार भए । त्यसैबेला पूर्व दिशाबाट आएको बादलले चन्द्रमालाई पुरै ढाक्यो । फेरि केहीक्षणमै बादल फाटेर गयो"(चारु : ५३) ।*

यस अनुच्छेदमा पनि बाबा (शङ्कर) र चारुको समागमलाई बादल र चन्द्रमाको परिवशेमा व्यक्त गरिएको छ । यिनै र यस्तै प्रवृत्ति उनका रचनामा पाइन्छ । त्यसैले उनी स्वच्छन्दतावादी स्रष्टा हुन् ।

## २.९.४ मानवतावादी प्रवृत्ति

स्वतन्त्रता, समानता र भातृत्वमा जोड दिने तथा संसारका मान्छेले सुखसँग बाँच्न पनउनु पर्छ भन्ने धारणा नै मानवतावाद हो । बराल र एटम(२०६६:४७) ले मानवजीवनको मूल्य स्वीकार गर्नु र कल्याण चाहनु नै यसका महत्त्वपूर्ण विशेषता हुन् भनेका छन् । मजगैयाँ मानवतावादी सन्देश दिने साहित्य सिर्जना गर्ने स्रष्टा हुन् । उनका रचनामा मानवताको सन्देश पाइन्छ । उनका सबै विधाका रचनामा मानवीय भावना समेटिएको पाइन्छ । "उनको स्वेदश गीतहरू जातिपाति, छुवाछुत, लिङ्ग, वर्ण, सम्प्रदाय आदि विभेदहरू प्रति असहमति प्रकट गर्दछन्"(चालिसे,२०६७:२१) । जातीय भेदभावको विरोध गरिएको मानवतावादी गीतको एक अंश यस प्रकार छ :

*छुवाछुत जातपात*
*हाम्रा अभिशाप*
*नहटाइ बन्ने छैन*
*गौरवशाली हाम्रो समाज ॥*

(बेलपत्र:८)

त्यसैगरी उनका 'सम्बन्ध', 'छोरी', 'आजको मान्छे' जस्ता कथाहरूमा पनि मानवतावादी भाव पाइन्छ ।

## २.९.५ अस्तित्ववादी प्रवृत्ति

मानिसको जीवन सङ्घर्षपूर्ण छ । ऊ सङ्घर्षका बिचमा पनि आफ्नो अस्तित्व सुरक्षित राख्न चाहन्छ । यही धारणा नै अस्तित्ववाद हो । मानिसको जीवन विसङ्गतै विसङ्गतले भरिपूर्ण छ तर पनि मानिस अस्तित्वका लागि बाँच्न विवश छ भन्ने चिन्तन नै अस्तित्ववादी चिन्तन हो । "मान्छेलाई उसको इच्छाविना नै यस निरर्थक र असंयोजित संसारमा आउनु पऱ्यो । बाँच्नका लागि जीवनभर सङ्घर्ष गर्नुपर्छ र इच्छा विपरीत नै मर्नु पर्छ । यस्तो जीवनलाई निरूपाय अवश र निरर्थक मानेर यसलाई महत्ता वा मूल्य प्रदान गर्ने चेष्टा तथा दृष्टिकोण अस्तित्ववादमा संरक्षित छ" (प्रधान, २०६१:१८८) ।

विशेष गरी बलदेव मजगैयाँका उपन्यासहरूमा अस्तित्ववादी चेतना सबल पाइन्छ । **मानसी** उपन्यास अस्तित्ववादी चेतनाले भरिपूर्ण भएको कृति हो । यस उपन्यासमा नारी अस्तित्वको विषयलाई सशक्त रूपले उठाइएको छ । एउटी नारीले आमा हुन पाउनु उसको जन्मसिद्ध अधिकार हो भन्ने कुरालाई उपन्यासमा देखाइएको छ । उपन्यासकी नायिका मानसीले आफ्नो पूर्वप्रेमी हर्षबाट सन्तान जन्माउनुलाई नारी अस्तित्वको सशक्त उदाहरणका रूपमा लिन सकिन्छ । आफ्नो विवाहित पतिबाट लामो समयसम्म सन्तान नभए पछि मानसीले सन्तानका लागि हर्षसँग गरेको याचनाले नारीको पूर्ण अस्तित्व आमा हुनुमा छ भन्ने कुरा देखाएको छ । जस्तै :

> *"मानसीले हठ गर्दै भनी "तिमीहरूले योग्यता अयोग्यता परीक्षण गर्ने अशली प्रयोगशाला हामी हौँ । धतीको उर्बरता र बीजको शक्ति एक आपसको समिश्रणको नै प्रमाणित गर्छ । फेरि मलाई तिम्रो अचेतनको अतृप्तिले दिएको श्रापलाई सोही अवस्थाको तृप्तिबाट मुक्त गराउनु छ । नियोगको कुरा त पापको दुविधा हटाउनको निमित उठाइएको शास्त्रीय अस्त्र हो । हर्ष ! तिमीले सहयोग गरे म आमा बनेर बाँच्न सक्छु, यो मेरो नारी विश्वास हो"* (मानसी:७४) ।

माथिको अनुच्छेदमा अस्तित्ववादी चिन्तनले सजीवता पाएको छ । त्यसैले बलदेव मजगैयाँ अस्तित्ववादी प्रवृत्ति भएका उपन्यासकार हुन् ।

## २.९.६ विसङ्गतिमूलक चिन्तनको प्रस्तुति

आफूले नचाहेको भोग्नु पर्ने, जे जे हुनु पर्ने त्यो नभई अर्कै हुनु जस्ता असङ्गतिपूर्ण कुरा नै विसङ्गति हो । "असङ्गति र विसङ्गति नै जीवनजगत्को मूलभूत

कुरा हो भन्ने मान्यता वा सिद्धान्तलाई विसङ्गतिवाद भनिन्छ । अझ विसङ्गतिवादले त यो समस्त जीवन जगत नै फजुलै फजुल, वाहियातै वाहियात, निरर्थकै निरर्थक, निस्सारै निस्सार कामकुराद्वारा भरिएका देखिन्छ"(जोशी,२०६६:१०४) । बलदेव मजगैयाँका कृतिहरूमा पनि विसङ्गतिमूलक प्रस्तुति पाइन्छ । उनको **बेलपत्र** सङ्ग्रहमा सङ्ग्रहीत केही कविताहरूमा विसङ्गतिपूर्ण विषयलाई समेटिएको छ । उदाहरणका लागि 'पजेरोधाम' शीर्षकको कवितालाई लिन सकिन्छ । जस्तै :

*बाबाधाम चारधाम पुग्नु थियो जनताधाम*

*के काम गरिएछ यस्तो ? पुगियो पजेरोधाम ॥*

*दिनदशा बिग्रेको हो की ? या बिग्रिए ग्रह तमाम ?*

*के काम गरिएछ यस्तो ? पुगियो पजेरोधाम ॥*

(बेलपत्र:१५)

यस कवितामा जनताको सेवागर्ने कसम खाएका नेताहरू आफ्नै स्वार्थमा डुबेका र पजेरो संस्कृतिमा रमाएको कुरालाई व्यङ्ग्यात्मक तवरले प्रस्तुत गरिएको छ । उनका उपन्यासहरूमा पनि विसङ्गतिमूलक घटनाका प्रस्तुतिहरू पाइन्छ । कुहिरो उपन्यासमा सिधासादा गाउँले केटी 'जुनेली' बेचिनु, मृत्यु हुनु आदि घटनाहरू विसङ्गत लाग्छन् । सोही उपन्यासका सहायक पात्र कमल र उसकी बहिनीको यो छोटो संवादलाई विसङ्गतिको राम्रो उदाहरणको रूपमा लिन सकिन्छ ।

*"के बेचेर ल्याइस् त बहिनी तैले आज यो अनमोल वस्तु ?"*

*बहिनले मेरो अभिनय गरेर भनी 'दाजु आज यो स्म्याक धेरै महँगो पऱ्यो' मैले दाजुका लागि यो स्म्याक आफैँलाई बेचेर ल्याएकी पचास रूपैयाँमा . . .*

*मैले त्यसबेला बहिनीलाई 'स्यावास बहिनी' भनी अङ्कमाल गर्न पुगेँ ।* (कुहिरो:५३)

आफ्नो कुलतको धित मेट्न आफ्नी बहिनीको अस्मिता समेत बिक्री गरेको चरम विसङ्गतिपूर्ण घटनालाई यहाँ प्रस्तुत गरिएको छ । मजगैयाँका अन्य रचनामा पनि यस्ता विसङ्गतिमूलक प्रस्तुति र चिन्तन पाइन्छ ।

### २.९.७ नारीवादी चेतना

"पाश्चात्य साहित्यमा विकसित उत्तरआधुनिकतावादभित्र देखिएको नारीवादी चेतनाले नारी जातिको हक, अधिकार, अवसर आदिका बारेमा वकालत गरेको छ (जोशी,२०६६:९५) ।" नारीवादी मान्यताले पुरुषसत्ताद्वारा स्थापित मान्यतालाई अस्वीकार गर्दछ । नारीको वास्तविक पहिचान र अस्तित्वका खातिर साहित्यमा नारीवादी स्वरहरू मुखरित गरिएको हुन्छ । "नारी केन्द्री परिप्रेक्ष्यबाट नारीका हक, हित र समानताको पक्षधरतालाई नारीवाद भनिन्छ"(शर्मा र लुइँटेल,२०६१:३७१) ।" बलदेव मजगैयाँका साहित्य सिर्जनामा पनि प्रशस्त नारीवादी चेतना पाइन्छ । खासगरी उनका कथाहरू 'छोरी', 'एउटा प्रेम यस्तो पनि', 'काकु', 'दृष्टिकोण' आदि नारीकेन्द्री विषयवस्तुमा लेखिएका कथा हुन् । त्यसैगरी उनका **चारु**, **कुहिरो**, **विवशता**, **मानसी** उपन्यासमा पनि नारी आवाजलाई मुखरित गर्ने काम भएको छ । **चारु** उपन्यासमा पुरुषको पतनको कारण नारी होइन, नारीले त सधैं पुरुषको सफलतामा साथ दिएको हुन्छ भन्ने कुरालाई मूल विषयवस्तु बनाइएको छ ।

**मानसी** सशक्त नारीवादी उपन्यास हो । यस उपन्यासको सुरुवात नै पौराणिक र ऐतिहासिक कालमा नारीहरूले देवी र सतीका नाममा हेपिनु र दबिनु परेको प्रसङ्गबाट भएको छ । जस्तै :

> *"सतीप्रथाको युग प्रारम्भ भएको त्यो बेला सम्भवत : पुरुषप्रधान समाजको चरमोत्कर्षको युग थियो । सतीको नाममा नारी जातिलाई जिउँदै जलाउने पुरुषहरूको त्यो दानवीय कालखण्ड थियो । आफू सभ्य र कुलीन देखिन जिउँदै जलाइएका नारीहरूलाई धर्मको जलप लगाएर 'देवी' को ईश्वरीय पदवी प्रदान गरियो । आफ्नै जननीलाई जिउँदै जलाई त्यसैमा गर्व गर्ने पुरुष जातिको चरम क्रुरतालाई बुझ्न हामीले सिङ्गो युग नै पर्खनु पर्‍यो " (मानसी : १) ।*

**मानसी** उपन्यासमा उठाइएका नारी अस्तित्व, उसका जैविक आवश्यकता, मातृत्वको चाहना, पतिवरणमा स्वतन्त्रता जस्ता सोचहरू नारी स्वतन्त्रता र अस्तित्वका दृष्टिले महत्त्वपूर्ण छन् (ज्ञवाली,२०६७:८०) । यिनै कारणले मजगैयाँलाई नारीवादी उपन्यासकार मान्न सकिन्छ ।

### २.९.८ यौनमनोविज्ञानको प्रयोग

व्यक्तिका अन्तःकरणमा दबेर रहेका यौन चाहना, विपरीत लिङ्गीप्रतिको आकर्षण आदिलाई साहित्यको माध्यमबाट उजागर गरिन्छ । यसलाई यौनमनोवैज्ञानिक प्रयोग

भनिन्छ । यौनमनोविज्ञान सिद्धान्तका प्रतिपादक सिग्मण्ड फ्रायड हुन् । यस सिद्धान्तका नेपाली साहित्यका प्रथम प्रयोक्ता विश्वेश्वरप्रसाद कोइराला हुन् । "बलदेव मजगैयाँ पनि कोइरालाबाट विशेष प्रभावित भएकाले उनका कृतिमा पनि यौनमनोविज्ञानको प्रयोग पाउनु स्वभाविक हो" (लेखक स्वयम्) । खासगरी उनका कथा र उपन्यासमा यौनिक प्रयोग पाइन्छ । "उनले उपन्यासका पात्रको मनको वासनाको तहलाई उप्काएर यौनका जटिल समस्याहरूलाई प्रस्तुत गरेका छन्"(निरौला,२०६६:४७)। उनको **विवशता** उपन्यासमा राधाले आफ्नो यौनेच्छा पुरा गर्न पूर्वप्रेमीसँग अवैध सम्बन्ध राख्नु, किशोरी विपनाले लुकिलुकी हेर्नु, विपनाको मनमा यौनको बारेमा कौतुहलता जाग्नु र नोकर रामुसँग यौनसम्बन्ध राख्नु आदि घटनालाई यौन चाहना र त्यसको क्षतिपूर्तिसँग सम्बन्धित मान्न सकिन्छ । किशोरीहरूको मनमा रहेको यौनमनोविज्ञानलाई विवशता उपन्यासमा राखिएको छोटो संवादको प्रसङ्गलाई हेर्न सकिन्छ । जस्तै :

> *"विपनाले सोधी "रामु लोग्ने मानिस र स्वास्नी मानिससँगै सुतेर के गर्छन्?"*
>
> *विपनाको प्रश्नले रामु झस्कियो र डाडुमा तताइ राखेको तेल आगोमा पोखिन पुग्यो । धप्प आगोको ज्वाला दन्किन पुग्यो ।*
>
> *यो देखेर विपनाले भनी "कस्तो मान्छे एउटा दाल झान्ने ढङ्ग पनि छैन । कत्रो आगो दन्कियो झण्डै घर जलाएको"*
>
> *राजुले मनमनै सोच्यो "विपना तिमीले त तेल पोखिएर बलेको आगो मात्र देख्यौ, जो निभीसक्यो तर मेरो मनमा जो आगो दन्केको छ, त्यो कसरी निभ्ने हो थाहा छैन ।"*
>
> *रामु चुप लागेको थियो । उसले यसको जवाफ देओस् भने के देओस् ! तर विपनाले उसलाई हल्लाउँदै भनी, "भन न किन सुत्छन् ?" यस पटक रामुको मुखबाट निस्कियो "यसका लागि त त्यस्तै गरेर हेर्नै पर्छ ।" विपनाको मनमा भएको कुरा स्वभाविक रूपमा भनिदियो । "त्यसो भए आज राती दश बजे तिमी मेरो कोठामा आउ है "* (विवशता, ७७) ।

यसैगरी **मानसी** उपन्यासमा पनि प्रशस्त अतृप्त नारी तथा पुरुष यौनमनोविज्ञानलाई समेटिएको छ । "उपन्यासकी नायिका मानसीले आफ्नो पति विनयबाट सन्तुष्ट नभई आफ्नो प्रेमी हर्षबाट यौन तृप्तता प्राप्त गरेकी छे" (पाण्डे,२०६४:४५) यिनै कारणले बलदेव मजगैयाँका कृतिका विशेषताको रूपमा यौन मनोविज्ञानलाई लिन सकिन्छ ।

## २.९.९ देशभक्तिपूर्ण भावना

बलदेव मजगैयाँका सिर्जनाहरूमा नेपाल र नेपालीका गौरवका गाथा पाइन्छ । उनका गीत, कविता, मुक्तकमा नेपाली र नेपालको उन्नति र प्रगति चिन्ता र चासो व्यक्त गरिएका छन् । जस्तै :

*मेचीदेखि कालीसम्म*

*बनाउँ अब रम्मझम्म*

*हातेमालो गरिकन*

*पुगौँ अव हिमालसम्म*

*प्रगतिको युग आयो, नेपालको मुहारमा*

*हेर बल्ल लाली छायो ।*

(बेलपत्र:४)

रेडियो नेपालबाट बज्ने यो स्वदेश गीतमा जस्तै उनका कविताहरूमा पनि स्वदेश प्रेम पाइन्छ । राजनीतिक घटनाक्रमलाई विषय बनाएर लेखिएको **कुहिरो** उपन्यासको नायक अनिलले व्यक्त गरेका भावना देशभक्तिपूर्ण छन् । त्यसैले देशभक्तिपूर्ण भाव व्यक्त गर्नु मजगैयाँको प्रमुख प्रवृत्ति हो ।

## २.९.१० सरल भाषाशैलीको प्रयोग

बलदेव मजगैयाँले आफ्नो रचनामा सरल एवम् सरस भाषाको प्रयोग गरेका छन् । "सरल एवम् सहज शैलीमा रोचक ढङ्ले विषयलाई प्रस्तुत गर्नु, छोटो छरितो अभिव्यक्तिमै व्यक्त गर्न चाहेको कुरा बुझाउन सक्नु मजगैयाँका प्रवृत्तिगत विशेषताहरू देखिन्छन्" (चालिसे,२०६७:१८) । उनका कविता र गीतहरू पनि दुर्बोध्य नभई सुबोध्य र अभिधामूलक नै हुन्छन् । जस्तै :

*पाटी र पौवा गुम्बाको भूमि*

*हाय सती ! भन्दै शिव घुमी घुमी*

*जन्माएर जहाँ राग रागिनी*

*किराँतेश्वरको यो राजधानी*

(बेलपत्र:३१)

उनको आख्यानात्मक कृतिको भाषा पात्रको स्तरअनुसारको छ । उनकी अशिक्षित पात्र जुनेली (कुहिरो) र शिक्षित सहरिया पात्र मानसी (**मानसी**) ले बोल्ने भाषा फरक छ । जुनेलीले बोल्ने भाषा ग्रामीण परिवेश सुहाउँदो छ । जस्तै :

> *के ट्वाल्ल खाउँला जस्तो गरी हेरेको ? मलाई हैन यो अम्बा खाउ । हेर यी घरपालुवा होइनन् जङ्गली हुन जङ्गली क्या रसिला छन् ।"* (कुहिरो:२९)

त्यसरी नै मानसीले बोल्ने भाषामा दार्शनिकता र बौद्धिकता देखिन्छ । जस्तै :

> *मानसीले भनी, "कतिपयले त असामान्य अपराधी मनोवृत्तिका व्यक्तिलाई पनि प्रेम गरेको प्रभावित भएको देखिएको छ । सहानुभूति वश भावनामा बगेर अन्धा, पागलसँग पनि गहिरो प्रेम गर्न पुगेका तमाम उदाहरणहरू भेटिन्छन् ।" (मानसी : १२)*

यसरी हेर्दा सरल भाषाशैलीको प्रयोग मजगैयाँको भाषिक प्रवृत्ति हो ।

बलदेव मजगैयाँ दाङ, बिजौरीको मध्यम वर्गीय शिक्षित परिवारमा वि. सं. २००७ सालमा जन्मिएका हुन् । उनको साहित्य यात्राको थालनी कविताबाट भएको हो । उनले हालसम्म कविता, गीत, मुक्तक, कथा, उपन्यास आदि विधामा कलम चलाएका छन् । उनका पुस्तकाकार, कृतिकारूपमा एउटा कवितासङ्ग्रह **बेलपत्र**(२०५७), एउटा कथासङ्ग्रह **सङ्कल्प**(२०५३) र पाँचवटा उपन्यासहरू क्रमशः **नरमणि**(२०४८), **कुहिरो**(२०५७), **चारु**(२०५४), **विवशता**(२०६२), **मानसी**(२०६३) प्रकाशित छन् । यसरीहेर्दा उनको साहित्य सिर्जनाको महत्त्वपूर्ण पाटो उपन्यास देखिन्छ । उच्च शिक्षा हाँसिल र राजनीतिक निर्वाशनको समयमा भारतको बनारसमा रहँदा उनको भेट राजनीतिज्ञ तथा साहित्यकार विश्वेश्वरप्रसाद कोइरालासँग भयो । मजगैयाँ आफ्नो राजनीतिक आदर्श र साहित्य लेखन दुबै कुरामा उनै कोइरालाबाट प्रेरित र प्रभावित भएको कुरा स्वीकार गर्दछन् । विशेष रूपमा उनका उपन्यासहरू कोइरालाका उपन्यासबाट प्रेरित र प्रभावित देखिन्छन् । मजगैयाँको साहित्यिक र राजनीतिक दुवै व्यक्तित्व समाजबाट असमानता र विभेद हटाएर समतामूलक समाज स्थापना प्रति परिलक्षित पाइन्छ । उनले आफ्ना प्रायः सबै सिर्जनामा सामाजिक विकृति र विभेद जस्ता विषयको उठान गरेका छन् । उनका रचनाहरू सामाजिक यथार्थको परिधिमा रचना गरिएका छन् । आलोचनात्मक यथार्थवाद, स्वच्छन्दतावाद, नारीवादी दृष्टिकोण, अस्तित्व र विसङ्गति, देशभक्तिको भावना आदि जस्ता मुख्य प्रवृत्ति र विशेषता उनका साहित्यमा पाइन्छ । सरल र सहज भाषाशैलीको प्रयोग उनका साहित्यको भाषागत विशेषता हो । संक्षेपमा भन्दा बलदेव मजगैयाँ सामाजिक यथार्थवादी साहित्यिक व्यक्तित्व र लोकतान्त्रिक राजनीतिक व्यक्तित्व हुन् ।

परिच्छेद तिन

# औपन्यासिक तत्त्वका आधारमा 'मानसी'उपन्यासको विश्लेषण

## ३.१ परिचय र स्वरूप

उपन्यास संस्कृतबाट आएको तत्सम शब्द हो । शाब्दिक व्युत्पत्ति केलाउने हो भने उपन्यास शब्द 'अस्' धातुमा उप र नि उपसर्ग तथा 'घञ्' प्रत्यय लागेर बनेको देखिन्छ । (उप + नि + अस + घञ्) 'उप' भनेको नजिक र 'न्यास' भनेको राख्नु हो । यसरी उपन्यासको शाब्दिक अर्थ कुनै वस्तुलाई कसैका समीपमा राख्नु हो । उपन्यास शब्दले नेपाली साहित्यको ललित गद्यकाव्यको आख्यानात्मक विधालाई सङ्केत गर्दछ । संस्कृतमा उपन्यासलाई प्रसङ्ग र प्राक्कथनका रूपमा पनि प्रयोग गरिएको पाइन्छ (थापा,२०६६:११९) ।

"उपन्यास शब्द संस्कृतबाट लिइएको भए पनि आज नेपालीमा यो शब्दले आफ्ना पुराना अर्थहरूसँग सम्बन्ध विच्छेद गरेर अंग्रेजी Novel सँग साइनो गाँसेको छ । पाश्चात्य साहित्यमा प्रचलित Novel को पयार्यका रूपमा नेपाली साहित्यमा 'उपन्यास' शब्दको प्रयोग भएको हो । Novel शब्द इटालेली भाषाको Novella बाट व्युत्पत्ति भएको हो जसको अर्थ अलिकति नयाँ भन्ने हुन्छ । Novella शब्द चाहिँ ग्रिसेली भाषाको 'नयाँ' अर्थ दिने Novus शब्दबाट निर्माण भएको हो । यसरी पाश्चात्य साहित्यमा उपन्यासलाई नयाँ विधामा हेरिन थालेको देखिन्छ । आजको साहित्यिक परिवेशमा लोकप्रिय तथा जीवनलाई सर्वोत्कृष्ट रूपमा आत्मसात गर्न सक्ने विधाका रूपमा उपन्यास चर्चित रहेको छ (बराल र एटम,२०६६:३) ।

उपन्यासको लेखन तथा प्रकाशन हुन थालेपछि यसको व्याख्या विश्लेषण तथा समालोचना पनि हुन थाल्यो । यिनमा निहीत विशेषताहरूलाई आधार बनाएर पचिरय तथा परिभाषा दिने क्रम पनि प्रारम्भ भयो । उपन्यास आधुनिक साहित्यको वृहत्तर विधा भएकाले यसलाई परिभाषाका दृष्टिले निश्चित सीमामा बाँध्न त सकिन्न । उपन्यासका सम्बन्धमा विभिन्न विद्वानहरूले दिएका केही परिभाषा यहाँ उल्लेख गरिन्छ :

- भरतमुनिले कुनै अर्थलाई युक्तियुक्त प्रस्तुत गर्नु नै उपन्यास हो भनेका छन् (थापा,२०६६:११९) ।
- M.H.Abram ले विस्तारित गद्याख्यानको साझा विशेषता भएका सबैखाले कृतिहरूलाई उपन्यास भनेका छन् (बराल र एटम,२०६६:६) ।

- E.M. Foster ले हालको जटिल एवम् सङ्कटग्रस्त सामाजिक, धार्मिक, राजनीतिक, आर्थिक आदि संस्कारद्वारा पीडित मानवजातिको एउटा प्रतिनिधिमूलक अभिव्यक्ति नै उपन्यास हो भनेका छन् (बराल र एटम्, पूर्ववत्) ।
- डा.मोहनहिमांशु थापाले उपन्यास गद्यमा लेखिएको त्यस्तो आख्यानात्मक रूप हो, जसमा मानवजीवनको विराट रूप र आफ्नो युगीन परिवेशको प्रस्तुति हुन्छ भनेका छन् (थापा,२०६६:१२१) ।
- राजेन्द्र सुवेदीले पूर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनेका छन् (सुवेदी,२०५३:८) ।

उपन्यासका संरचक तत्त्वहरू तथा कलापक्षका र मूल्यनिर्णयका विविध रूपहरू प्राप्त गर्नका लागि विभिन्न विद्वानहरूले दिएका माथिका परिभाषा एवम् टिप्पणीहरू सहायक त हुन्छन् तर यी परिभाषाले दिएका सङ्केतहरू भने आधुनिक उपन्यासका सन्दर्भमा सधैं प्रयाप्त हुन्छन् भन्न चाहिँ सकिँदैन । सधैं परम्परागत बाटामा मात्र नहिँडी उपन्यासले यस्ता परिभाषाका मर्मलाई च्यातेर अघि बढ्ने कार्य गरिरहेको छ । विधा भञ्जन, अउपन्यास, अधिउपन्यास जस्ता नयाँ औपन्यासिक प्रवृत्तिहरूले पुराना स्थापित मान्यतालाई तोड्दै गएका छन् ।

माथि दिएका परिभाषाहरू र हिजोआज लेखिने गरेका प्रयोगात्मक उपन्यासका लक्षणहरूलाई आधार बनाई उपन्यासलाई निम्न किसिमको परिभाषा गर्न सकिन्छ : “मानव समाजसँग सम्बन्धित विविध सत्यलाई कलात्मक रूपमा अभिव्यक्त गर्ने आवश्यक लम्बाई भएको गद्याख्यानलाई उपन्यास भनिन्छ ।”

## ३.२ उपन्यासका तत्त्वहरू

उपन्यासको रचनामा विभिन्न तत्त्वहरूको समायोजन हुन्छ, जसको समुचति योग र अन्तर्मिश्रणमा नै उपन्यासले स्पष्ट स्वरूप प्राप्त गर्दछ (बराल र एटम,२०६६:२०) । उपन्यास रचनाका तत्त्व वा उपकरणहरूको सम्बन्धमा सबै समालोचकहरू एकमत छैनन् । ती मध्ये बहुसङ्ख्यकले उपन्यास रचनाका लागि महत्त्वपूर्ण मानेका तत्त्वहरूलाई यहाँ क्रमशः **मानसी** उपन्यासको सादृश्यतामा चर्चा गरिन्छ ।

### ३.२.१ कथावस्तु

उपन्यासमा कथावस्तुको स्थान महत्त्वपूर्ण मानिन्छ । उपन्यासकारहरूले कथावस्तुलाई उपन्यासको प्राणको रूपमा लिएका छन् । “उपन्यास निर्माण गर्ने आधार कथा हो र कथा भन्नासाथ समयको श्रृङ्खलामा व्यवस्थित गरिएका घटना (Event) हरूको कथन भन्ने बुझिन्छ”(बराल र एटम,२०६६:२१ ।

**मानसी** उपन्यासको कथावस्तुको बनोट निम्नलिखित स्वरूपको देखापर्दछ :

**प्रथम खण्ड**

यस खण्डमा हर्ष, विनय र मानसीको बीचमा उनीहरूको कलेजमा हुन लागेको निबन्ध प्रतियोगिताको चर्चा हुन्छ । यस सन्दर्भमा मानसीले पुरुषप्रधान समाजलाई 'दानवीय कालखण्ड' को रूपमा चित्रण गर्दै आफ्ना तर्क राखेको र हर्षसँग हात समातेर घरतर्फ लागेको प्रसङ्ग उल्लेख छ ।

**द्वितीय खण्ड**

यस खण्डमा हर्ष र मानसी दुवैले एकअर्कालाई मन पराउन थालेका, उनीहरू दुबैले सानैमा मातृवियोग सहनु परेको, मानसीको बुबा पेशाले न्यायाधीस भएको जस्ता कुरा उल्लेख गरिएको छ ।

**तृतीय खण्ड**

यस खण्डमा सबैको अनुमान विपरीत विनय प्रतियोगितामा विजयी हुन्छ । यो विजयबाट विनयमा अहङ्कार सिर्जनाहुन्छ । उसले हर्षलाई मानसीको छेउमा होच्याएर मानसीलाई आफूतिर आकर्षित गर्न कोशिस गर्छ तर ऊ असफल हुन्छ ।

**चौथो खण्ड**

विनयसँग कलेजमा भएको मनमुटावका कारण हर्ष निदाउन नसकेको, यो तनाव भुल्न भोलिपल्ट मानसीलाई लिएर घुम्न गएको र उनीहरूका बीचमा विभिन्न विषयमा तार्किक गफ गर्दै दिन बिताएको कुरा यस खण्डमा चर्चा गरिएको छ ।

**पाँचौं खण्ड**

यस खण्डमा विनयले हर्ष र मानसीसँग अघिल्लो दिनको घटनाको लागि माफी मागेको, दुवैले सुध्रिने आग्रह सहित माफी दिएको कुरा उल्लेख गरिएको छ ।

**छैटौं खण्ड**

यस खण्डमा मानसी र हर्ष एउटा रेस्टुरेन्टमा बसेर विनयको आनिबानीको बारेमा र आफ्नो प्रेम सम्बन्धको बारेमा प्रेमपूर्ण छलफल गर्छन् ।

**सातौं खण्ड**

यस खण्डमा विनयमा एकाएक आएको सकारात्मक परिवर्तनलाई रत्नाकर डाँकु वाल्मीकि ऋषि बनेको कुरासँग तुलना मानसी र हर्षले गरेका छन् ।

**आठौँ खण्ड**

यस खण्डमा मानसीको बुबा काम विशेषले राजधानी जानु परेको, हर्ष र मानसीको भेटघाट र फोन बार्ताले तिब्रता पाएको, उनीहरूको प्रेमसम्बन्ध झन् झन् प्रगाढ बन्दै गएको र पढाइमा समेत ध्यान दिन नसकेको जस्ता प्रसङ्गहरू आएका छन् ।

**नवौँ खण्ड**

यस खण्डमा हर्ष र मानसी परीक्षाको तयारीको लागि हर्षको घरमा भेट हुन्छन् तर उनीहरू पढाइ भन्दा अन्य रमाइला गफमै समय बिताएको चर्चा छ ।

**दसौँ खण्ड**

यस खण्डमा हर्ष, मानसी र विनयले पढाई पुरा गरी कलेज छोडेका, विनयले सहरमा व्यवसाय थालेको, राजधानीमा पनि गार्मेन्ट उद्योग खोल्ने योजनामा रहेको र उसले हर्ष र मानसीको मन जितेको र यसै सिलसिलामा मानसीको बुबाको राजधानी सरुवा हुने सम्भावना, मानसीले विनयलाई व्यक्त गरेकी कुराको प्रसङ्ग छ ।

**एघारौँ खण्ड**

यस खण्डमा हर्षले मानसीलाई कुनै एकान्त स्थलमा घुम्न जाने प्रस्ताव गरेको छ ।

**बाह्रौँ खण्ड**

यस खण्डमा हर्ष र मानसी एउटा रिसोर्टको गोप्य कटेजमा पुग्छन् । केही बेरको वार्तालापपछि हर्षले मानसीसँग शारीरिक सम्पर्कको लागि आग्रहपूर्ण व्यवहार प्रस्तुत गर्छ तर मानसीले अस्वीकार गर्छे ।

**तेहौँ खण्ड**

यस खण्डमा पनि हर्षले मानसीसँग शारीरिक सम्पर्कको लागि आग्रह गर्छ तर मानसीले 'छिटो जित्नेहरू छिटै हार्छन्' (पृ.३७) जस्ता तर्कद्वारा अस्वीकार गर्छे र हर्षलाई आफू जहिले पनि उसकै भएको कुरा विश्वस्त पारेको र उनीहरू रिर्सोटबाट फर्किएको चर्चा छ ।

**चौधौँ खण्ड**

यस खण्डमा मानसीलाई अचानक राजधानी जानु परेको, त्यहाँ विनयसँग उसको भेट भएको र हर्षसँग मानसीको फोनमा भएको वार्तालापको प्रसङ्ग छ ।

**पन्ध्रौँ खण्ड**

यस खण्डमा मानसीको बुबा बिरामी परेको, मानसीले हर्षलाई काठमाडौँ बोलाएकी, विनयले बुबालाई अस्पताल लान सहयोग गरेको, हर्ष पनि अस्पतालमै आइपुगेको घटनाक्रमको चर्चा छ ।

सोह्रौँ खण्ड

यस खण्डमा विनयले हर्षलाई आफ्नो सानोबुबा सानीमाको घरमा खान खान लैजान्छ । उनीहरू पुगेपछि सानोबुबा दम्पत्तिको सन्तान नभएको विषयमा झगडा पर्छ । सानोबुबा चाहिँको असक्षमताको कारणले सन्तान नभएको कुरा भनाभनबाट खुल्छ । यी सबैकुरा हर्ष र विनयले बाहिरबाट सुनिरहेका हुन्छन् । उनीहरू आफ्नो पनि स्वास्थ्य जाँच गराउने निर्णय गर्छन् र भोलिपल्ट अस्पताल जान्छन् । परीक्षणमा हर्षचाहिँको प्रजनन् क्षमता अक्षम भएको रिपोर्ट आउँछ । यसबाट उसमा अपूर्णताको ठूलो ग्लानी महसुस हुन्छ ।

**सत्रौँ खण्ड**

यस खण्डमा हर्षकोबुबा दुर्घटनामा परेको, उसको र मानसीको पुनः विछोड भएको प्रसङ्ग छ ।

**अठारौँ खण्ड**

यस खण्डमा मानसीको बुबालाई मुम्बइको अस्पतालमा रिफर गरिन्छ । विनयको सहयोगमा अझ वृद्धि हुन्छ । विनयको सहयोगबाट मानसीको बुबा ऊ प्रति अनुगृहित बन्दै जानुभएको चर्चा छ ।

**उन्नाइसौँ खण्ड**

यस खण्डमा हर्षले आफूमा भएको असक्षमताको सिकार मानसीलाई नबनाउने निर्णय गर्छ । मानसीप्रति अन्याय हुने भएकाले उसले मानसीबाट टाढिनु नै उपयुक्त ठान्छ । मानसीसँग टाढा हुन अध्ययनका लागि विदेश जाने निर्णय गरेको कुरा चर्चा गरिएको छ ।

**बिसौँ खण्ड**

हर्षको अनुपस्थितिमा विनयले मानसीको मन जित्न बुबाको उपचारमा अझ सहयोग गर्छ । मानसीको मनमा पनि वियनलाई हेर्ने दृष्टिकोणमा पहिलेको भन्दा धेरै सकारात्मक परिवर्तन हुन्छ । मानसीलाई कताकता हर्षको ठाउँ विनयले लिन सक्ने आङ्शका आफैसँग लाग्न थालेको कुरा व्यक्त गरिएको छ ।

## एक्काइसौँ खण्ड

यस खण्डमा मानसीका बुबाले आफू अब धेरै दिन नबाँच्ने, छोरीको विवाह आफ्नो अन्तिम इच्छा रहेको, छोरीका लगि विनय नै योग्य व्यक्ति भएको भन्दै उनीहरूलाई नजिकैको मन्दिरमा विवाह गरेर आउन आग्रह गर्छन् । यस आग्रहलाई मानसीले टार्न सक्दिन र विनयसँग विवाह गर्छे । तत्पश्चात् उनीहरू बुबालाई भेट्न अस्पताल पुग्नासाथ बुबाको निधन भएको घटना प्रस्तुत भएको छ ।

## बाइसौँ खण्ड

विनयसँग विवाह गरेर हर्षलाई धोका भएको, त्यही कारणले हर्ष विदेशिएको भन्दै मानसी आत्मग्लानी गर्छे । विवाह भएको चार-पाँच वर्ष बितिसक्दा पनि उनीहरूको सन्तान हुँदैनन् र डाक्टरी जाँच गर्ने निर्णय गरेको प्रसङ्ग यस खण्डमा उल्लेख छ ।

## तेइसौँ खण्ड

यस खण्डमा डाक्टरी जाँचमा मानसीको रिपोर्ट सकारात्मक आएको, विनयले घर फर्कदा भविष्यमा जन्मने सन्तानको लागि धेरै खेलौना किनेर ल्याएको, आफू पनि सक्षम रहेको रिपोर्ट मानसीलाई देखाएको जस्ता कुराको चर्चा छ ।

## चौबिसौँ खण्ड

दिनहरू बित्तै जाँदा पनि मानसी र विनयको सन्तान हुँदैनन् । उनीहरू अब डाक्टर कहाँभन्दा धामी, झाँक्री, ज्योतिषहरूकहाँ धाउन थालेको र मानसीलाई धामीले 'कुनै मनुवा (मानिस) को श्राप परेको छ' (पृ. ५८) भनेका कुराको चर्चा यस खण्डमा गरिएको छ ।

## पच्चिसौँ खण्ड

यस खण्डमा विनयले धर्मपुत्र राख्ने कुरा गर्छ तर मानसीले अस्वीकार गर्छे । मानसीलाई धामीले भनेको श्रापको कुरामा विश्वास लाग्न थाल्छ । विगतमा पहाडी रिसोर्टमा हर्षले गरेको आग्रहलाई आफूले अस्वीकार गर्नु नै गल्ती भएको महसुस ऊ गर्न थाल्छे । उसको मनमा पुनः हर्षको पुनरागमन भएको प्रसङ्ग उल्लेख छ ।

## छब्बिसौँ खण्ड

यस खण्डमा विनय उसकै कार्यालयकी शालिनी भन्ने युवतीसँग अनैतिक सम्बन्ध राख्न थालेको र शालिनीले अर्को विवाह गर्न सल्लाह दिएको प्रसङ्ग छ ।

**सत्ताइसौँ खण्ड**

यस खण्डमा एक दिन अचानक मानसीले हर्षलाई भेट्छे र ऊसँग भोलि फेरि भेट्ने बाचा गर्दै छुट्टिएको चर्चा गरिएको छ ।

**अट्ठाइसौँ खण्ड**

यस खण्डमा मानसी हर्षलाई भेट्न उसकै घर पुग्छे । हर्ष अझै अविवाहित नै रहेको कुरा थाहा पाउँछे ।

**उनन्तिसौँ खण्ड**

तेस्रो दिन पनि हर्षको घर पुगेकी मानसीले हर्षलाई उसको श्रापको कारणले नै आफू आमा बन्न नसकेको कुरा उसलाई जाहेर गर्छे तर हर्षले मानसीको कुरा अस्वीकार गर्छ । मानसीले हर्षलाई श्रापबाट मुक्ति दिनका लागि हठपूर्वक विभिन्न तर्कसाथ नियोग विधिद्वरा रेतस्दान (पृ.६९९) का लागि आग्रह गर्छे । उसको आग्रह र हठलाई हर्षले अस्वीकार गर्न सक्दैन ।

**तिसौँ खण्ड**

यस खण्डमा मानसी गर्भवती भएकी, यस घटनाले हर्ष अचम्ममा परेको प्रसङ्ग उल्लेख छ ।

**एकतिसौँ खण्ड**

यस खण्डमा मानसी आमा बन्ने खवरले विनयमा छट्पटी सुरु हुन्छ । यो असम्भव कार्य कसरी सम्भव भयो भन्ने उसलाई लाग्छ । उसले भित्रभित्रै हर्ष माथि शङ्का गर्न थालेको प्रसङ्ग उल्लेख छ ।

**बत्तिसौँ खण्ड**

यस खण्डमा विनय रक्सी पिएर अबेर घर फर्किएको र मानसीसँग झगडा गर्न थालेको चर्चा गरिएको छ ।

**तेत्तिसौँ खण्ड**

यस खण्डमा विनयले शालिनीसँग अफिसकै रेस्टरुममा रात बिताएको, उसलाई महँगो लकेट उपहार दिएको घटना वर्णित छ ।

**चौतिसौँ खण्ड**

यसखण्डमा विनयले मानसीलाई झन्झन् वास्ता गर्न छाडेको, यस्तो व्यवहारले मानसी दुखित भएको प्रसङ्ग उल्लेख छ ।

**पैतिसौँ खण्ड**

यस खण्डमा विनयको अनुपस्थितिमै मानसीले अस्पतालमा छोरी जन्माएको घटना उल्लेख छ ।

**छत्तिसौँ खण्ड**

छोरीको न्वारानको दिन विनयले कोठामा रहेका सबै खेलौना फुटालेको, त्यहाँ हर्ष पनि उपस्थित भएको, छोरी आफ्नो नभएको आफू नपुंसक भएको तर विगतमा आफूले रिपोर्ट साटेर हर्षलाई आफ्नो रिपोर्ट थमाएको, मानसीलाई आफ्नो बनाउन यी सबै कुरा गरेको र हर्षलाई आफूले आज सबै हारेको कुरा व्यक्त गरेको घटना समावेश छ ।

**सैतिसौँ खण्ड**

यस खण्डमा विनयको वास्तविकता बुझेर शालिनीले पनि उसलाई तिरस्कार गरेको प्रसङ्ग छ ।

**अठ्तिसौँ खण्ड**

यस खण्डमा हर्षबाटै छोरीको नामाकरण कार्यको प्रारम्भ भएको छ । यससँगै उपन्यासको कथावस्तुको अन्त्य भएको छ ।

## ३.२.२ कथानक

कथानक उपन्यासको आधारवस्तु हो, जसको निर्माण समाज वा जटिल घटनाहरूको संयोजनबाट हुन्छ । अर्को शब्दमा भन्दा घटनाहरूलाई एक अर्कोसित उनेर सम्बन्ध जोर्न र सङ्गठितता प्रदान गर्ने काम कथानकले गर्दछ (प्रधान,२०६१:७) । कथानकलाई कार्यकारणहरूको तारतम्यपूर्ण र सूत्रवद्ध रूपमा गरिएको घटनाहरूको सङ्गठन भन्न सकिन्छ । उपन्यासका घटनाहरूलाई एकपछि अर्को गरी माला झैं उनेर लैजाने काम कथानकले गर्दछ । यसमा चरित्र, विचार, बुद्धि, कल्पना जस्ता कुराहरू समाविष्ट हुन्छन् । कथानकले उपन्यासको मूल ढाँचा निर्माण गर्ने प्राथमिक तत्त्वको काम गर्छ । कथानकलाई अगाडि बढाउने तत्त्व चाहिँ कथामा रहने रहस्य हो जसले कथालाई समस्याको तार्किक समाधानको बाटामा हिडाउँछ । कथानक निर्माणका क्रममा उपन्यासकारले हरेक घटना वा कार्यलाई नियमित वा रहस्यपूर्ण ढङ्गमा सङ्गठित गरी त्यसलाई जीवन्त बनाउँछ । त्यसैले उपन्यासले कथानकको अपेक्षा बढी नै गर्दछ ।

"कथानक हुनलाई घटनावस्तु र क्रियाकलापको आवश्यकता पर्दछ; अनि परिवेश र चरित्रको विन्यास हुनु पर्दछ" (सुवेदी,२०५३:१८) । त्यसैगरी बराल(२०६३:३०) ले कथानक उपन्यासको गति हो ; यो उपन्यासको आरम्भदेखि अन्तसम्मको चाल हो । यो चाल पात्रहरूको कार्यव्यापारसँग सम्बद्ध छ । तसर्थ कथानक आफैँमा अन्त्यसम्म उपकथानकको विस्तारित रूप हो; भनेका छन् । उपन्यासको कथानक इतिहास, यथार्थमूलक अनुभव, मिथक, रागात्मक सौन्दर्य, स्वैरकल्पना जस्तो स्रोतबाट लिइएको हुन्छ ।बलदेव मजगैयाँद्वारा लिखित यस **मानसी** उपन्यासमा रोचक र कैतुहलपूर्ण कथानक पाइन्छ ।

यस उपन्यासको कथानकको प्रारम्भ राजधानी बाहिरको कुनै नाम उल्लेख नगरिएको सहरको कलेजबाट हुन्छ, जहाँ हर्ष, मानसी र विनय अध्ययन गर्छन । हर्ष र विनय सानैदेखिका साथी हुन् भने मानसी न्यायाधीश बुबाको त्यस ठाउँमा सरुवासँगै त्यस कलेजमा भर्ना भएकी छात्रा हो । हर्ष र मानसी एकअर्काप्रति आकर्षित छन् तर विनय मानसीलाई जसरी भए पनि आफूतिर आकर्षित गर्न चाहन्छ । उनीहरूको कलेजमा विभिन्न प्रतिस्पर्धात्मक प्रतियोगिताहरू हुन्छन् । यसै क्रममा कलेजमा निबन्ध लेखन प्रतियोगिता हुन्छ । सबैको अपेक्षा हर्षले नै प्रतियोगिता जित्छ भन्ने हुन्छ तर उसको विचार सापटी लिएर विनयले प्रतियोगितामा विजय हाँसिल गर्छ । जीतपछि विनयमा घमण्ड चुलिन्छ । उसले यो जीतको अवसरमा हर्षलाई होच्चाएर मानसीलाई आफूतिर आकर्षित गर्न खोज्छ तर उसको यो व्यवहारले मानसीमा ऊप्रति आकर्षण हैन घृणा पैदा हुन्छ । उता आफ्नो बाल्यकालदेखिको साथी विनयको व्यवहारले हर्षको मनमा गम्भिर असामान्जस्यता उत्पन्न हुन्छ । ऊ रातभर निदाउन सक्दैन । भोलिपल्ट हर्ष र मानसी क्याम्पस नगई अन्यत्र घुम्न जान्छन् । त्यहाँ मानसीले विनयको व्यहारलाई पुरुषप्रधान मानसिकताको उपज हो भन्ने विश्लेषण गर्छे । मानसीको विचारसँग हर्ष पनि सहमत हुँदै उनीहरू फर्कन्छन् । उनीहरूबीचको प्रेम झन गाढा बन्दै जान्छ । उनीहरू सँगै जिउने मर्ने बाचा गर्छन् ।

अर्को दिन विनयले आफ्नो गल्ती महसुस गर्दै हर्ष र मानसीसँग माफी माग्छ । विनयले माफी माग्नुलाई हर्ष र मानसी उसले गरेको नाटक सम्झन्छन् तर उसले 'एकपटक प्रायश्चित गर्ने मौका देऊ' भन्दै पटक पटक आग्रह गरेपछि उनीहरूले माफी दिन्छन् र अबदेखि असल व्यवहार गर्न सल्लाह दिन्छन् । त्यसपछि विनयका व्यवहारहरू नाटकीय रूपले सकारात्मक बन्दै जान्छन् । उसले हर्ष, मानसी साथै अन्य साथीहरूको मन पनि जित्दै जान्छ । मानसीले विनयमा आएको सकारात्मक परिवर्तनलाई रत्नाकर डाँकुबाट विद्वान् ऋषि बाल्मीकि बनेको घटनासँग मिल्दोजुल्दो रहेको कुरा एउटा रेस्टुरेन्टमा हर्षलाई सुनाउँछे । हर्ष र मानसीको प्रेम सम्बन्ध र प्रेमालापका घटनाहरू

समयसँगै अघि बढिरहेका हुन्छन् । त्यसैबेला उनीहरूको कलेजको परीक्षाको कार्यक्रम सार्वजनिक हुन्छ तर उनीहरू पढाइमा भन्दा प्रेमको रमाइलो रोमान्समा डुबुल्की मार्न व्यस्त हुन्छन् । परीक्षा नजिकै आइरहेको कुराले दुबैलाई झस्काइदिन्छ र उनीहरू पढाइप्रति संवेदनशील बन्न खोज्छन् । यसै समयमा हर्षको बुबा विशेष कामको सिलसिलामा राजधानी जानुपर्ने हुन्छ । हर्षले बुबा घरमा नभएको मौका पारेर परीक्षाको तयारी गर्ने निहुँमा मानसीलाई फोन गरी घरमै बोलाउँछ । मानसी हर्षको घर आउन थाल्छे तर उनीहरू पढाइमा भन्दा पनि विभिन्न ख्यालठट्टामामै समय बिताउँछन् ।

समय बित्दै गइरहेको हुन्छ । उनीहरू परीक्षा सकेर लामो फुर्सदमा हुन्छन् । यो फुर्सदले झन् हर्ष र मानसीको प्रेममा उर्जा थपिरहेको हुन्छ । विनयले चाहिँ व्यापारिक कारोवार सुरु गर्छ । यसै सिलसिलामा ऊ राजधानी आउने जाने  गरिरहन्छ । उसले राजधानीमै गार्मेन्ट उद्योग खोल्ने भावी योजना मानसीलाई बताउँछ । मानसीले पनि पिताको निकट भविष्यमै राजधानी सरुवा हुने कुरा विनयलाई बताउँछे । उनीहरू राजधानीमा एकअर्कालाई भेट गर्न फोन नम्बर आदान प्रदान गर्छन् ।

हर्ष र मानसी सहर बाहिरको एउटा रमाइलो र एकान्त रिर्सोटमा पुग्छन् । उनीहरूका बीचमा प्रेम, जीवन, दर्शन, समाज आदिका बारेमा गहन छलफलका साथै ख्यालठट्टा हुन्छ । रिसोर्टमा दिउँसोको खाना पछि मानसीसँग शारीरिक सम्पर्क (यौन सम्पर्क) को अनुरोध गर्छ । तर उसको अनुरोधलाई मानसीले ठाडै अस्वीकार गरिदिन्छे । हर्षले धेरै सम्झाउने कोसिस गर्छ तर मानसी अझै मान्दिन । यसै क्रममा हर्षले मानसीलाई बाहुपाशमा बाँध्ने प्रयास गर्छ तर मानसी चालाखीपूर्वक उम्कन सफल हुन्छे । यौन आवेगले विक्षिप्त बनेको हर्षले मानसीलाई उसको प्रेममा विश्वास नगरेर पाप गरेकी र यस वापत् आफ्नो आत्माको श्राप लाग्ने कुरा बताउँछ तर मानसीले वास्तै गर्दिन । हर्षले मानसी सामु आफ्नो हार स्वीकार गर्छ । उनीहरू रिसोर्टबाट फर्कन्छन् ।

यसै क्रममा मानसी बुबाको सरुवाको कारणले राजधानी जान्छे । उसको त्यहाँ विनयसँग भेट हुन्छ तर हर्षको अनुपस्थितिले उसले एक्लोपन महसुस गर्छे । उनीहरू फोनबाटै प्रेमलाई प्रगाढ बनाउँछन् । एकदिन अचानक मानसीलाई बुबा सिकिस्त बिरामी भएकाले सहयोग गर्न हर्षलाई राजधानी बोलाउँछे । विनयको सहयोगमा बुबालाई अस्पतालको सघन उपचार कक्षमा भर्ना गरिएको हुन्छ । हर्ष त्यहीँ पुग्छ । हर्ष र विनय मिलेर बुबाको उपचारमा मानसीलाई विनय धेरै सहयोग पुऱ्याउँछन् । एकदिन विनयले हर्षलाई आफ्नो सानोबुबाको घरमा खाना खान लिएर जान्छ । उनीहरू त्यहाँ पुग्दा सानोबुबा र सानीआमा भित्र कोठामा आजसम्म सन्तान नभएको विषयमा एकअर्कालाई दोषारोपण गर्दै बाझाबाझ गर्दै गरेका हुन्छन् । उनीहरूको सन्तान नहुनुमा सानोबुबा चाहिँको सन्तान उत्पादन क्षमता कमजोर रहेको कुरा बाहिरबाट हर्ष र विनयले

सुनिरहेका हुन्छन् । सानो बुबामा भएको कम्जोरी आफूहरूमा पनि हुन सक्ने कुरालाई उनीहरू झस्किन्छन् ।

उनीहरू आजै आफूहरूको पौरुषत्व जाँचका लागि डाक्टर कहाँ जाने निर्णय गर्छन् र जान्छन् । दुर्भाग्यवस डाक्टरी रिपोर्टमा विनय असक्षम वा नपुंसक देखिन्छ । तर उसले षडयन्त्रमूलक तवरले रिपोर्ट साटेर हर्षलाई असक्षम घोषित गराउँछ । यो कुरा इमानदार हर्षलाई थाहा हुँदैन । ऊ आफू नपुंसक भएकोले आत्मग्लानी गर्छ । उसले आफूमा भएको कमजोरीको वास्तविकतासँगै अगाडि बढ्ने विचार गर्छ । यसै बेला हर्षको बुबा दुर्घटनामा परेर अस्पताल भर्ना भएको खबर आइपुग्छ । दुर्घटनाको खवरले मर्माहत बन्दै हर्ष बुबालाई भेट्न आफ्नै सहरको अस्पताल तर्फ लाग्छ । हर्ष र मानसीको पुन : विछोड हुन्छ । हर्षको बुबाको दुर्घटना सामान्य भएकाले उनीहरूले छिट्टै अस्पतालबाट बिदा पाउँछन् । आफू नपुंसक भएको प्रमाणित भए पछि हर्ष ठूलो मानसिक चिन्तामा पर्छ । उसले अब मानसीलाई सदाका लागि छोडिदिनु नै उसले उपयुक्त ठान्छ । मानसीको मातृत्वका लागि पनि उसले आफ्नो प्रेमलाई विवाहमा बदल्न नसक्ने निर्णय गर्छ । मानसीबाट टाढिने निर्णय गर्छ । मानसीबाट टाढिन अध्ययनका लागि विदेश जाने निर्णय लिन्छ । यो निर्णयमा उसले बुबाको पनि समर्थन पाउँछ ।

उता मानसीको बुबालाई थप उपचारका लागि मुम्वईको अस्पताल रिफर गरिन्छ । विनयको सहयोग मुम्बईमा पनि जारी नै रहन्छ । बिरामीमा पनि क्रमिक सुधार देखिए जस्तो हुन्छ । मानसीको बुबाको दृष्टिमा र स्वयम् मानसीका दृष्टिमा समेत विनयले सकारात्मक छाप छोड्न सफल भइरहेको हुन्छ । मानसीलाई पनि विनयको सहयोगी व्यवहार प्रिय लाग्न थालेको हुन्छ । यसै सिलसिलामा एकदिन अस्पतालको शैøयामा रहेका मानसीका बुबाले मानसी र विनय दुबैलाई बोलाएर आफू यो संसारको लागि केही दिनको पाहुना मात्र भएको र आफ्नो अन्तिम इच्छा आँखा अगाडि नै छोरीको विवाह भएको हेर्ने चाहना आँखाभरि आँसु पार्दै व्यक्त गर्छन् । छोरीको लागि विनय नै असल जीवनसाथी हुन सक्छ भन्ने सम्झेर दुवैलाई नजिकैको विनायक मन्दिरमा गई विवाह गरेर आउन आग्रह गर्छन् । बुबाको यो निर्णयले मानसी ठूलो भूमरीमा परेको महसुस गर्छे । हर्षलाई धोका दिन नचाहँदा नचाहँदै पनि विरामी बुबाको अन्तिम इच्छालाई उसले लत्याउन सक्दिन । विनय भने यो कुराबाट भित्रभित्रै धेरै खुसी भइरहेको हुन्छ । उसले आज हर्षलाई सदाका लागि पराजित गरेको ठान्छ । बुबाको आज्ञा अनुरूप उनीहरूले विनायक मन्दिरमा गई विवाह गर्छन् । उनीहरूको विवाह लगत्तै मानसीको बुबाको निधन हुन्छ । मानसीलाई दोहोरो बज्रपात हुन्छ र जीवनमा पराजयका दिनको सुरुवात हुन्छ ।

मानसीलाई आफ्नो र विनयको विवाह केवल नाटक जस्तो मात्र लाग्छ । उसमा हर्षलाई धोका दिएका प्रति ठूलो ग्लानीबोध हुन्छ । हर्षले देश छोडेर विदेश गएको कुरा थाहा पाउँछे । हर्ष विदेशिनुको कारण पनि आफू नै भएको ठान्छे । दिनहरू बित्दै जाँदा उनीहरूको विवाह भएको चार पाँच वर्ष बित्छ । उनीहरूको दाम्पत्य जीवन सामान्य बन्दै जान्छ तर उनीहरू भित्रैदेखि सुखी र खुसी बन्न सकिरहेका हुँदैनन् । कारण उनीहरूको अझै सन्तान भएको हुँदैन । उनीहरू पटक पटक डाक्टरी जाँच गराउँछन् । जाँचमा मानसीमा सक्षमता नै देखिन्छ भने विनयले पनि पुरानो रिपोर्टको आधारमा आफूलाई सक्षम नै देखाइरहन्छ । भावी सन्तानका लागि भन्दै विनयले खेलौनाले घर भर्दै जान्छ तर मानसी सन्तान सुखका लागि धामी, झाँक्री र ज्योतिष कहाँ हेराउन धाउन थाल्छे । कुनै मनुवाको श्राप परेको कारणले सन्तान नभएको कुरा बताउँछ । 'श्राप परेको छ' भन्ने कुराले उसमा ठूलो हलचल ल्याउँछ । विगतमा हर्षले गरेको यौन सम्पर्कको आग्रहलाई स्वीकार नगर्दा उसको तड्पिएको आत्माले श्राप दिएको हुनसक्ने ऊ विश्वास गर्छे । उसको मन-मस्तिष्कमा पुनः हर्षको पुनरागमन हुन्छ । सन्तान प्राप्तिको लालसाले उथलपुथल भएको उसको मन हर्षलाई भेटेर श्रापबाट मुक्त हुने कुरामा उद्धत हुन्छ ।

समय बिताउनकै लागि मानसी कम्प्युटर सिक्न जान थालेकी छे । यसै क्रममा एक दिन अचानक उसले हर्षलाई बाटोमा भेट्छे । हर्ष पिताको मृत्युपछि बाहिरको जायजेथा बेचेर राजधानीमै बस्न थालेको हुन्छ । हर्षले अझसम्म पनि विवाह नगरेको कुरा मानसी सँगको भलाकुसारीबाट खुल्छ । भोलिपल्ट हर्षलाई भेट्न मानसी हर्षको घर पुग्छे र आफू अहिलेसम्म निसन्तान रहेको र यसको कारण हर्षले विगतमा दिएको श्राप भएको र त्यसको मुक्ति आज गरिदिन आग्रह गर्छे । हर्ष उसको कुरामा विश्वास गर्दैन । ऊ यस्तो हुन नसक्ने बताउँछ तर मानसीको नारी हठका अगाडि उसको केही लाग्दैन । उसले मानसीलाई रेतस्दान गर्छ । मानसी खुसी भएर घर जान्छे । यसको केही समयपछि मानसी आफू गर्भवती भएको खवर सुनाउँन हर्ष कहाँ पुग्छे । यो खबरले हर्ष छक्क पर्छ । उता श्रीमती गर्भवती भएको खवरले विनयमा नकारात्मक प्रभाव पर्छ । ऊ अफिसबाट अबेला घर फर्किन थाल्छ । रक्सी पिउन थाल्छ । अफिसकै एक कर्मचारी शालिनी नामकी महिलासँग ऊ अनैतिक सम्बन्ध स्थापित गर्न थाल्छ । उसले शालिनीलाई आफ्नो बनाउने भन्दै महँगा सामान र गहना उपहार दिन थाल्छ । आफू गर्भवती भएपछि पतिको गैरजिम्मेवार व्यवहारबाट मानसी दुःखित र चकित हुन्छे । उसले पटक पटक यसको रहस्य के हो बुझ्न खोज्दा विनय टार्ने कोसिस गर्छ । विनय पनि शालिनीसँगको सम्बन्धको रहस्य मानसीले थाहा पाउली भनेर भित्रभित्रै डराउँछ ।

केही समय पश्चात् विनयको अनुपस्थितिमै अस्पतालमा मानसीले छोरी जन्माउँछे । विनयले मानसीलाई बधाइसम्म पनि नदिएकोमा मानसी दुःखी हुन्छे तर

विनय त्यसलाई वास्ता गर्दैन । छोरीको न्वारानको दिन पण्डित आइपुग्छन् तर विनय घरबाट निस्कन खोज्छ । मानसीले उसलाई रोक्छे । विनय खेलौना राखेको कोठामा पस्छ र बच्चाका लागि भनेर उसैले ल्याएका खेलौना तोडफोड र नस्ट गर्न थाल्छ । त्यसबेला हर्ष पनि त्यहीँ आइपुग्छ । उसलाई मानसीले बोलाएकी हुन्छे । विनयको यस्तो व्यवहार देखेर हर्ष छक्क पर्छ । हर्षको उपस्थितिले विनय झन् क्रुद्ध बन्छ र छोरी आफ्नी नभई हर्षकी हो भन्दै पागल झैं हाँस्छ । छोरीको अनुहार हर्षसँग मिलेको बताउँछ । वितगमा गरेको डाक्टरी जाँचमा आफू नपुंसक भएको रिपोर्ट साटेर मानसीलाई आफ्नो बनाउँन षडयन्त्र गरेको, आफूले सधैं हर्षलाई पराजित गर्ने कोसिस गरेपनि आज हर्षकै जीत भएको कुरा स्वीकार गर्छ । विनयको षडयन्त्रपूर्ण कालो विगत सुनिसकेपछि मानसीमा ठूलो पश्चाताप र ग्लानी हुन्छ । उसले विनयको नामको सिन्दुर पुस्छे र पोते चुडाउँछे । उसले विनयको दासताबाट मुक्तिको घोषण गर्छे । हर्ष नै छोरीको बाबु भएको कुरा बताउँदै उसैबाट छोरीको न्वारान गराउन पण्डितलाई आदेश दिन्छे । नामकरणको कार्य विधिपूर्वक प्रारम्भ भएसँगै उपन्यासको कथानक अन्त्य हुन्छ ।

## ३.२.२.१ 'मानसी' उपन्यासको कथानक स्रोत

उपन्यास लेखनको क्रममा कथानक बुनोट गर्न विभिन्न स्रोतको उपयोग गरिन्छ । “विभिन्न स्रोतबाट प्राप्त सामग्रीलाई उपन्यासकारले जस्ताको तस्तै प्रयोग नगरी अन्तर्मिश्रण गर्नको साथै त्यसलाई आफ्नो कलात्मक चेतनाले छानेर मात्र कथानकको सिर्जना गर्दछ”(बराल र एटम,२०६६:२२) । वर्तमान समयका उपन्यासकारहरूमा इतिहास, यथार्थमूलक अनुभव, मिथक, रागात्मक सौन्दर्य, स्वैरकल्पना जस्ता कथानक स्रोतहरूको प्रयोग गरिएको हुन्छ ।

समकालीन साहित्यको २०६० को दसकमा प्रकाशित यस उपन्यासको कथानक स्रोत अधिकांशतः यथार्थमूलक र अंशतः रागात्मक सौन्दर्य रहेको छ । जम्मा अठ्तिस खण्डमा समेटिएको यस उपन्यासको सुरुवात हर्ष, विनय र मानसीको कलेज जीवनका गतिविधिबाट भएको छ । उपन्यासका प्रमुख पात्रहरूको कलेजमा भेट हुनु, कलेजमा निबन्ध प्रतियोगिता हुनु, प्रतियोगितामा वियनले जितेपछि मानसीलाई आकर्षित गर्न हर्षलाई होच्याउनु, विनयको यस्तो व्यवहारले मानसी हर्षसँग झन् नजिक हुनु, भोलिपल्ट विनयले उनीहरूसँग माफी माग्नु आदि घटनाहरू हाम्रो समाजका कलेज पढ्ने युवायुवती बीच भइरहने खालका लाग्छन् । त्यसैगरी मानसीको मन जित्न विनयले मनसीलाई अस्पतालमा सहयोग गर्नु, हर्षलाई मानसीबाट अलग्याउन बुबाको दुर्घटनाको खबर सुनाएर उसलाई गाउँ फर्काउनु, मानसीका बुबाले छोरीको विवाहका लागि छोरीको सल्लाह विना नै निर्णय लिनु, मानसीको इच्छा विपरीत नै उसको वियनसँग विवाह हुनु, हर्षलाई धोका दिएकोमा मानसीको मनमा खेद उत्पन्न हुनु, विनय नपुंसक भएकाले

उनीहरूको सन्तान नहुनु, विनयले कार्यालयकी सहयोगी कर्मचारी शालिनीसँग अनैतिकसम्बन्ध राख्नु, आफू नपुंसक हुँदाहुँदै पनि मानसी गर्भवती भएको थाहा पाएर विनय विक्षिप्त हुनु, उच्च शिक्षाका लागि हर्ष विदेश जानु आदि घटनाहरू हाम्रो समाजका प्रतिनिधि घटना हुन् ।

यस उपन्यासको कथानकको आंशिक स्रोत रागात्मक सौन्दर्य पनि देखिन्छ । “रागात्मक सौन्दर्य अन्तर्गत जीवनका आशा निराशा, स्वर्णिम एवम् वितृष्णायुक्त क्षण मस्तिष्कको पलायित अवस्था आदि भावनात्मक कुराहरू पर्दछन्” (बराल र एटम, २०६६:२३) । रागात्मक सौन्दर्यमा आदर्श पनि जोडिएर आउँछ । मानसीको र हर्षको प्रेम प्रसङ्गका क्रममा देखिएका क्षणहरू, विनयले उनीहरूको प्रेमप्रति डाहा गर्नु, हर्ष र मानसी रिसोर्टमा गएका बेला हर्षले मानसीलाई यौन सम्पर्कका लागि पटक पटक आग्रह गर्नु, उसको अनुरोध अस्वीकार गर्दा पनि मानसीलाई अङ्कमाल गरेर जवरजस्ती गर्न खोज्नु आदि स्वच्छन्द रतिरागले प्रेरित घटनाहरू हुन् । त्यसैगरी विनयले शालिनीसँग विताएका क्षणहरू पूर्ण रूपमा रतिरागात्मक छन् । विनयबाट सन्तान नभए पछि मानसीले हर्षसँग रेतस्दानको आग्रह गर्नु, मानसीको मनमा सन्तान नहुनुको कारण हर्षले दिएको श्राप नै हो भन्ने लाग्नु आदि पनि रागात्मक सौन्दर्यपूर्ण घटना नै मान्न सकिन्छ । यी रागात्मक घटना र प्रसङ्गहरूले उपन्यासलाई रोचकता प्रदान गर्नुका साथै उपन्यासको मूल कथानकलाई कसिलो बनाउन सहयोग पुऱ्याएका छन् ।

### ३.२.२.२ कथानक ढाँचाका आधारमा ‘मानसी’ उपन्यास

उपन्यासमा रहने आदिदेखि अन्त्यसम्मका घटनवलीको संयोजन अवस्था नै कथानक ढाँचा हो (बराल र एटम,२०६६:२५) । यसले उपन्यासलाई प्रभावकारी र कुतुहलपूर्ण साथै कौशलपूर्ण बनाउँछ । यसले सहज र सरलता पनि प्रदान गर्छ । कथानक कार्यकारणमा आधाीरत हुन्छ । उपन्यासको रुचि, उद्देश्य, कौशल, क्षमताका आधारमा भिन्न भिन्न कथानक ढाँचाको प्रयोग गरिन्छ । मूलत : उपन्यासमा दुई प्रकारका कथानक ढाँचा हुन्छन् : रैखिक ढाँचा र वृत्ताकारीय ढाँचा ।

कथानकका अङ्गहरूलाई क्रमबद्ध गरी सिधा अगाडि बढाउँदा त्यसले रेखाका रूपमा आदि, मध्य र अन्त्यलाई जोड्दछ भने यस्तो कथानक ढाँचालाई रैखिक ढाँचा भनिन्छ । यस्तो ढाँचामा कथानक पछाडि फर्कदैन जसले गर्दा कथानक वर्तमानबाट भविष्यतिर जान्छ ।

बलदेव मजगैयाँद्वारा लिखित **मानसी** उपन्यासको कथानक क्रमबद्धताको आधारमा अघि बढेको छ । उपन्यासको कथानकमा हर्ष र मानसी प्रेम सम्बन्धमा बाँधिनु, विनयको कारणले उनीहरूको विछोड हुनु, विनयसँग मानसीको विवाह हुनु, सन्तान विहीनताको

पीडाले मानसी पिरोलिनु, पूर्वप्रेमी हर्षबाट गर्भधारण गरेर सन्तान जन्माउनु, विनयलाई त्याग्नु हर्षबाटै छोरीको न्वारन गराउनु आदि कथानकका प्रमुख घटनाहरू हुन् । यी घटनाहरू श्रृङ्खलावद्ध तवरले एकपछि अर्को क्रममा अथवा वर्तमानबाट भविष्यतर्फ डोरिँदै गएका छन् । त्यसैले **मानसी** उपन्यासको कथानक ढाँचा रैखिक रहेको छ ।

## ३.२.२.३ कथानक प्रकारका आधारमा 'मानसी' उपन्यास

कथानकका प्रकारका आधारमा उपन्यासमा विभिन्न प्रकारका कथा हुन्छन् । जस्तै : मुख्य कथा, सहायक, कथा, सुसंगठित कथा, जटिल कथा आदि ।

**मानसी** उपन्यास समष्टिगत रूपले हेर्दा एउटै मुख्य कथा सुरुदेखि अन्त्यसम्म एकनासले अघि बढेको पाइन्छ । केही घटनाहरू फरक प्रसङ्गका आए पनि ती मूल कथानकलाई सहयोग पुर्‍याउनकै लागि आएका छन् । हर्ष र मानसीको कलेज जीवनमा भेट हुनु, उनीहरूका बिचमा प्रेम स्थापित हुनु, विछोड हुनु र विनयसँग मानसीको विवाह हुनु, उनीहरूबाट लामो समयसम्म सन्तान नजन्मनु, सन्तान प्राप्तिका लागि मानसीले पूर्वप्रेमी हर्षसँग सहवास गर्नु, छोरी जन्माउनु, विनयको सिन्दुर पोते त्याग्नु, हर्षबाट छोरीको न्वारन गराउनु आदि घटनाहरूकै सेरोफेरोमै उपन्यासको कथानक सिर्जना भएको छ । यो नै उपन्यासको मुख्य कथानक हो । उपन्यासमा आएका विनयका सानोबुबा र सानी आमा बीचमा सन्तान नभएको विषयमा भएको बाझाबाझको घटना हर्ष र विनयको शुक्रकीट जाँचको लागि प्रेरक पृष्ठभूमिको रूपमा आएको घटना हो । सोही झगडाको घटनाबाट प्रभावित भएर नै हर्ष र विनयले शुक्रकीट जाँच गराउँछन् । यस जाँचले उपन्यासमा महत्त्वपूर्ण मोड ल्याएको छ । त्यसैले सानोबुबा र सानीआमाको उपकथालाई मुख्य कथाको सहायक मान्न सकिन्छ । त्यसैगरी शालिनी र विनयको अनैतिक सम्बन्धको घटना पनि मुख्य कथानकलाई पूर्णता दिनको लागि नै आएको हो । यस घटनाले विनयको चरित्रलाई प्रष्ट पार्ने काम गरेको छ । यसरी हेर्दा यस उपन्यासका कथानक जटिल नभएर सरल र सुगठित प्रकारको पाइन्छ ।

## ३.२.२.४ कथानक विकासका आधारमा 'मानसी' उपन्यास

सामान्यतया कथानकको विकासलाई आदि, मध्यम र अन्त्य गरी तीन अवस्थाका आधारमा विभाजन गर्ने गरिन्छ । यिनै तिनवटा विकास अवस्थाका आधारमा प्राय : उपन्यासहरूको कथानकको अध्ययन गर्न सकिन्छ । कथावस्तुमा पूर्वापराक्रम तथा कार्यकारण शृङ्खलाका आधारमा घटनाक्रमको एकात्मक वा अन्विति हुन अपरिहार्य छ सो कथावस्तुका आदि, मध्य र अन्त्य भागमा परिपूर्ण हुन्छ (घिमिरे,२०६६:३७) । यस दृष्टिमा कथावस्तुको आदि भागमा एउटा जटिल समस्याका साथ मूल घटनाक्रमका प्रारम्भिक उल्झिने प्रक्रिया सुरु हुन्छ । मध्य भागमा सो घटनाको प्रारम्भिक उल्झिने

क्रिया अझ व्यापक र गतिशील हुँदै चरमोत्कर्षतिर उन्मुख हुन्छ र अन्तिम अवस्थामा चाहि सो घटनाक्रमको उल्झिने क्रम एउटा समापनका साथ सुल्झिने प्रक्रियातर्फ सीमित र साँघुरो हुँदै जान्छ । यसैमा अन्तिम परिणति प्राप्त हुन्छ । कथानकको आङ्गिक विकासकै सम्बन्धमा जर्मनेली समालोचक 'गुस्ताभ फ्लुवर्ड फेट्राग'ले कथानकको आङ्गिक विकासमा आरम्भ, सङ्घर्ष विकास, चरम, सङ्घर्षह्रास, उपसंहार गरी पाँच अवस्था आउँछ भनेका छन्' (बराल र एटम,२०६६:२४,२५) । यस दृष्टिकोणका अनुसार आरम्भको अवस्थामा पात्रको परिचय र तिनको पृष्ठभूमि बताइएको हुन्छ । सङ्घर्ष विकासमा कथानकमा द्वन्द्व रसङ्कटका शृङ्खला देखापर्दछन् जसले कथानक माथितिर बढ्न थाल्छ । चरम अवस्थामा पात्रहरू गम्भिर मोडमा पुग्दछन् र यसले कथानकमा ठूलो मोड ल्याइदिन्छ । सङ्घर्षह्रासको अवस्थामा कथानक ओरालो लाग्दै जान्छ र उपसंहार चरणमा समस्याले एउटा समाधान पाएर टुङ्गिन्छ ।

मानसी उपन्यास आदि, मध्य र अन्त्यको आङ्गिक विकासका आधारमा अघि बढेको उपन्यास हो । उपन्यासका घटना क्रम हेर्दा हर्षले विनयसँग नारी मुक्तिको आकाङ्क्षा सहितको गहन अभिव्यक्ति दिनु, मानसीले हर्षको अभिव्यक्तिमा समर्थन गर्नु, मानसी हर्षसँग प्रभावित हुँदै नजिकिनु, विनयले दुईजनाको सम्बधमा डाहा गर्नु, कथानकको आरम्भ हो । विनयले हर्षका विचार चोरेर हर्षलाई नै प्रतियोगितामा पराजित गर्नु, जीतको घमण्ड देखाएर मानसीलाई प्रभावित पार्न खोज्नु, हर्ष र मानसी गहिरो प्रेममा बाँधिनु, मानसीको बुबाको जागिर राजधानी सरुवा हुनु, त्यही कारणले हर्ष र मानसीको विछोड हुनु आदिलाई कथानकको सङ्घर्ष विकासको चरण मान्न सकिन्छ । मानसीका बुबा बिरामी पर्नु, विनयले बुबाको उपचारमा मानसीलाई सहयोग गर्नु, विनय र हर्षले शुक्रकीटको परीक्षण गर्नु, विनयका षडयन्त्रले हर्ष रिपोर्ट असक्षम आउनु, हर्षका बुबा दुर्घटनाको खबर आउनु, हर्ष र मानसीको पुनः बिछोड हुनु, नपुंसकताको कारणले हर्षले सदाका लागि मानसीलाई छोड्ने निर्णय गर्नु, अध्ययनका लागि विदेश जानु, आदि सङ्टावस्थाका घटना हुन्, जसले उपन्यासको कथानकलाई चरमोत्कर्षता प्रदान गरेको छ । विनयको निरन्तरको सेवाले मानसीको मनमा बुबाले मानसीको विवाहको अन्तिम इच्छा व्यक्त गर्नु, छोरीको लागि विनय नै उपयुक्त केटो भएको ठहर गर्दै अहिले नै विनायक मन्दिरमा गई विवाह गरेर आऊ भन्ने आदेश दिनु, विवाहको लामो समयसम्म पनि उनीहरूको सन्तान नहुनु, मातृत्वको भोकले मानसी छट्पटिनु, एकदिन अचानक हर्ष र मानसीको पुनः भेट हुन, मानसीकै करकापले हर्षसँगको सहवास पछि मानसी गर्भवती हुनु, श्रीमती गर्भवती भएको खबरले विनय कुलतमा लाग्नु, शालिनी नामकी महिलासँग अवैध सम्बन्ध राख्नु आदि घटना कथानकमा सङ्घर्षह्रासका अवस्था हुन् । मानसीले छोरी जन्माउनु, विनयले छोरीको न्वारनको दिन विगतमा गरेका सम्पूर्ण

षडयन्त्रको रहस्य खोल्नु, मानसीले विनयको सिन्दुर पोते त्याग्नु, हर्षबाट छोरीको न्वारन गराउनु कथानकको उपसंहार हो । यसरी **मानसी** उपन्यासको कथानक शृङ्खलाबद्ध तवरले प्रस्तुत भएको छ ।

### ३.२.२.५ अन्त्यका दृष्टिले 'मानसी' उपन्यास

उपन्यासको अन्त्य कुन तवरले भएको छ; त्यसलाई हेरेर उपन्यास कुन प्रकारको हो भन्ने थाहा पाउन सकिन्छ । अन्त्यका दृष्टिले उपन्यास दुई प्रकारका हुन्छन्; सुखान्तक र दुःखान्तक । उपन्यासको अन्त्य प्रेम, प्रणय र मिलनमा भएको छ भने त्यो सुखान्तक उपन्यास हुन्छ । उपन्यासको अन्त्य विछोड, वेदना, मृत्यु आदिमा भएको भने त्यस्तो उपन्यास दुःखान्तक हुन्छ ।

**मानसी** उपन्यासको कथानकमा नायक नायिकाको सुमधुर प्रेमसम्बन्धबाट सुरुभई विभिन्न उतार चडाव पश्चात् उनीहरूको मिलन भएको छ । हर्ष र मानसी यस उपन्यसका नायक नायिका हुन् । विनय उपन्यासमा प्रतिनायकको भूमिकामा देखिएको छ । विनयकै कारणले हर्ष र मानसीको विछोड हुन पुग्छ । विनयले मानसीलाई विवाह गरेपनि लामो समयसम्म सन्तान सुख दिन सक्दैन । त्यसैले मानसीले पुनः हर्षलाई अँगाल्न पुग्छे । यसरी प्रतिनायकबाट छुटेर नायकसँग नायिकाको मिलन हुनु सुखान्तक पक्ष हो । नारी अस्तित्वमा आधारित यस उपन्यासमा हर्ष र मानसीको मेल सकारात्मक नै हो किनकी विनयबाट सन्तान हुने सम्भावना नभएकोले पूर्ण नारी हुनका लागि आमा हुनुपर्छ भन्ने मान्यता मानसीका लागि महत्त्वपूर्ण थियो । त्यसैले यो उपन्यास अन्त्यका दृष्टिले सुखान्तक उपन्यास हो ।

### ३.२.३ पात्र

उपन्यासमा पात्रहरू कथावस्तु तथा उद्देश्यसित सम्बद्ध महत्त्वपूर्ण पक्ष हुन् । कथावस्तुसित सम्बद्ध विविध कथानक तथा तन्तुहरूलाई गति दिने माध्यम पात्र हुन् (बराल,२०६३:३२) । उपन्यासमा प्रयोग गरिने पात्रहरू लोकजीवनका विभिन्न सन्दर्भबाट टिपिएका हुन्छन् । पात्र वा चरित्रले विचार सम्प्रेषण गर्न एक वर्गको प्रतिनिधित्व गर्दछन् । उपन्यासको चरित्र निर्मित हुन्छ तर पनि त्यसले सांसारिक जीवनको बाह्य एवम् आन्तरिक प्रवृत्तिहरूको मूल स्वरूपलाई पक्रिएको हुन्छ । चरित्रको माध्यमबाटै व्यक्तित्व तथा वृहत् समाजको उदघाटन गर्ने काम उपन्यासले गर्दछ । "विगत र अनागतलाई वर्तमानसम्म तानेर ल्याउने तत्त्व पनि चरित्र नै हो (सुवेदी,२०५३:१७) । यसरी तानेर पाठकसम्म ल्याएको वस्तु सम्प्रेषण गर्न जाँगर देखाउने तत्त्व पनि उपन्यास भित्र चरित्र नै हो । उपन्यासमा चित्रण गरिएका चरित्रहरू सांसारिक जीवन विभिन्न बाटाबाट लिइएका हुनाले तिनमा भिन्नता पाइएको हो । देश, काल, परिस्थिति अनुसार

पात्रका गुणहरू फरक फरक हुन पुग्छन् । उपन्यासका पात्रलाई पात्रको कार्यभूमिका, प्रवृत्ति, स्वभाव, जीवन चेतना, लिङ्ग, आसन्नता, आवद्धता, आदिका आधारमा वर्गीकरण गरेर अध्ययन गर्न सकिन्छ ।

### ३.२.३.१ भूमिकाका आधारमा 'मानसी' उपन्यासका पात्रहरू

भूमिकाका आधारमा उपन्यासमा वर्णित चरित्रहरूलाई तिन प्रकारमा विभाजन गर्न सकिन्छ ; प्रमुख पात्र, सहायक पात्र, गौण पात्र । उपन्यासमा उनीहरूको स्थान कस्तो छ ? उनीहरूले उपन्यासको कथानकलाई कसरी डोऱ्याएका छन् । यी सबै कुराको दृष्टिगत गरी पात्रको स्थान निर्धारण गरिन्छ । "उपन्यासमा सबै खाले पात्रले उत्तिकै महत्त्वका कार्य गरेका हुँदैनन् । बढी काम गर्ने वा कार्यमूल्य भएका पात्र प्रमुख हुन्छ भने त्यसभन्दा घटी कार्यमूल्य भएको पात्र सहायक र ज्यादै थोरै कार्यमूल्य भएको पात्र गौण हुन्छ (बराल र एटम२०६६:२९) । प्रमुख पात्र उपन्यासको आदिदेखि अन्त्यसम्म समेटिएको हुन्छ । यस्ता पात्रलाई नायक, नायिका भनिन्छ । सहायक पात्रहरू उपन्यासको उद्देश्यसम्म पुग्नको लागि प्रमुख पात्रलाई सहायक हुन्छन् । उपन्यासकारले सांसारिक यथार्थको चित्रण गर्न र उपन्यासलाई रोचक बनाउन गौण पात्रको प्रयोग गरेका हुन्छन् ।"

मानसी उपन्यास थोरै पात्रहरू प्रयोग गरिएको उपन्यास हो । यो उपन्यासमा मुख्यत : हर्ष, मानसी र विनय तिनजना पात्रमा केन्द्रित छ । यी तीन प्रमुख पात्र र अन्य सहायक तथा गौण पात्रको बारेमा तल चर्चा गरिन्छ ।

**(क) मानसी**

मानसी यस उपन्यासकी केन्द्रीय चरित्र तथा मुख्य पात्र हो । उपन्यासको सम्पूर्ण सेरोफेरो मानसीकै केन्द्रीयतामा घुमेको छ । ऊ विशिष्ट बौद्धिक चिन्तन बोकेकी विद्रोही नारीको रूपमा प्रस्तुत भएकी छे । हाम्रो समाजमा रहेको नारी पुरुषबीचको असन्तुलित सम्बन्धप्रति ऊ असन्तुष्ट देखिन्छे । "समाजका अनेक रङ्का कथाहरू बुन्दै तिनलाई धर्म र परम्पराको नाम जोडेर नारीलाई जीवनभर पुरुषको अधीनमा बस्न बाध्य पार्नु, नारीको स्वतन्त्र अस्तित्वको आधिकारमाथि खेलवाड गर्नु पुरुषप्रधान सामाजिक संरचनाको विशेषता हो भन्ने उसले बुझेकी छे" (पाण्डे,२०६४:४४) । उपन्यासको प्रारम्भतिर ऊ हर्षको असल प्रेमिकाको रूपमा स्थापित छे । न्यायाधीश बाबुकी छोरी मानसीमा कोमल र रोमान्सपूर्ण भावका साथै नारी अस्तित्व र अधिकारका लागि सचेत र विद्रोही चेतना समेत पाइन्छ । कुनै पनि विषयमा गहन र बौद्धिक तर्क गर्न सक्नु उसको विशेषता हो । हर्षले पटक पटक गरेको यौन सम्पर्कको आग्रहलाई उसले तर्कपूर्ण तवरले टारिदिन्छे । ऊ विवाह अघिको शारीरिक सम्बन्धले प्रेम नबढाउने बरु घटाउने तर्क गर्दै भन्छे - "हर्ष ! तिमीले सोचको जस्तो अमर्यादित शारीरिक सम्बन्धले प्रेम बढाउँदैन, बरु घट्न सक्छ ।

हेर हर्ष ! हाम्रो सबै परम्पराहरू अव्यवहारिक र रुढिगत मात्र छैनन्, बरु वैज्ञानिक र व्यवहारिक पनि छन्" (पृ. ३४) ।

नारीको जीवन भोगाइमा पुरुषको हस्तक्षेपकारी भूमिका हुनु हुँदैन भन्ने मान्यता राख्ने मानसीले आफ्नो विवाहको निर्णय आफैं गर्न पाएकी छैन । उसले बाबुको भावनात्मक आदेश (इच्छा) मा परेर विनयसँग विवाह गरेकी छे । विवाह जस्तो कुरामा समेत छोरीलाई तेरो इच्छा के छ भनेर एकचोटीसम्म पनि सोध्न आवश्यक नठानेकोमा मन कुँडाउँछे । हर्षलाई धोका दिनु परेकोमा विह्वल बन्छे । विनयबाट सन्तान नभएपछि उसमा मातृत्वको ठूलो छट्पटी हुन्छ । मातृत्वको रक्षाका लागि ऊ वैकल्पिक बाटो खोज्छे । पूर्वप्रेमी हर्षबाट रेतस् दान लिएर सन्तान जन्माउने जस्तो चुनौतिपूर्ण निर्णय लिन्छे । आफ्नो मातृत्व रक्षा गरिदिन हर्षलाई सहवाससका लागि आग्रह गर्छे । आफ्नो शरीर हर्षलाई सुम्पिदा हर्षबाट अस्वीकार भएपछि ऊ आक्रोसित हुँदै भन्छे -

> *"हिजो जब तिमीलाई मेरो शरीर चाहिएको थियो, त्यतिखेर जैविक आवश्यकता भनेर मलाई फकाउन चाह्यौ र मैले शरीर सुम्पन नचाहँदा मलाई दण्ड दियौ । आज जब म आमा बन्नका लागि तिम्रो श्रापबाट मुक्ति पाउनका लागि आफ्नो शरीर सुम्पिन चाहिरहिछु तव तिमी पापको परिभाषा सुनाएर थप दण्डित गर्दै छौ" (पृ. ७२) ।*

अन्ततः उसले हर्षसँग सहवास गर्छे । छोरी जन्माउछे । छोरीलाई पतिले अस्वीकार गरेपछि उसले मातृत्वको पक्ष लिँदै विनयको नामको सिन्दुर र पोते त्याग्छे । हर्षबाटै छोरीको न्वारन गर्छे ।

नारी मातृत्वको उच्च मूल्याङ्कन गर्नु **मानसी** उपन्यासको महत्त्वपूर्ण पक्ष हो । उपन्यासको उद्देश्य अनुरूप नै नारी स्वतन्त्रताको स्थापना र नारी अस्तित्वको रक्षा मानसीबाट भएको छ । उपन्यासको उद्देश्य प्राप्तिका लागि मानसीको भूमिका प्रमुख छ । समग्र शोषित नारीको प्रतिनिधित्व गर्दै मानसीले मातृत्व रक्षाका लागि विद्रोह गरेकी छ । फलस्वरूप नारी अस्तित्वका लागि पति, घर, सम्पत्ति समेत त्याग्ने मानसी प्रमुख, गतिशिल, मञ्चीय, बद्ध, विद्रोही र स्वभावकी नारी पात्र हो ।

**(ख) हर्ष**

उपन्यासमा हर्ष मानसीको असल प्रेमीको रूपमा देखा परेको छ । ऊ पुरुषप्रधान समाजले नारीमाथि गरेको शोषण र अन्यायको विरोधी पुरुष पात्र हो । नारी अस्तित्व र अधिकारको शोषणका लागि हाम्रो वर्तमान समाज मात्र होइन, हाम्रा धर्मशास्त्रको समेत अपब्याख्या गर्ने गरिएको धारणा उसको छ । उपन्यासको आरम्भ नै उसको नारी मुक्तिको आकाङ्क्षा सहितको यस्तो गहन विचारबाट भएको छ :

*"सतीप्रथाको युग प्रारम्भ भएको त्यो बेला सम्भवतः पुरुषप्रधान समाजको चरमोत्कर्षको युग थियो । सतीको नाममा नारीलाई जिउँदै जलाउने पुरुषहरूको त्यो 'दानवीय कालखण्ड' थियो । आफू सभ्य र कुलीन देखिन जिउँदै जलाइएका नारीहरूलाई धर्मको जलप लगाएर 'देवी' को ईश्वरीय पदवी प्रदान गरियो । आफ्नै जननीलाई जिउँदै जलाएर त्यसैमा गर्व गर्ने पुरुषजातिको चरम क्रुरतालाई बुझ्न सिङ्गो युग नै पर्खनु पऱ्यो"* (पृ. १) ।

हर्ष मानसीलाई आत्मिक प्रेम गर्छ । शारीरिक परीक्षण गर्दा विनयको षड्यन्त्रले असक्षम भएपछि मानसीको जीवन नबिगार्ने सोचले मानसीबाट टाढा हुन विदेश जान्छ । यसबाट हर्षनारी अस्तित्वप्रति सम्वेदनशील छ भन्ने थाहा हुन्छ । मानसीले विनयसँग विवाह गरे पनि हर्ष कुनै नारीलाई धोका नदिने उद्देश्यले अविवाहित नै बस्छ । कालान्तरमा मानसी र उसको भेट हुन्छ । मातृत्वको पीडाले छट्पछटाएकी मानसीले ऊसँग रेतस् दानको आग्रह गर्छे तर उसले अस्वीकार गर्छ तर मानसीको तीब्र हठका अगाडि उसले हार्छ  र मानसीसँग सहवास गर्छ । मानसी आमा हुन्छे । मानसीले विनयलाई त्यागेर हर्षबाटै छोरीको न्वारन गराउँछे । यो कार्यमा हर्षले मानसीलाई सहयोग गर्छ ।

यसरी नारीमाथि शोषण गर्ने मामलामा सबै पुरुषहरू एउटै ड्याङका मुला हुन् भन्ने खालको साँघुरो सोच पाल्ने नारीहरूका लागि पनि हर्षको चरित्र एउटा राम्रो पाठ साबित हुन सक्छ (पाण्डे,२०६४:४५) । पुरुषप्रधान समाज मानसिकताको जरा खोतल्ने मामलामा हर्षको सक्रियता मानसीको भन्दा कति पनि कम देखिएको छैन । उपन्यासकार मजगैयाँले पुरुषप्रधान समाजका त्रुटीहरू केलाई त्यसमा सुधार गर्न हतारो भैसकेको छ भन्ने कुरालाई अभिव्यक्ति दिनका लागि उपन्यासभित्र मानसीलाई मात्र हाइन, हर्षलाई पनि उस्तै प्रखर ढङ्गले उपयोग गरेका छन् ।

नारीको इच्छा र आकाङ्क्षाको भरपूर सम्मान गर्ने हर्ष उपन्यासको आदर्श नायक हो । पुरुषप्रधान समाजमा महिलाको असन्तुलित स्थान प्रति असन्तुष्ट ऊ उपन्यासको उद्देश्य प्राप्तिका लागि स्थापित केन्द्रीय पुरुष पात्र हो । ऊ नारी अस्तित्वको रक्षकको रूपमा देखापरेको छ । उपन्यासको आदि उसको दार्शनिक व्याख्याबाट भएको छ भने उपन्यासको अन्त्य पनि उसैबाट छोरीको नामकरण कार्य प्रारम्भसँगै भएको छ । त्यसैले हर्ष **मानसी** उपन्यासको प्रमुख, मञ्चीय, बद्ध, अनुकूल, आदर्श, स्थिर पुरुष पात्र हो ।

**(ग) विनय**

यस उपन्यासमा विनय प्रतिकुल चरित्र भएको प्रमुख पात्र हो । ऊ षडयन्त्र र अरुका विचार सापटी लिएर अरुलाई जित्न चाहन्छ । जीतपछि जीतलाई आत्मसाथ गर्न सक्दैन । नचाहिँदो घमण्ड देखाउँछ । ऊ मानसीलाई जसरी पनि आफ्नो बनाउन खोज्छ ।

त्यसका लागि ऊ हर्षलाई मानसीको अगाडि बेइज्जत गर्न र शारीरिक परीक्षणको नाटक रची आफू नपुंसक हुँदाहुँदै रिपोर्ट साटेर हर्षलाई नपुंसक देखाउन समेत पछि पर्दैन । मानसीलाई आफ्नो बनाउनकै लागि मानसीका बुबाको उपचारमा सहयोग गर्छ र मानसीका बुबाको मन जित्छ । मानसीका बुबाकै अन्तिम इच्छाकै कारणले उसले मानसीसँग विवाह गर्छ । हर्ष र मानसीको पवित्र प्रेमलाई टुक्र्याइदिन्छ । उसले हर्षलाई सदाका लागि हराएको भन्दै गर्व गर्छ । उसले विवाह गरेको आठ वर्षसम्म पनि मानसीलाई सन्तान सुख दिन सक्दैन । आफू नपुंसक भएको कुरा ढाकछोप गर्न डाक्टरी नक्कली रिपोर्ट मानसीलाई बारम्बार देखाउँछ । मानसीको मातृत्वको चाहनालाई मत्थर पार्न खेलौनाले घर भर्छ । आफ्नी श्रीमतीलाई मातृत्व प्रदान गर्न नसके पनि ऊ अफिसकी कारिन्दा शालिनीलाई पदोन्नतिको प्रलोभनमा पारेर यौन शोषण गर्छ । सधैं सन्तानका लागि तड्पिए जस्तो गर्ने विनय मानसी गर्भवती भएपछि कुलतमा फस्छ किनकी ऊ नपुंसक छ । मानसीबाट छोरी जन्मिएपछि छोरी विनाकी मानसीलाई मात्र स्वीकार गर्ने बताउँछ । अन्त्यमा आफूले गरेका सबै षडयन्त्रहरू मानसीलाई पाउनकै लागि गरेको कुरा खोल्छ । मानसीले उसलाई त्यागेपछि उसको जीवन माझीबिनाको डुङ्गा झै लथालिङ्ग हुन्छ ।

विनय हर्षभन्दा उल्टो चरित्रको पात्र हो । उपन्यासमा ऊ खलपात्रको रूपमा सक्रिय भएको छ । विनय नारी जातिलाई पुरुषहरूको भोग्याको रूपमा मात्र बुझ्दछ । उसले बेलाबेलामा आदर्श पुरुषको अभिनय गर्ने प्रयास गरेपछि यथार्थमा नारीहरू प्रतिको उसको पापी दृष्टि कतै पनि खुलासा हुन बाँकी छैन । विनयको चरित्र र व्यवहारका माध्यमबाट उपन्यासकार आफ्ना पाठकलाई पितृसत्ताको कुरूप स्वरूपको दर्शन गराउन सफल भएका छन् (पाण्डे,२०६४:४६) ।

यसरी विनय नारी शोषणमा रमाउने पुरुषप्रधान समाजको प्रतिकुल वर्गीय पात्र हो । उपन्यासको सुरुदेखि अन्त्यसम्म उसको प्रमुख भूमिका रहेको छ । त्यसैगरी ऊ गतिहीन, मञ्चीय, बद्ध पात्र हो ।

**(ख) 'मानसी' उपन्यासका सहायक तथा गौण पात्रहरू**

उपन्यासका प्रमुख पात्रहरूको भूमिकालाई सहयोगी बन्ने पात्रहरू नै सहायक पात्र हुन् । यी पात्रहरूले उपन्यासको अभिष्ट प्राप्त गर्नको लागि भूमिका निर्वाह गरेका हुन्छन् । **मानसी** उपन्यासमा सीमित मात्र सहायक पात्रको प्रयोग गरिएको छ । मानसीको बुबा, शालिनी र विनयका सानोबुबा र सानीआमा यस उपन्यासकमा सहायक पात्र हुन् । मानसीका बुबा पेशाले न्यायाधीश हुन् । श्रीमतीको मृत्युपछि अर्की श्रीमती विवाह नगरी मानसीलाई सुखसाथ हुर्काउने र पढाउने काम उनले गरेका छन् । जीवनभर अरुलाई न्याय दिने काम गरेपनि जीवनको अन्तिम क्षणमा छोरी (मानसी) को विवाह उसको इच्छा विपरीत विनयसँग गराएर अन्याय गरेका छन् । त्यसैले उनी हाम्रो

समाजका प्रतिनिधि बाबु  हुन् । उपन्यासमा उनको भूमिका छोटो भए पनि मानसीको विवाहमा उनको महत्त्वपूर्ण भूमिका रहेको छ । त्यसैले उनी मञ्चीय, बद्ध र वर्गीय पुरुष पात्र हुन् । शालिनी क्षणिक लोभलालच र बैशालु मोजमस्तीमा परपुरुषसँग रमाउने नारी पात्र हो । ऊ आफ्नै हाकिम (विनय) सँग पदोन्नतिको लोभमा आफ्नो अस्मिता लुटाउँछे । तर वियनको षडयन्त्रमूलक व्यवहार बुझेपछि विनयलाई तिरस्कार गर्छे । त्यसैले शालिनी वर्गीय, गतिशील, मञ्चीय र बद्ध पात्र हो । विनयका सानोबुबा र सानीआमाको भूमिका उल्लेखनीय नभए पनि उनीरुको भेटले नै हर्ष र विनयले आफ्नो शारीरिक परीक्षण गराउँछन्, जुन घटनाले उपन्यासमा ठूलो परिवर्तन ल्याएको छ ।  त्यसैले उनीहरू पनि बद्ध र  मञ्चीय पात्र हुन् ।

**मानसी** उपन्यासमा थोरै गौण पात्र छन् । हर्षको घरमा काम गर्ने शान्त भाइ, हर्षको बुबा, मानसीकी सानी छोरी, न्वारन गर्न आएका पण्डित उपन्यासका गौण पात्रहरू हुन् । यी मध्ये शान्त र पण्डित केही छोटो भूमिकाका पात्र हुन् भने अन्य पात्र भूमिका विहीन पात्र हुन् ।

## ३.२.३.२ चिन्तनका दृष्टिले 'मानसी' उपन्यासका पात्रहरू

चिन्तन वा प्रवृत्तिका आधारमा उपन्यासमा अनुकूल र प्रतिकूल गरी दुई प्रकारका पात्रहरू उपस्थिति हुन्छन् । उपन्यासमा उपन्यासकारले सकारात्मक र नकारात्मक दुवै प्रवृत्तिका पात्रहरूको सिर्जना गरेर आफ्नो उद्देश्यलाई उजागर गरेका हुन्छन् । सकारात्मक भूमिकामा आएका पात्र वा चरित्रलाई अनुकुल पात्र भनिन्छ । यस्ता पात्रले पाठकको सहानुभूति प्राप्त गर्दछन् । खासगरी यस्ता पात्रहरू जीवन र जगत्को सत्पक्षलाई अङ्गीकार गर्दछन् । अर्कातिर यसको विपरीत प्रतिकूल पात्रहरू भने नकारात्मक भूमिकामा हुन्छन् । प्रतिकुल पात्रहरू प्रति पाठकको सहानुभूति रहँदैन ।

**मानसी** उपन्यासमा प्रतिकुल र अनुकूल दुवै किसिमका पात्रहरू भेटिन्छन् । उपन्यासका प्रमुख पात्रहरू वा नायक नायिका हर्ष र मानसी दुवै सत् चरित्रका अनुकूल पात्र हुन् । "यो उपन्यासको प्रमुख उद्देश्य नारी अस्तित्वको स्थापना हो" (पाण्डे, २०६४ : ४४) । यस उद्देश्य प्राप्तिका लागि मानसीको सङ्घर्षपूर्ण र केन्द्रीय भूमिका रहेको छ । मानसीको यो लक्ष्यका लागि हर्षले उसलाई सुरुदेखि अन्त्यसम्म साथ दिएको छ । उपन्यासको अन्त्यमा मानसीले नारी मातृत्वको लँडाइ जितेकी छे । त्यसमा हर्षको सहयोग महत्त्वपूर्ण रहेको छ अथवा उसको सहयोग विना मानसी सफल हुन सक्ने थिइन । त्यसैले उनीहरू पाठकको सहानुभूति प्राप्त गर्न सफल भएका छन् । उपन्यासमा विनयका सानोबुबा, सानीआमा, शान्त, भाइ, हर्षको बुबा, मानसीका बुबा, पण्डित जस्ता सहायक तथा गौण पात्रहरू पनि अनुकुल पात्रहरू नै हुन् । विनय यस उपन्यासको प्रतिकूल पात्र हो ।  उसले नारीलाई खेलौना सम्झिने चिन्तन बोकेको छ । उसले नारी

अस्मिता र अस्तित्वको अलिकति पनि हेक्का राखेको छैन । उसले मानसीलाई पाउनको लागि गरेका षडयन्त्रहरूका कारण पाठकले उसलाई सहानुभूति हैन घृणा गर्दछन् । त्यसैले शालिनी पनि यस उपन्यासकी प्रतिकूल सहायक नारी पात्र हो । यस उपन्यासमा अनुकूल र प्रतिकूल दुवै चिन्तनका पात्रको भूमिका महत्त्वपूर्ण रहेको छ ।

### ३.२.३.३ स्वरूपका आधारमा 'मानसी' उपन्यासका पात्रहरू

स्वरूपका आधारमा उपन्यासमा दुई थरी पात्र हुन्छन्; गतिशील र स्थिर । उपन्यासमा परिस्थिति अनुसार बदलिने पात्र गतिशील हुन्छ । परिस्थिति बदलिए पनि उस्तै जीवन बिताइरहने र बिचलन नआउने पात्र स्थिर वा गतिहीन हुन्छ । ऊ आदर्शमा दृढ रहन्छ । "बातावरण वा कुनै घटनाले गर्दा परिवर्तन हुने पात्र गतिशील हुन्छ । आदिदेखि अन्त्यसम्म चारित्रिक दृष्टिले भिन्नता नआउने पात्र गतिहीन हुन्छ" (बराल र एटम,२०६६:२८) ।

**मानसी** उपन्यासमा गतिशील र गतिहीन (स्थिर) दुवै स्वभावका पात्रको प्रयोग गरिएको छ । मानसी विनय र शालिनी उपन्यासका गतिशील पात्र हुन् । मानसी हर्षलाई पवित्र प्रेम गर्छे तर  परिस्थितिको परिबन्धमा परेर विनयसँग विवाह गर्छे । विनयसँग पनि केही समय खुसी नै भएकी मानसी सन्तान नभए पछि पुनः हर्ष (पूर्वप्रेमी)बाट गर्भधारण गर्छे र सन्तान जन्माउँछे । मातृत्वका लागि पति विनयलाई त्यागिदिन्छे । यो उसमा आएको परिस्थितिजन्य गतिशीलता हो । त्यसैगरी विनयउपन्यासको आरम्भमा उदण्ड, षडयन्त्रकारी रूपमा देखापर्छ तर उपन्यासको मध्यमा ऊ एकदमै सहयोगी र भलादमी भएको छ । उसले मानसीको बुबा विरामी हुँदा काठमाडौंदेखि मुम्बईसम्मको अस्पतालमा मानसीलाई धेरै सहयोग गर्छ । मानसीको बुबाको मन जित्न सफल हुन्छ र मानसीसँग विवाह गर्छ । विवाह पश्चात् सुरुसुरुमा मानसीलाई हार्दिक प्रेम गर्छ तर मानसी गर्भवती भएपछि दुर्व्यवहार गर्न थाल्छ । आफू पनि कुलतमा फस्न थाल्छ । यसरी विनयमा समयसँगै सकारात्मक र नकारात्मक परिवर्तन देखापरेका छन् । त्यसैले विनय गतिशील पात्र हो ।

**मानसी** उपन्यासमा हर्ष एकमात्र स्थिर प्रमुख पात्र हो । पुरुषप्रधान समाजमा नारीको पनि सन्तुलित अधिकार हुनुपर्छ भन्ने उसको मान्यता उपन्यासको सुरुदेखि अन्त्यसम्म अविचलित रहेको छ । मानसीलाई चोखो प्रेम गर्ने ऊ आफू नपुंसक भएको थाहा पाएसँगै मानसीकै मातृत्वका लागि उसबाट टाढिने र जीवनभर अविवाहित नै बस्ने निर्णय गर्छ । यहाँ उसको स्थिरता देखिन्छ । यस उपन्यासमा प्रयोग भएका अन्य सहायक तथा गौण पात्रहरू (हर्षका बुबा, मानसीका बुबा, विनयका सानोबुबा र सानीआमा, शान्त भाइ) सबै गतिहीन (स्थिर) स्वरूपका नै हुन् ।

### ३.२.३.४ जीवन चेतनाका आधारमा 'मानसी' उपन्यासका पात्रहरू

जीवन चेतनाका आधारमा पात्रहरू दुई प्रकारका हुन्छन् : वर्गीय र व्यक्तिगत । निश्चित सामाजिक वर्गको भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्व गर्ने पात्र वर्गीय हुन्छ । आफ्नो निजी स्वभाव र वैशिष्ट्य तथा वैयक्तिकताको प्रतिनिधित्व गर्ने पात्र व्यक्तिगत हुन्छ । उपन्यासको पात्र सामाजिक जीवनको तुलनाबाट यसको निर्धारण गरिन्छ (बराल र एटम,२०६६:३०) ।

**मानसी** उपन्यासमा व्यक्तिगत र प्रतिनिधिमूलक (वर्गीय) दुवै प्रकारको जीवन चेतना भएका पात्रहरूको उपस्थिति पाइन्छ । मानसी, हर्ष व्यक्तिगत जीवन चेतना भएका प्रमुख पात्र हुन् । मानसी एक विद्रोही नारी पात्र हो तर उसमा देखिएको विद्रोही चेतना र क्षमता आम नेपाली नारीमा सहजै पाउन सकिँदैन । उपन्यासको सुरुवातदेखि मध्यक्रमसम्म मानसी प्रतिनिधिमूलक नै देखिन्छे । सहपाठीसँग प्रेममा पर्नु, आफ्नो इच्छा विपरीत बाबुको आर्दशमा प्रेमीलाई छोडेर विनयसँग विवाह गर्नु ऊ हाम्रै समाजमा रहेका नारीकै प्रतिनिधि झैं लाग्छे तर उसको आफ्नो मातृत्व रक्षाका लागि परपुरुषबाट गर्भधारण गर्नु, छोरीलाई तिरस्कार गर्ने लोग्नेको सिन्दुर पोतेबाट मुक्त भएको घोषणा गर्नु आदि कार्य आमनेपाली नारीको भन्दा उच्च विद्रोहात्मक देखिन्छ । त्यसैले मानसी व्यक्तिगत पात्र हो । हर्ष आजको छली र कपटपूर्ण समाजमा रहेको इमान्दार र असल प्रेमीको रूपमा देखापरेको छ । हर्ष जस्ता त्यागी पात्र आजको समाजमा बिरलै पाइन्छ । विनय, शालिनी वर्गीय पात्र हुन् । विनयले पितृसत्तात्मक सोच भएका पुरुषहरूको प्रतिनिधित्व गर्छ । त्यस्तै शालिनीले वैशको जोस र आर्थिक प्रलोभनमा परी परपुरुषसँग सम्बन्ध राख्न नहिच्किचाउने आजभोलिका नारीहरूको वर्गीय प्रतिनिधित्व गर्छे । मानसीको बाबु छोरीको विवाहको निर्णयमा आफ्नो इच्छा लाद्न खोज्ने बाबुको प्रतिनिधि पात्र हो ।

### ३.२.३.५ लिङ्गका आधारमा 'मानसी' उपन्यासका पात्रहरू

कुनै पनि कृतिमा प्रयुक्त मानवीय पात्रलाई लिङ्गका आधारमा दुई भागमा विभाजन गर्न सकिन्छ, नारी पात्र र पुरुष मात्र । उपन्यासमा नारी र पुरुष दुवै पात्रको समान प्रयोग पाइन्छ । **मानसी** उपन्यास नारी चरित्रकेन्द्री उपन्यास हो । यो उपन्यासको समग्र कथानक नै मानसी नामकी नारी पात्रको वरिपरी घुमेको छ । थोरै सङ्ख्यामा पात्रहरू प्रयोग गरिएको यो उपन्यासमा मानसीका अतिरिक्त शालिनी, विनयकी सानीआमा, मानसीकी छोरी, केही नर्सहरू जस्ता नारीपात्र भेटिन्छन् भने हर्ष, विनय, हर्षको बुबा, मानसीको बुबा, विनयको सानोबुबा, शान्त भाइ, पण्डित जस्ता पुरुष पात्रहरूको प्रयोग भएको छ ।

### ३.२.३.६ आसन्नताका आधारमा 'मानसी' उपन्यासका पात्रहरू

उपन्यासको कथानकमा हुने पात्रको उपस्थितिलाई आसन्नता भनिन्छ । यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा उपस्थिति भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय हुन्छ भने कथयिता वा अन्य पात्रले उल्लेख वा नामोच्चारण मात्र भएको पात्र नेपथ्य हुन्छ (बराल र एटम, २०६६:३०) । मञ्चीय पात्रहरूउपन्यासको कथानक परिवर्तनमा आएका हुन्छन् भने नेपथ्य पात्रहरू स्मरण, कथन आदिमा आएका हुन्छन् ।

**मानसी** उपन्यास थोरै पात्र प्रयोग गरिएको उपन्यास हो । यस उपन्यासमा मञ्चीय र नेपथ्य गरी दुवै प्रकारका पात्रहरूको समावेश भएको छ । मानसी, हर्ष, विनय, शालिनी, मानसीका बुबा, विनयका सानोबुबा, सानीआमा, शान्त भाइ, पण्डित, आदि पात्रहरू मञ्चीय पात्र हुन् यी पात्रहरूको कथानक विकासमा स्पष्ट भूमिका देख्न सकिन्छ । त्यसैगरी क्याम्पसको प्रतियोगिताका निर्णायक मण्डलका सदस्यहरू, क्याम्पसका पाले, अस्पतालका डाक्टरहरू, धामी, झाँक्री, ज्योतिष, मानसिकी छोरी आदि यस उपन्यासमा नेपथ्य पात्रहरू हुन् । यी पात्रहरू मञ्चीय पात्रको स्मरण, कथन आदिमा प्रसङ्गबस आएका छन् ।

### ३.२.३.७ आबद्धताका आधारमा 'मानसी' उपन्यासका पात्रहरू

आबद्धता भनेको बद्ध हुनु वा बाँधिनु हो । उपन्यासको कथानकसँग पात्रको सम्बन्ध भन्ने कुराको चित्रणबाट थाहा हुन्छ । उपन्यासको कथानकसँग पात्रको सम्बन्धलाई आबद्धता भनिन्छ । यस आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन्(बराल र एटम,२०६६:२०) । उपन्यासमा बद्ध पात्रहरू झिकिदिने हो भने त्यसको संरचना विग्रिन्छ । यिनीहरूको भूमिका कथानकमा महत्त्वपूर्ण हुन्छ । मुक्त पात्रहरूको भूमिका उपन्यासमा न्यून र नगन्य हुन्छ । उपन्यासबाट यस्ता मुक्त पात्र झिकिदिने हो भने पनि उपन्यासको कथानकको संरचनामा खासै फरक पर्दैन ।

**मानसी** उपन्यासमा बद्ध र मुक्त दुवै थरीका पात्रहरू छन् । मानसी, हर्ष र विनय उपन्यासका बद्ध पात्रहरू हुन् । कथानकको संरचना र विकासमा यिनीहरूको महत्त्वपूर्ण भूमिका छ । यिनीहरू मध्ये कुनै एकलाई मात्र पनि झिकिदिने हो भने उपन्यासको पुरै कथानकमा विचलन आउँछ । उपन्यासको आरम्भदेखि अन्त्यसम्म यिनीहरू निरन्तर आउनुका साथै उपन्यासको उद्देश्य यिनीहरूकै चरित्रमा निहीत छ । त्यसैगरी मानसीको बुबा, शालिनी, विनयका सानोबुबा-सानीआमा पनि बद्ध पात्र नै हुन् हर्षका बुबा, शान्त भाइ, मानसीकी छोरी, पण्डित आदि यस उपन्यासका मुक्त पात्र हुन् किनकी उपन्यासले यी पात्रको अभावमा पनि खासै क्षति बेहोर्नु पर्दैन ।

माथि उल्लिखित पात्रहरूको विभाजनलाई तालिकामा निम्नानुसार देखाउँन सकिन्छ :

### ३.२.३.८ पात्र वर्गीकरणका आधारहरू

तालिका नं. १

| क.सं. | पात्रहरू | लिङ्ग | आबद्धता | चिन्तन | स्वरूप | जीवन चेतना | आसन्नता | भूमिका |
|---|---|---|---|---|---|---|---|---|
| १ | मानसी | स्त्री | बद्ध | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | प्रमुख |
| ३ | विनय | पुरुष | बद्ध | प्रतिकूल | गतिशील | वर्गीय | मञ्चीय | प्रमुख |
| ४ | शालिनी | स्त्री | बद्ध | प्रतिकूल | गतिशील | वर्गीय | मञ्चीय | सहायक |
| ५ | मानसीका बुबा | पुरुष | बद्ध | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय | सहायक |
| ६ | अन्य पात्रहरू | स्त्री/पुरुष | मुक्त | - | - | - | नेपथ्य | गौण |

### ३.२.४ संवाद

पात्र-पात्रबिचको वार्तालापलाई संवाद भनिन्छ । संवादलाई अर्को शब्दमा कथोपकथन पनि भनिन्छ । संवादले उपन्यासमा सजीवता प्रदान गर्ने काम गर्दछ । संवाद वा कथोपकथनको सम्बन्ध कथावस्तु र पात्रसित हुन्छ । कथाको विकास, चरित्र चित्रण, लेखकको आशय स्पष्ट गर्न संवादको सहायता लिइन्छ । "कथोपकथन उपन्यासको नाटकीय तत्त्व हो - नाकटमा अभिनयद्वारा व्यक्त्याइने कुरा उपन्यासमा संवादद्वारा चित्रित गरिन्छ भन्ने कुरा सर्वथा सत्य हो"(प्रधान,२०६१:९) । उपन्यासको संवाद कथानक र पात्रको स्तर अनुरूपको सुहाउँदो हुनु पर्छ  कलात्मक संवादले उपन्यासलाई जीवन्तता दिन्छ तर अति कलात्मक आग्रहले संवाद कृत्रिम हुनपुग्छ । त्यसैले संवादमा समुचित सन्तुलन र समन्वय हुनु आवश्यक हुन्छ । पात्रको प्रत्यक्ष अभिव्यक्ति उसको मनभित्रको अर्न्तद्वन्द्व, दुई पात्रबीचको विचारको अभिव्यक्ति संवादबाटै सम्भव हुन्छ । तसर्थ संवाद उपन्यासको महत्त्वपूर्ण तत्त्व मानिन्छ ।

मानसी उपन्यासको रोचक, तर्कपूर्ण र बौद्धिक संवादहरू प्रयोग भएका छन् । यहाँ प्रायः सबै पात्रको संवादमा उच्चस्तरको मानक भाषाको प्रयोग भएको पाइन्छ । यसभित्र हर्ष र मानसीबीचमा भएका बौद्धिक बहसका संवादहरू र उनीहरूले नै गरेका प्रेममय संवादहरू उल्लेख छन् । हर्ष र मानसीले विनयका बारेमा गरेको वार्तालापको एक अंश यहाँ उल्लेख गरिन्छ । जसलाई उपन्यासको बौद्धिक स्तरको संवाद मान्न सकिन्छ -

> *मानसीले हर्षतिर हेरेर भनी, "हर्ष ! मानिस सायद जीवनमा आफूले बनाएको विश्वासलाई अन्तिम सत्य मान्छ तर ती विश्वासहरू कहिलेकाहीँ सामान्य घटनाबाट चकनाचूर हुने रहेछन् र त रत्नाकरबाट वाल्मीकिहरूको जन्म हुने रहेछ ।"*
>
> *मानसीका कुरा सुनेर हर्षले भन्यो "मानसी हामीले केटाकेटीदेखि नै रत्नाकरबाट वाल्मीकि बनेका उदाहरणहरू सुन्दै आएका छौं तर रत्नाकरको जन्म कसरी भयो ? एउटी आमाको कोखबाट जन्मिएको अवोध शिशु कसरी डाँकु रत्नाकर बन्यो ? भन्नेतिर हाम्रो ध्यान कहिल्यै गएन । एउटा सामान्य व्यक्ति रहरले रत्नाकर बन्न अवश्य चाहेन होला ! हाम्रो समाजमा यसको समाजशास्त्रीय खोज हुन सकेन । यदि यस्ता रत्नाकरको जन्म नै रोक्न सकियो भने वाल्मीकिको आवश्यकता नै किन पर्थ्यो र ? अर्को अर्थमा सबै वाल्मीकि बन्ने थिए ।"*

*मानसीले भनी "मैले त सामान्य हिसाबले वाल्मीकिको उदाहरण दिएकी थिएँ । हामीले यसको कारणबाट विनयमा परिवर्तन आयो भन्ठानेका थियौँ तर हामीले पनि विनयको जन्मको बारेमा जानेका रहेनछौँ । तिम्रो कुराले मलाई गम्भिर तुल्यायो ।"* (पृ. २१)

यस्ता लामालामा र उच्चस्तरको भाषा प्रयोग भएका संवादहरूउपन्यासमा प्रशस्त पाइन्छ । त्यसैगरी हर्ष र मनसीबीचमा भएका ठट्यौला संवादले उपन्यासको भाषालाई रसिलो बनाएको छ । उनीहरूको बीचमा भएको फोने संवादलाई उदाहरणको रूपमा लिन सकिन्छ ।

*"बौलाहा बनेर जिन्दगी चल्छ कि क्या हो ?"*

*"त्यसो भए पढाइमा मन लगाउने के उपाय छ भन न ?"*

*"छ नि किन नहुनु ? टुप्पी कस्ने अनि पढ्ने . . . ।"*

*"त्यो भन्दा उत्तम उपाय त मसँग नै छ नि ?" हर्षले भन्यो ।*

*"के हो ? भन त !"*

*हर्षले भन्यो "फोनमा हुँदैन तिमी मैकहाँ आऊ ।"*

*मानसीले भनी, "नाइँ तिम्रो बुबा . . . ?"*

*"दुई चार दिन म फ्रि छु, बुबा बाहिर जानु भा'छ ।"*

*"त्यसो भए झन् आउँदिन ।"*

*"मानसी ! म माथि भरोसा छैन ?"*

*मानसीले हाँस्दै भनी "भर त छ तर विश्वास छैन ।"*

*"त्यसो भए आउँदिनौ त ।"*

*"आउँछु ।"*

*"आउन न त ।"*

*"पन्चैबाजा तयार छन् ?"*

*"बजाउँला नि त ।"*

*"कसरी बजाउँछौ ?"*

*"सि.डी., भी.सी.डी. आदिमा हुन्छन् नि" (पृ. २४) ।*

विनय र शालिनीबीचको संवादमा एउटी महिला कर्मचारीलाई पदोन्नतिको प्रलोभन देखाएर शारीरिक शोषण गर्न खोजेको भाव व्यक्त भएको पाइन्छ । जस्तै

> *"तिमी मेरो अफिसको सहयोगी मात्र होइनौ मेरो शुभचिन्तक पनि हौ, होइन त ?"*
>
> *"यो त मेरो कर्तव्य हो सर ! सधैं तनावमा बसियो भने अफिसको काममा नराम्रो असर पर्छ । सरको तनाव देखेर सरको खुसीमा ध्यान दिएर मैले यसो गर्नुपरेको ।"*
>
> *"तर बुझ्यौ शालिनी मैले भने तिम्रो निम्ति केही गर्न सकिराखेको छैन ।"*
>
> *"किन त्यो हुन्थ्यो सर ? हजुरकै सहयोगले म आज यतिकी बन्न सकेकी । अन्यथा कताकता भौतारिनु पर्थ्यो ।"*
>
> *"तिमीजस्ती प्रतिभावान् केटीले भौतारिनु पर्दैनथ्यो, तिमीलाई अझ राम्रो केही गरिदिनु छ "(पृ. ८०) ।*

यो उपन्यास नारी अस्तित्वमा केन्द्रित भएको हुनाले यसका नायक नायिका वा हर्ष र मानसीका संवादहरू पनि यसै विषयमा केन्द्रित छन् । विशेष गरी मानसीले बोलेका संवादहरू तर्कपूर्ण, बौद्धिकर वर्णनात्मक शैलीका लामालामा छन् । यो उपन्यासका पात्रहरू शिक्षित र बौद्धिक भएकोले सोही अनुकूलकै संवादको प्रयोग भएको छ ।

## ३.२.५ परिवेश

उपन्यासमा परिवेश चित्रणले देशकाल र वातावरणलाई समेट्छ । उपन्यास समाजमै रहेका मानिसहरूको गतिविधिको कलात्मक र प्रभावात्मक प्रस्तुति हो । उपन्यास मानवकै विभिन्न घटना र क्रियाकलापहरूको अध्ययन भएकोले यसैको पृष्ठभूमिमा रहेको समाज प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रस्तुत भएको हुन्छ । समाजको एउटा निश्चित ठाउँ र समय विशेषको चित्रण नै परिवेश हो (थापा,२०६६:१३७) । परिवेशलाई शब्दान्तरमा कार्यपीठिका वा पर्यावरण पनि भनिन्छ । परिवेश अन्तर्गत चरित्रका व्यक्तिगत व्यवहार, सामाजिक परम्परा, संरचना, रीतिरिवाज, नैतिक तथा प्राकृतिक पृष्ठभूमिको वातावरण जम्मै पर्दछ । वास्तवमा उपन्यासमा परिवेश भनेको समय र स्थानको सीमा हो । परिवेशले उपन्यासलाई प्रभावकारी र तीव्र बनाउन महत्त्वपूर्ण भूमिका खेल्दछ । यसले पात्रको कार्यव्यापार निर्माणमा पनि महत्त्वपूर्ण भूमिका खेल्छ । परिवेशको सजीव चित्रणले उपन्यासलाई यथार्थपरक बनाउँछ । तसर्थ

उपन्यासमा परिवशेको स्थान महत्त्वपूर्ण रहेको  हुन्छ । उपन्यासको परिवशेलाई भौतिक, अञ्चलिक र मानसिक परिवेश भनेर विभाजन पनि गरिन्छ । उपन्यासमा वर्णित प्रकृति चित्रण र समाज चित्रणलाई भौतिक र मनोवैज्ञानिक चित्रणलाई मानसिक परिवेशका रूपमा लिइन्छ ।

**मानसी** उपन्यासलाई भौतिक परिवशेका दृष्टिले हेर्दा यसमा देशकाल र वातावरण तथा समयको स्पष्ट संयोजन पाइँदैन । उपन्यासको भौतिक वा बाह्य परिवेशको रूपमा काठमाडौं उपत्यका बाहिरको नाम नखुलाएको कुनै विकसित सहर, एउटा कलेज, हर्ष र मानसीको घर, रेस्टुरेन्ट, रिसोर्ट, राजधानी काठमाडौं, त्यहीकै कुनै अस्पताल जहाँ हर्ष र विनयले शुक्रकीट परीक्षण गराउँछन्, मुम्बई सहरको जसलोक अस्पताल जहाँ मानसीको बुबालाई थप उपचारको लागि रिफर गरिएको हुन्छ, मुम्बईकै विनायक मन्दिर जहाँ मानसी र विनयको विवाह हुन्छ; मानसीले छोरी जन्माएको अस्पताल, विनयको घर, विनय र शालिनी जाने गरेको कफी सप, विनयको अफिस र त्यसको रेस्टरुम, काठमाडौंका स्थित हर्षको घर र काठमाडौं केही स्थान र बाटाघाटा जस्ता स्थानको उल्लेख गरिएको छ तर यी कुनै पनि स्थानको स्पष्ट वर्णन उपन्यासमा गरिएको छैन । उपन्यासमा घटेका घटनाहरूको समयावधि पनि निश्चित छैन तर नौं, दस वर्षका बिचमा हर्ष, मानसी र विनयका जीवनमा घटेका घटनाक्रमलाई प्रस्तुत गरिएको अनुमान गर्न सकिन्छ । समग्रमा भन्नुपर्दा उपन्यासमा सहरिया परिवेशको चित्रण गरिएको छ ।

मानसिक परिवेश पात्रको मनोगत परिस्थितिसँग सम्बन्धित हुन्छ । **मानसी** उपन्यासमा पात्रहरूको मानसिक चित्रण यथेष्ट रूपमा पाइन्छ । प्रथमतः हाम्रो समाजमा रहेको नारी विरोधी पुरुष मानसिकता हट्नुपर्छ भन्ने विद्रोही मानसिकता हर्ष र मानसीमा देख्न पाइन्छ । हर्ष र मानसीको प्रेममिलनको सुखद प्रसङ्ग, हजारौँ वर्षदेखि नारीले भोग्नु परेका त्राशदी घटनाको प्रसङ्ग, हर्ष र मानसीको विछोड र त्यसले मानसीको मनमा पारेको चोट, मानसीको विवाह विनयसँग गराउने बाबुको अन्तिम इच्छाले मानसीको मनमा उब्जेको हलचल, मानसीका बुबाको मृत्युले छाएको कारुणिक अवस्था, सन्तान नभए पछि मानसीको मनमा देखिएको मातृत्वको भोक, हर्षले रिसोर्टमा  देखाएको कामोत्तेजक मानसिकता, मानसीले विनयलाई त्यागेर पूर्वप्रेमी हर्षबाट छोरीको न्वारन गराउने विद्रोही भावना जस्ता प्रसङ्गहरू यस उपन्याका मानसिक परिवेश हुन् । **मानसी** उपन्यासको परिवेश नारी अस्तित्व र अधिकार रक्षाका लागि केन्द्रित देखिन्छ ।

## ३.२.६ दृष्टिबिन्दु

उपन्यासमा कथयिताले कथावाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिबिन्दु हो । त्यसैबाट कथयिताले कसरी घटना एवम् चरित्रहरूको वर्णन तथा

उपस्थापन गर्छ भन्ने कुराको निर्धारण गर्छ (बराल र एटम,२०६६:३५) । यसबाट कथा कसले भनेको छ र कसरी कथा भनिएको छ भन्ने कुरालाई बुझाउँदछ । यस आधारमा दृष्टिबिन्दु मुख्यतः बाह्य वा तृतीय पुरुष र आन्तरिक वा प्रथम पुरुष गरी दुई प्रकारका हुन्छन् । यदाकदा केही उपन्यासमा सम्बोधित वा द्वितीय पुरुष दृष्टिबिन्दु पनि प्रयोग भएको पाइन्छ । उपन्यासमा कथयिता नै सम्पूर्ण ज्ञाता हुन्छ र उसले घटनास्थलभन्दा बाहिर रहेर अरुका बारेमा टिप्पणी गर्दछ भने त्यसलाई बाह्य वा तृतीय पुरुष दृष्टिबिन्दु भनिन्छ । त्यसैगरी उपन्यासमा कथयिताले घटना वा पत्रको वर्णन गर्दा आफूलाई उपन्यासभित्र संलग्न गर्छ भने यस्तो दृष्टिबिन्दुलाई प्रथम पुरुष वा आन्तरिक दृष्टिबिन्दु भनिन्छ । उपन्यासको कथयिता नै प्रमुख पात्र छ भने प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दु हुन्छ ।

**मानसी** तृतीय पुरुष दृष्टिबिन्दु अंगालेर लेखिएको उपन्यास हो । यस उपन्यासको कथयिताले तृतीय पुरुषवाचक नामबाट घटना, परिवेश र पात्रको वर्णन गरेको छ । उपन्यासकारले पुरुष प्रधान समाज र त्यसबाट ग्रस्त मानसिकताका त्रुटिहरूलाई केलाएर त्यसका विरुद्ध नारी सङ्घर्ष र अस्तित्वको विचारहरूलाई हर्ष, विनय र मानसी लगायतका पात्रको माध्यमबाट व्यक्त गराएका छन् । उपन्यासकार उपन्यासमा घटित घटनाहरूलाई आफू सर्वदर्शी भएर ऊ वा त्यो पात्रकै माध्यमबाट सम्वोधन गर्दै घटनाको वर्णन गर्छन । उपन्यासकार विभिन्न घटनाको सर्वदर्शी भएर हरेक पात्रका विचार चिन्तन, मानसिक संवेग आदि खुलस्त रूपमा वर्णन गर्न सफल भएका छन् । यो उपन्यासमा केन्द्रीय पात्र मानसीको माध्यमबाट विचार प्रवाहित गर्न खोजिएको छ । उपन्यासको सुरुवात नारीले आजसम्म भोग्नु परेका विभेद र त्यसको मुक्तिको आकाङ्क्षा सहीतको हर्षको अभिव्यक्तिबाट यसरी सुरु भएको छ :

> *“सतीप्रथाको युग प्रारम्भ भएको त्यो बेला सम्भवतः पुरुषप्रधान समाजको रचमोत्कर्षको युग थियो । सतीको नामका नारीजातिलाई जिउँदै जलाउने पुरुषहरूको त्यो ‘दानवीय कालखण्ड’ थियो । आफू सभ्य र कुलीन देखिन जिउँदै जलाइएका नारीहरूलाई धर्मको जलप लगाएर ‘देवी’ को ईश्वरीय पदवी प्रदान गरियो । आफ्नै जननीलाई जिउँदै जलाई त्यसैमा गर्व गर्ने पुरुषजातिको चरम क्रुरतालाई बुझ्न सिङ्गो युग नै पर्खनु पऱ्यो ”*(पृ १) ।

यसरी तृतीय पुरुषप्रधान कर्ताको संवादबाट सुरु भएको उपन्यासको कथानक यही दृष्टिबिन्दुलाई नै अँगाल्दै अघि बढेको छ । उपन्यासको मुख्य मर्म नारी अस्तित्व र अस्तित्वप्राप्तिको विद्रोह मानसी भन्ने शीर्ष पात्रबाट भएको छ । उपन्यासको अन्त्य मानसीकै अभिव्यक्तिबाट भएको छ । अन्त्यमा मानसीले विद्रोह गरी मातृत्व रक्षाका लागि हर्षबाट जन्माएकी छोरीको नामकरणको आदेशको कथनबाट भएको छ ।

*मानसीले पण्डितजीको दुविधा हटाउँदै भनी, "पण्डितजी काम सुरु गर्नुहोस् ।"*

*उसले हर्षको हात समाउँदै पण्डितजीलाई भनी, "यिनै हुन् छोरीको बाबु !"*

*हर्ष आज्ञाकारी बालक जस्तो पण्डितजीको नजिकै गएर बुबा बस्ने आसनमा बस्यो,*

*नामकरणको कार्य प्रारम्भ भयो* (पृ. ९०) ।

कथयिताले सबै घटना, प्रकृति चित्रण, विद्रोही चेतना, क्रियाकलाप, संवाद, पात्रका मानसिक संवेग र उथलपुथल समेतलाई उपन्यासभन्दा बाहिर बसेर वर्णन गरेका हुनाले यो उपन्यासमा तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दु रहेको छ । यसमा पात्र र घटनाको टिप्पणी गर्दा पाठकमा प्रभाव पार्ने पद्धति अपनाइएको छ । उपन्यासका घटनाका प्रत्यक्ष वर्णन साथै पात्रको मानसिक चित्रणमा तृतीय पुरुषको माध्यमबाटै व्यक्त गरिएको छ ।

## ३.२.७ संरचना

संरचना भनेको कुनै पनि कृतिको भित्री वा बाहिरी स्वरूप हो । उपन्यासमा संरचनाको अर्थ त्यसको बनावट, ढाँचा, आयामको साङ्गोपाङ्गो भन्ने बुझिन्छ (सुवेदी,२०५३:२५) । उपन्यासमा आन्तरिक र बाह्य गरी दुई प्रकारका संरचना हुन्छन् ।

### ३.२.७.१ आन्तरिक संरचना

आन्तरिक संरचना भन्नाले उपन्यासको आन्तरिक पक्षलाई बुझाउँछ । यसमा उपन्यासको कथानक ढाँचा, शीर्षक, उपशीर्षक आदि पर्दछन् । **मानसी** उपन्यासको कथानक ढाँचा आदि, मध्य र अन्त्यमा संरचित छ । नारी अस्तित्व र अधिकारका लागि विद्रोह गर्ने मानसी प्रमुख पात्र हो । उसैको नामबाट उपन्यासको 'मानसी' नामकरण गरिएको छ । यही 'मानसी' शीर्षकभित्र आधारित भएर कथावस्तु अगाडि बढेको छ । यस उपन्यासभित्र कुनै पनि उपशीर्षक राखिएको छैन ।

### ३.२.७.२ बाह्य संरचना

उपन्यासको बाह्य संरचना भन्नाले उपन्यासलाई झट्ट हेर्दा वा सरसर्ती हेर्दा देखिने त्यसको स्वरूप भन्ने बुझिन्छ । 'मानसी' उपन्यासको कथावस्तुलाई अठ्तीस खण्डमा बाँडेर संरचित गरिएको छ । यी खण्डहरूलाई कुनै स्पष्ट अङ्क र सङ्ख्या उल्लेख नगरी (X) चिह्नद्वारा विभक्त गरिएको छ । नारी समस्या र अस्तित्वमा केन्द्रित यो उपन्यासको कथावस्तु नब्बे पृष्ठको मझौला आयाममा संरचित छ । उपन्यासको उनन्तिसौं खण्ड सात पृष्ठमा फैलिएको छ । यो खण्ड सबैभन्दा लामो खण्ड हो । चौथो

र तेह्रौं खण्ड पाँच पाँच पृष्ठमा संरचित छन् । उपन्यासको अठ्तीसौं (अन्तिम) खण्ड सबैभन्दा छोटो खण्ड हो । उपन्यासको भूमिका लेखकले नै लेखेका छन् । राजाको प्रत्यक्ष हुकुमी शासनको समयमा वि.सं. २०६२ सालमा जेल पर्दा यो उपन्यास लेखिएको कुरा लेखकले भूमिकामा उल्लेख गरेका छन् । 'मानसी' उपन्यासको आयामलाई वृहत, मझौला र लघु गरी तिन तहमा वर्गीकरण गर्ने हो भने मझौला उपन्यास भन्न सकिन्छ ।

### ३.२.८ द्वन्द्व

द्वन्द्व उपन्यासको औपचारिक उपकरण मध्ये अर्को एक महत्त्वपूर्ण उपकरण हो । द्वन्द्वले कथावस्तु र पात्रलाई क्रियाकलापसँग आवद्ध गराएर अभिव्यक्ति दिने काम गर्छ (सुवेदी, २०५३:१८) । द्वन्द्व वास्तवमा रचनामा प्रयुक्त जीवनको अन्तर्जटिलताको सूचक हो । द्वन्द्वलाई बाह्य द्वन्द्व र अर्न्तद्वन्द्व गरी दुई तहमा बाँडिएको छ ।

### ३.२.८.१ बाह्य द्वन्द्व

बाह्य द्वन्द्व मान्छेका बाहिरी जनजीवनका विसङ्गतिका कारण देखापर्ने द्वन्द्व हो । यस्तो द्वन्द्वले मान्छे मान्छेका बीचमा तनाव जन्माउने, लडाइँ झगडा गराउने काम गर्दछ । यो साधारण कोटीको द्वन्द्व हो किनकी यसको समाधान सजिलै गर्न सकिन्छ । राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक र सांस्कृतिक क्षेत्रमा देखापरेका द्वन्द्वहरू बाह्य द्वन्द्व हुन् । **मानसी** उपन्यासमा बाह्य द्वन्द्व प्रशस्त पाइन्छ । हर्ष र मानसीको प्रेमको बीचमा विनय तगारो बन्नु, हर्षको विचार सापटी लिएर विनयले प्रतियोगिता जित्नु अनि हर्षसँग नै झगडालु व्यवहार देखाउनु आदि उपन्यासका प्रारम्भिक चरणका बाह्य द्वन्द्व हुन् । हर्ष र मानसीबीचमा शारीरिक सम्पर्कका विषयमा विवाद हुनु, हर्षले मानसीलाई जबरजस्ती अंकमाल गरेर यौन सम्पर्क गर्न खोज्दा मानसीले फुत्किन खोज्नु आदि पनि द्वन्द्वात्मक घटना नै हुन् । मानसी गर्भवती भइसकेपछि मानसी र विनयको विचमा खटपट सुरु हुनु, सधैंजसो रक्सीले मातेर आउने विनयले एकदिन रक्सीको बोतल झिकेर "तिमी पनि रक्सी पिउने हो ?" भनेर आतङ्कित पार्नु, उपन्यासको अन्त्यमा विनयले खेलौना फुटाउनु, हर्ष र विनयको भनाभन हुनु, मानसी आक्रोसित हुँदै विनयको नामको सिन्दुर र पोते त्यागनु र विद्रोह गर्नु आदि घटनाहरूउपन्यासमा देखिने द्वन्द्व नै हुन यही द्वन्द्वको बिचमै उपन्यासको अन्त्य भएको छ ।

### ३.२.८.२ अन्तर्द्वन्द्व

उपन्यासका पात्रहरूका मनभित्रको द्वन्द्व नै अन्तर्द्वन्द्व हो । यस्तो द्वन्द्व मनोवैज्ञानिक उपन्यासमा ज्यादा मात्रामा पाइन्छ । यस्तो द्वन्द्वमा पात्रहरूको मनमा सकारात्मक र

नकारात्मक पक्षका बिचमा द्वन्द्व हुन्छ । कहिलेकाहीँ नकारात्मक र नकारात्मक पक्षका बीच र सकारात्मक र सकारात्मक पक्षबिच पनि द्वन्द्व हुन्छ । यस्तो मानसिक द्वन्द्व पात्र आफैभित्र पिल्सिन्छ र कहिलेकाहीँ विक्षिप्त समेत बन्न पुग्छ । उपन्यासमा मानसी, हर्ष, विनय, शालिनी जस्ता  पात्र मानसिक द्वन्द्वको भूमरीमा फसेका छन् । मानसी र हर्षको प्रेम देखेर विनयको मनमा भूइँचालो नै गएको छ । यसैको परिणाम स्वरूप ऊ मानसीलाई आफ्नो बनाउन विभिन्न षड्यन्त्रको सहारा लिन पुग्छ । एकान्त स्थलको रिसोर्टमा हर्षले मानसीसँग गरेको प्रस्ताव अस्वीकृत हुँदा ऊ ठूलो अन्यौलमा परेको छ । उसले उत्तेजना नियन्त्रण गर्न बाध्य भएको छ । यहाँ हर्ष यौन आवेग र मानसीको अस्वीकारको द्वन्द्वमा परेको छ । मानसीको बुबा विरामी परेको बेला हर्षलाई सहयोगका लागि बोलाउने कि नबोलाउने भन्ने अर्न्तद्वन्द्व मानसीमा देखापरेको छ । मानसीलाई सहयोग गर्न अस्पताल पुगेको हर्ष त्यसैबेला आफ्नो बुबा दुर्घटनामा परेको खबरले दुःखित मात्रै तुल्याउँदैन, मानसीलाई छोडेर जाउँ कि नजाउँ भन्ने दोधारमा परेको छ । विनयको षडयन्त्रले हर्षमा नपुंसकता देखिएपछि ऊ मानसीको प्रेमलाई सम्झिएर चिन्तामा डुबेको छ । उसमा मानसीलाई अपनाउँ भने मातृत्व दिन नसक्ने र छोडौं भने मानसीलाई धोका दिएको ठहर्ने मनोद्वन्द्वले ऊ झण्डै झण्डै विक्षिप्त बन्न पुगेको छ । विनयसँग विवाह गर्न बाबुको आदेश पछि मानसीमा पनि त्यस्तै प्रकारको मानसिक विक्षिप्तता देखिन्छ । त्यसैगरी विनयसँग विवाह गरेको लामो समयसम्म सन्तान नजन्मेपछि मानसी धामी, झाँक्री, ज्योतिषको सहारा लिन पुग्छे । धामीले उसलाई मनुवाको श्राप परेको छ भनेपछि उसको मनमा ठूलो हलचल पैदा हुन्छ । विगतमाहर्षले पहाडी रिसोर्टमा दिएको श्राप कै कारणले आफ्नो सन्तान नभएको ठानेर र यसबाट कसरी मुक्ति पाउने भनेर ऊ भित्रभित्रै तड्पिन्छे । अर्कातिर हर्षबाट रेतस्दान लिएर मानसी गर्भवती भएपछि विनयमा ठूलो अर्न्तद्वन्द्व देखापरेको छ । आफू नपुंसक हुँदाहुँदै श्रीमती गर्भवती भएको देखेर विनय सशङ्कित भएको छ । ऊ यही मनोद्वन्द्व र शङ्काकै कारण कुलतमा फस्दै गएको छ । उता मानसीले मातृत्व रक्षाका लागि रेतस्दान मागेपछि हर्ष के गरौँ नगरौँभन्ने दोधारमा पर्छ । ऊ मानसीको घरबाट बिग्रिएको हेर्न पनि चाहँदैन र मानसी सन्तानका लागि तड्पिएको पनि हेर्न चाहँदैन ।

यसरी पुरुषप्रधान समाज र नारी विद्रोहको मूल द्वन्द्वमा हर्ष, विनय र मानसीका बीच बाह्य द्वन्द्व रहेको छ भने हर्ष र मानसीका साथै विनयको पनि आन्तरिक द्वन्द्व यो उपन्यासमा सबल रूपमा आएको छ । यो द्वन्द्वले उपन्यासलाई रोचक र कुतुहलतापूर्ण बनाएको छ । यसरी यो उपन्यासमा आन्तरिक र बाह्य द्वन्द्वको कुशल संयोजन  भएको छ ।

### ३.२.९ भाषाशैली

भाषा विचार अभिव्यक्तिको माध्यम हो । साहित्यमा भाषा अनिवार्य तत्त्वका रूपमा रहन्छ । जीवनका हरेक गतिविधि र क्रियाकलापमा भाषाको महत्त्व रहेकाले साहित्य तथा कलाका क्षेत्रमा पनि यसको महत्त्व रहने गर्दछ । उपन्यास साहित्यको अत्याधुनिक विधा हो । यसले जीवन जगत्‌को आयामलाई समेट्दै यथार्थलाई वरण गर्ने हुनाले यसमा गद्य भाषाको प्रयोग गरिन्छ । "उपन्यासमा कथावस्तुको विस्तार तथा विचारको प्रस्तुति भाषाकै माध्यमद्वारा गरिन्छ । उपन्यासमा भाषा कथावस्तु विस्तार चरित्र र अन्तर्वस्तु सबैको साझा माध्यम बन्ने गर्दछ । उपन्यासमा भाषा अनिवार्य तत्त्वका हो भन्ने कुरामा विवाद छैन परन्तु यसको प्रयोग कसरी गरिएको छ भन्ने पक्ष महत्त्वपूर्ण हो" (बराल,२०६३:४९) । भाषाले उपन्यासका सबै तत्त्वहरूलाई सङ्गठित गर्ने र अभिव्यक्त गर्ने काम गर्दछ । शैली भनेको चाहिँ भाषा प्रयोगको तरिका हो । "भाषाको माध्यमद्वारा विभिन्न भाव या विचार अभिव्यक्त गर्ने ढङ्ग र विधि नै शैली हो" (थापा, २०६६:१३३) । प्रत्येक सर्जकले आफ्नो कला र प्रतिभाको निजत्व शैलीको प्रतिपादन गर्दछ । त्यसैले उसको अभिव्यक्तिमा पनि व्यक्तिनिष्ठ पृथकता राख्दछ । उपन्यासमा मूल रूपमा दुई प्रकारबाट भाषाको प्रयोग गरिएको पाइन्छ । एउटा समष्टिगत भाषा र व्यक्तिगत भाषा उपन्यासमा प्रयोग भएको देशकाल, परिवेश र चरित्रले सोही अनुकूलको भाषाको प्रतिनिधित्व गर्दछ ।

भाषा प्रयोगका दृष्टिले **मानसी** उपन्यास सरल, सहज तथा सरस भाषा प्रयोग भएको कृति हो । सामाजिक विषयवस्तुमा आधारित र नारी मनोवैज्ञानिक पक्षमा बहस भएको यस उपन्यासमा उच्चस्तरको मानक भाषाको प्रयोग भएको छ (निउरे,२०६८: ८५) । लेखकले पात्र र परिस्थितिको टिप्पणी गर्ने क्रममा प्रयोग गरिएको भाषा पनि स्तरीय र व्याकरणसम्मत देखिन्छ । **मानसी** उपन्यासमा प्रयुक्त भाषाशैलीमा पाइने केही प्रमुख विशेषताहरू यहाँ बुँदागत रूपमा चर्चा गरिन्छ ।

#### ३.२.९.१ स्तरीय र मानक भाषाको प्रयोग

यस उपन्यासमा सबै पात्रहरू सहरिया वातावरणमा हुर्केका र उच्च शिक्षा हाँसिल गरेका छन् । त्यसैले उनीहरूले मानक र स्तरीय भाषा प्रयोग गर्नु स्वभाविक नै हो । भाषाको माध्यमबाट चरित्रको चित्रणलाई पर्दाफास गर्नुका साथै सामाजिक र साँस्कृतिक परिवेशलाई समेत उद्घाटन गरिएको छ । उपन्यासको अधिकांश कथानक हर्ष, मानसी र विनयको संवादले अघि बढेको छ । उनीहरूको भाषा बौद्धिक, तार्किक र विचलनमुक्त पाइन्छ । उदाहरणका लागि हर्ष र मानसीबिचको यो संवादलाई लिन सकिन्छ । जस्तै :

*"यो तिम्रो गम्भिर प्रश्न हो हर्ष ! मेरो लागि मात्र होइन, संसारका नारीहरूसँग पनि यसको सटिक उत्तर हुँदैन सायद ! पुरुषको कुन विशेषताका कारणले संसारकी नारी एउटा पुरुषप्रति आकर्षित हुन्छे ?पछ्याउँछे र पागलपनको सीमासम्म पुगेर त्यो पुरुषलाई प्रेम गर्न पुग्छे । अझै भनौँ आवश्यकता परे आत्महत्या गरेर समेत प्रेमको आदर्श रूपको परिचय दिन्छे"(पृ ११)*

यहाँ स्तरीय मानक भाषामा पालन गर्नुपर्ने नियमहरू पालन गरिएका छन् । विस्मयादिबोधक चिन्ह (!) अल्पवराम (,) प्रश्नवाचक (?) आदिको उपयुक्त प्रयोग गरिनुका साथै वाक्यगठन समेत सङ्गतियुक्त नै देखिन्छ । त्यसैले यो उपन्यासस्तरीय र मानक भाषामा संरचित छ ।

## ३.२.९.२ आगन्तुक र तत्सम पद पदावलीको प्रयोग

मानसी उपन्यासका प्रमुख पात्रहरू उच्च शिक्षा प्राप्त छन् । सहायक पात्रहरू पनि पठित र सहरिया परिवेशकै छन् । यो उपन्यासको भाषामा अङ्ग्रेजी भाषाका आगन्तुक पद पदावलीहरू प्रशस्त प्रयोग भएका छन् । यस्ता पद पदावलीहरू नेपाली भाषामा धेरै प्रयोगमा आइरहेका र भिजिसकेका सरल खालका नै देखिन्छन् । यहाँका पात्रले संवादका क्रममा अङ्ग्रेजी शब्दहरू प्रयोग गरेका छन् । जस्तै :

"के तिम्रो माया भनेको यही हो हर्ष ! इमोस्नल ?" (पृ. ३०)

"दुई चार दिन म फ्रि छु . . . ।" (पृ. २३)

"होइन हिवस्कीको" (पृ. २३)

"त्यसभन्दा अगाडि मेटासिडको सिसी ।" (पृ. २३)

"त्यसो होइन सर ! अब घण्टीकै फ्युज उडिसक्यो" (पृ ६२)

यी माथिका उदाहरणहरूले आजभोलिका शिक्षित आम नेपालीको भाषा प्रयोगको शैलीलाई दर्शाउँछ । यस्ता खालका आगन्तुक शब्दको प्रयोग नेपालीमा सामान्य भइसकेको पाइन्छ, त्यसैले **मानसी** उपन्यासको भाषा पनि यसबाट अछुतो छैन । त्यसैगरी उपन्यासका विभिन्न प्रसङ्गमा रिपोर्ट, अफिस, टेन्डर, रेस्टुरेन्ट, वार, रिसोर्ट, पार्क, ड्राइभर, रिसिभ, कल, लकेट जस्ता अगन्तुक शब्दहरूको प्रयोग पनि पाइन्छ ।

नेपाली भाषा संस्कृतको भगिनी भाषा हो । यस भाषाको साहित्यमा संस्कृतका ठेट र तत्सम पद पदावलीको प्रयोग स्वभाविक हो । संस्कृतका तत्सम पद पदावलीको नेपाली भाषालाई मिठासपूर्ण र अलङ्कारिक बनाउँदछ । बलदेव मजगैयाँको **मानसी** उपन्यासमा पनि प्रशस्त तत्सम पदपदावलीको प्रयोग पाइन्छ । चरमोत्कर्ष, चक्रव्यूह,

रेतस्, पराजय, अहङ्कार, मिथ्या, तिक्त, मुग्ध, निरभिमानी, गोधूलि, नियोग, धर्मशङ्कट, अमूक जस्ता तत्सम शब्दहरूको प्रयोगले उपन्यासको भाषालाई रसिलो र कसिलो बनाएको छ ।

### ३.२.९.३ आलङ्कारिक भाषाको प्रयोग

अलङ्कृत भाषाशैलीको प्रयोगका क्रममा प्रकृतिलाई पनि उपमा, उपमेय, रूपक मानवीकरण आदिका रूपमा प्रयोग गरिएको पाइन्छ । साथै मानवीय मनोभावनाको सन्दर्भमा प्रकृतिलाई आलम्बन र उद्धिपनका रूपमा पनि प्रयोग गरिएको पाइन्छ । उपन्यासका कतिपय ठाउँमा लेखकले भाषिक अभिव्यक्तिमा काव्यात्मकता ल्याउनका लागि आफैँ उपमाको सिर्जना पनि गर्दछन् । **मानसी** उपन्यासमा पनि केही आलङ्कारिक भाषा शैलीको प्रयोग पाइन्छ । जस्तै :

> *"उनीहरूको बाटो छुट्टिने बेला भइसकेको थियो । केही क्षण अघिसम्म पश्चिमतिर हिडेँका थुम्काजस्तै देखिएका बादलका टुक्राहरू अहिले गोधूलिको लालिमा रातै देखिएका थिए र सो लालिमामा मानसीको मुहार पनि रातो देखिएको थियो । मानसीमा रूपान्तरण हुन पुगेको प्रकृतिको स्वरूपलाई हर्षले नियालेर हेऱ्यो । आज पहिलो पटक हर्षले मानसीलाई यति सुन्दर देखेको थियो । मानसीको सुन्दरतामा ऊ मन्त्रमुग्ध भयो र टोलाएर हेर्न थाल्यो" (पृ. २) ।*

> *"यो बाटोमा प्रवेश गर्न चाह्यौ भने तिम्रो पनि महाभारतको अभिमन्युको जस्तै परिणाम हुनेछ । प्रवेश गरिहाल्यौ भने पनि अभिमन्युजस्तै निस्कने छैनौं" (पृ. ३) ।*

यहाँ गोधूलिमा देखिने लालिमा र हिउँजस्ता बादलका टुक्राहरूलाई मानसीको सुन्दरताको उपमाको रूपमा देखाउन खोजिएको छ । त्यसैगरी चक्रव्युहलाई अप्ठ्यारो र पसेपछि निस्कन नसक्ने अवस्थाको कुरालाई आलङ्कारिक तवरले व्यक्त गरिएको छ ।

### ३.२.९.४ वर्णनात्मकशैली

कृतिका पात्र, घटना तथा परिवेशका बारेमा प्रमुख पात्र वा लेखक स्वयम् कै वर्णनद्वारा कथ्य विषयलाई पाठक समक्ष प्रस्तुत गर्ने तरिकालाई वर्णनात्मक शैली भनिन्छ (शर्मा, २०६३:१४३) । कथ्यलाई विशिष्टता प्रदान गर्नका लागि विभिन्न प्रतीक र बिम्बको प्रयोग गर्नु यसको सबल पक्ष हो । यस **मानसी** उपन्यासमा वर्णनात्मक शैलीकै प्रधानाता रहेको पाइन्छ । यसमा पात्र, घटना तथा परिवेशमा बारेमा लखक स्वयमद्वारा नै वर्णनात्मक रूपले टिप्पणी गरिएको छ । जस्तै :

*मानसी र विनयको विहे भएको पनि चार-पाँच वर्ष भइसकेको थियो । यी वर्ष उनीहरूका लागि खुसीका वर्ष हुन सकिरहेका थिएनन् । हुन त विनयको कारोबार राम्रै चलेको थियो भने मानसीले आफ्नो तर्फबाट कुनै कमी आउन दिएकी थिइन । अर्थात् उनीहरूलाई कुनै पनि भौतिक कुराको अभाव थिएन । तर घरमा भने एक प्रकारको शून्यताले भने छोडेको थिएन, कारण मानसीले अहिलेसम्म आमा बन्ने सौभाग्य प्राप्त गर्न सकेकी थिइन । बिहेका सुरुका वर्षहरूमा यो कुराको दुबैले ख्याल गरेका थिएनन् तर अब उनीहरू दुवै सन्तान नहुनाको कारण मानसिक तनावबाट गुज्रिरहेका थिए ।* (पृ. ५४)

यहाँ मानसी र विनयका विवाहको लामो समयसम्म पनि सन्तान नहुँदा उनीहरूमा देखापरेको तनावको स्थितिलाई उपन्यासकार स्वयम्ले वर्णन गरेका छन् । यस उपन्यासका पात्रहरूका संवाद पनि वर्णनात्मक शैलीका लामा लामा नै छन् । यो पनि **मानसी** उपन्यासको निजत्वमूलक शैली मान्न सकिन्छ । जस्तै :

*"मैले प्रतिशोध लिएकी होइन हर्ष ! सामाजिक संरचनाको सानो नमूना मात्र प्रस्तुत गरेकी हुँ । तर म यी सबैभन्दा फरक भएको अनुभव गर्छु आफूलाई । तिम्रो मित्र बन्नुमा मलाई गर्व लाग्छ । हुनसक्छ कसैको स्वभाव आफ्नोसँग मेल खानु एउटा अनौठो संयोग रहेछ । जसलाई हामी मन मिलेको भन्दछौं ।"*

*"कतिपयले त असामान्य, अपराधी मनोवृत्तिका व्यक्तिलाई पनि प्रेम गरेको, प्रभावित भएको देखिएको छ । सहानुभूतिवश, भावनामा बगेर अन्धा र पागलसँग पनि गहिरो प्रेम गर्न पुगेका तमाम उदाहरण भेटिन्छन् ।"* (पृ. १२)

### ३.२.९.५ मिथकीय शैलीको प्रयोग

मिथक भनेको अतिकाल्पनिक एवम् पौराणिक सन्दर्भ, लोककथा, दन्त्यकथा आदिको संस्कारबाट प्राप्त तथा मानवीय जीवन र सन्दर्भसँग जोडेर व्याख्या गर्न सकिने प्रतीकात्मक रूप हो (बराल र एटम,२०६६:२३) । आदिम मानवीय व्यवहारको पुनर्व्याख्या तथा पुनसिर्जनाका लागि मिथकबाट कथानक र कथाभित्रका उपकथाहरू टिपिन्छ । यस्ता मिथकले पौराणिक र आधुनिक सन्दर्भलाई जोड्ने पुलको काम गर्दछ । **मानसी** उपन्यासभित्र पनि छिटपुट रूपमा मिथकीय सन्दर्भको प्रयोग गरिएको पाइन्छ तथा प्रयोग गरिएका मिथकीय पात्र तथा परिवेशको सन्दर्भ उपन्यासका पात्रको चरित्रलाई

उजिल्याउने काम गरेको छ । मानसीले हर्षलाई आफ्नो प्रेममा फस्नु भनेको अभिमन्यु चक्रव्युहमा फसेको मिथकीय घटनासँग तुलना गर्दै भनेकी छे :

> *"यो बाटोमा प्रवेश गर्न चाह्यौ भने तिमी पनि महाभारतको अभिमन्युजस्तै निस्कन सक्ने छैनौ ।" (पृ. २)*

त्यसैगरी विनयमा एकाएक आएको सुधारलाई रत्नाकर डाँकुबाट ऋषि वाल्मीकि बनेका मिथकबाट पुष्टि गर्न खोजिएको छ । जस्तै :

> *"मानसी हामीले केटाकेटीदेखि नै रत्नाकरबाट वाल्मीकि बनेका उदाहरणहरूसुन्दै आएका छौँ तर रत्नाकारको जन्म कसरी भयो ? एउटी आमाको कोखबाट जन्मिएको अवोध शिशु कसरी डाँकु रत्नाकर बन्यो ? भन्ने तिर हाम्रो ध्यान कहिल्यै गएन । एउटा सामान्य व्याक्ति रहरले रत्नाकर बन्न अवश्य चाहेन होला ! हाम्रो समाजमा यसको समाजशास्त्रीय खोज हुन सकेन । यदि यस्ता रत्नाकारको जन्म नैरोक्न सकियो भने वाल्मीकिको आवश्यकता नै किन पर्थ्यो र ? अर्को अर्थमा सबै वाल्मीकि बन्ने थिए ।"*
>
> *"मानसी ! हामीहरू सायद हाम्रो सभ्यताका कमजारी ढाकछोप गर्दै बडो गर्वसाथ भन्छौ, अमूक ऋषिले रत्नाकरलाई वाल्मीकि बन्ने प्रेरणा दिए तर हामी कुन ऋषिले अमुक व्यक्तिलाई रत्नाकर बन्नबाट बचाउ भन्ने सुनेका छौँ ?"* (पृ. २१)

उपन्यासमा प्रयोग भएको यस्तो मिथकीय शैलीले रोचकता र कलात्मकताका साथै दार्शनिकता पनि प्रदान गरेको छ ।

### ३.२.९.६ दार्शनिक र तार्किक भाषाशैलीको प्रयोग

मानसी नारी अस्तित्वको दर्शनमा आधारित उपन्यास हो । त्यसैले यस उपन्यासमा नारी अधिकारका पक्षमा दर्शन र तर्कहरू पेश भएका छन् । यहाँ नारीले मातृत्व रक्षाका लागि परपुरुषसँग पनि सहबास गर्दा फरक नपर्ने दर्शन र तर्क अघि सारिएको छ । सन्तान जन्माउन पाउनु एउटी नारीको नैसर्गिक अधिकार हो । यही दर्शनको सेरोफेरोमा नै यो उपन्यास उभिएको छ । कुनै पनि युवतीको पहिला कन्या, त्यसपछि पत्नी र पत्नित्व पछि आमा बन्न चाहने अन्तर्रहस्यलाई यहाँ मानसीको माध्यमबाट उजागर गर्न खोजिएको छ (घिमिरे,२०६४:१६१) । मानसी र हर्षका धेरै संवादहरूमा दार्शनिकता र तार्किककता पाइन्छ । मानसीले हर्षसँग सन्तान प्राप्तिको

लागि रेतस्दान मागेपछि हर्षले गरेको अस्वीकारपछि मानसीले दिएको जवाफलाई तार्किकताको ज्वलन्त उदाहरणका रूपमा लिन सकिन्छ । जस्तै :

> *"त्यसैले तिमीहरूले इच्छा र आकाङ्क्षामा नारीहरूका लागि नियम, अनुशासन र आचारका संहिता निर्माण हुँदा रहेछन् । तिमीहरूले चाहे सबै तोडिन्छन् र आफूअनुकूल नयाँ निर्माण हुन्छन् । हिजो यही तर्क मैले गर्दा तिमी सहमत थिएनौ किनकी त्यतिखेर तिम्रो स्वार्थ प्रबल थियो आज, सोही तर्क म गर्दैछु किनकी आज मेरो स्वार्थ प्रबल छ । तिमीहरू आफ्नै स्वार्थको पुतली बनाएर हामीलाई नचाउँछौ ।"* (७३)

*त्यसैगरी हर्षले मानसीलाई व्यक्त गरेको जवाफ पनि दार्शनिक र तार्किक दुवै पाइन्छ । जस्तै :*

> *"मौरीको रित्तोघारबाट मह खोज्दै छौ । किरा परको उखुको रसको काम छैन, त्यही खोज्दै छौ, म के भनेर सम्झाऊँ ?"*(पृ. ७४)

यसरी यो उपन्यासमा वर्णनात्मक दार्शनिक तार्किक, मिथकीय आदि शैलीको प्रयोगले रोचकता थप्ने काम गरेको छ ।

### ३.२.१० 'मानसी' उपन्यासमा प्रतीक र बिम्ब

भाषाको कलात्मक र प्रभावकारी प्रयोगसित प्रतीक र बिम्बहरू गाँसिएका हुन्छन् । कुनै पनि मूर्त वस्तुको प्रयोगद्वारा अमूर्त गुण वा भावको उल्लेख गर्न सकिन्छ । यसरी प्रयोग गरिने वस्तु वा घटना जसले सामान्य वा सोझो अर्थ नबुझाएर त्यसभन्दा निकै परको अर्थ बुझाउँछ भने यस्तो वस्तु वा घटनालाई प्रतीक भनिन्छ (बराल र एटम, २०६६:४०) । उपन्यास आफैमा भाषिक प्रतीक हो । कतिपय उपन्यासका शीर्षकहरू नै प्रतीकका रूपमा आएका हुन्छन् भने कतिपयमा पात्र र घटनाहरू प्रतीकका रूपमा आएका हुन्छन् । बिम्ब भन्नाले चाहिँ पाठकका मस्तिष्कमा पर्ने कुनै पनि वस्तुको छाया हो । उपन्यासमा यस्तो छाया वा छाप बसाउने माध्यम भाषा हुन्छ (पूर्ववत्) ।

मानसी उपन्यासमा प्रतीक र बिम्बको सहज प्रयोग देखिन्छ । पात्रको प्रयोग, पात्रको संवाद, घटना र प्रकृति वर्णन पनि प्रतीकात्मक अभिव्यञ्जना प्रदान गर्ने कार्य यसमा देखिन्छ । उपन्यासकी प्रमुख पात्र नै एक सशक्त नारी पात्र हो । उसलाई नारी विद्रोह र अस्तित्वको प्रतीकको रूपमा उभ्याइएको छ । त्यसैगरी हर्ष, मानसी र विनयसँग सम्बन्धित भएर ती प्रतीकहरूले निकै सम्वेदना र गहिराइ प्राप्त गरेका छन् । 'सुनको पिंजडा' (पृ.१२) पुरुषप्रधान समाजको प्रतीक हो । यसले नारीलाई प्रलोभनको बन्धक बनाएको प्रतीकात्मक अर्थ द्योतन गरेको छ । वाल्मीकि, अभिमन्यु, चक्रव्युह, रत्नाकर जस्ता मिथकीय प्रतीक प्रयोगले उपन्यासमा अर्थ गम्भिरता प्रदान गरेका छन् ।

"ऊ वाल्मीकि बनीसक्यो भन्नेमा विश्वास गर ।" (पृ.१८) मा विनयको चरित्र असल भएको छैन भन्ने प्रतीकात्मक अर्थ भेटिन्छ । त्यस्तै मानसीले छोरीको जन्मपछि विनयले खेलौना च्यातेर फ्याँक्दा "ती खेलौना नभएर कुनै अवोध शिशुका क्षत विक्षत अङ्गहरू थिए ।" (पृ.८८) भनिएको छ । यहाँ खेलौनाका टुक्राहरूलाई सानासाना बालबालिकाका अङ्गप्रत्यङ्गका प्रतीकका रूपमा प्रस्तुत गरिएको छ । उपन्यासका पात्रहरूले पनि प्रतिकात्मक रूप धारण गरेका छन् । विनय पुरुषप्रधान समाजको प्रतीक हो । उसले विनयी र सहृदयी व्यवहार देखाएर स्वार्थ पूर्ति गरेको छ । हर्ष जस्तोसुकै अवस्थामा पनि खुसी देखिने पात्र हो । ऊ असल प्रेमी र नारी अस्तित्वप्रति सचेत पुरुषको प्रतीक हो । मानसीको बाबु धेरै नेपाली बाबुको प्रतीक हो, जो छोरीको विवाह आफ्नो इच्छा अनुसार गर्न चाहन्छन् । त्यसैगरी शालिनी आफ्नो पदोन्नतिको लागि आफ्नो वैंशले हाकिम रिझाउने महिलाको प्रतीक हो । प्रतीक सँगसँगै यस उपन्यासमा बिम्बको पनि सफल प्रयोग भएको छ । यसमा प्रयुक्त बिम्बको केही उदाहरण :

> *प्रेममिलनका साक्षी बनिरहेका सूर्यदेवको अनुहार पनि रातो भयो र अस्ताचलमा लुक्ने सुर कस्न थाले ।* (पृ.२)

> *पश्चिमतिरमा हिउँका थुम्काजस्तै देखिएका बादलका टुक्राहरू अहिले गोधूलिको लालिमामा रातै देखिएका थिए । सो लालिमामा मानसीको अनुहार पनि रातो भयो । (पृ. २)*

> *बाबुको अनुहारमा अचानक सिद्धयोगीको अनुहारमा जस्तो आभा झल्कियो । निभ्ने बेलाको मैनबत्ति जस्तो उज्यालिएको उनको अनुहार क्रमशः मालिन हुँदै गयो र एकै छिनमा निभ्यो ।* (पृ.५२)

यी उदाहरणमा प्रयुक्त प्रतीक र बिम्बले उपन्यासलाई आलङ्कारिक बनाएका छन् । प्रतीक र बिम्ब प्रयोगका दृष्टिले **मानसी** उपन्यास सफल नै छ ।

### ३.२.११ 'मानसी' उपन्यासमा कुतुहलता

मान्छे स्वभावैले जिज्ञासु हुन्छ । तसर्थ कुतुहलताको सफल निर्वाहले के कुराको निर्णय गर्दछ भने पात्रको क्रियाकलाप अन्तर्गतको सङ्घर्ष, आत्मनिर्णय समेतको त्रिकोणात्माक दिग्दर्शन गर्दछ (सुवेदी,२०५३:२०) । उपन्यास अध्ययनका क्रममा कुतुहलताले पाठकका मनमा अब के हुन्छ ? ला आम्मै नि ! जस्ता जिज्ञासा र भावहरू उत्पन्न गराउँछ । यही जिज्ञासाले पाठक उपन्यासप्रति अझ लालायित हुन्छ र उपन्यासप्रति अभिरुचि बढाउँछ । त्यसैले उपन्यासको लागि कुतुहलता पनि आवश्यक तत्त्व हो । यसले उपन्यासमा भएका कथा उपकथाहरूबिच सानिध्य राख्दछ र

उपन्यासको सम्पूर्ण अन्वितिहरूलाई शृङ्खलित गर्ने काम गर्दछ । कुतुहलताले पाठकको मनभित्रको खुल्दुली र जटिलताहरूलाई क्रमशः फुकाउँदै लैजान्छ ।

**मानसी** उपन्यास कुतुहलता प्रयोगका दृष्टिले एक महत्त्वपूर्ण उपन्यास हो । यो उपन्यासको आरम्भदेखि नै कुतुहलताले घच्घच्याउन थाल्छ । उपन्यास अघि बढदै जाँदा कुतुहलताको अन्त्य भए पनि नयाँ कुतुहलताको जन्म हुन्छ । उपन्यासको प्रमथ खण्डमा नै विनयले "अब हेर्नु यो प्रतियोगितामा पनि म नै प्रथम हुन्छु" भन्छ । यहाँबाट नै पाठकका मनमा कुतहुलता जाग्न थाल्छ ; विनय अर्काको विचार सापटी लिएर प्रथम हुन्छ कि हुँदैन भनेर । विनय प्रथम भइसकेपछि हर्षका सामु घमन्ड देखाउँदै अभद्र व्यवहार गर्दा हर्ष उसका बीचमा घम्साघम्सी नै पर्ने हो कि भन्ने र आफ्नो प्रेमीलाई होच्याएको र दुर्व्यवहार गरेको सुनिरहेकी मानसीले कस्तो प्रतिक्रिया देखाउली भन्ने जिज्ञासा पाठकका मनमा उत्पन्न हुन्छ । हर्षको विचार उत्कृष्ट हुँदाहुँदै विनय नै निर्णायक मण्डलको नजरमा किन अब्बल ठहरियो ? के विनयको निर्णायकहरूसँग मिलेमतो त थिएन ? यस्ता प्रश्नहरू उपन्यासमा नै अनुत्तरित छ । पाँचौ खण्डमा विनयले विगतमा भएका गल्तीका लाग माफी मागेको छ । ऊ आफूलाई सुध्रिने मौका दिन आग्रह गर्छ । त्यसबेला के हर्ष र मानसीले विनयलाई माफी देलान् ? माफी दिए पनि विनयमा साँच्चै सुधार आउँला ? भन्ने जिज्ञासाले पाठकका मनमा घर बनाउँछ ।

सहर बाहिरको रिसोर्टमा हर्षले शारीरिक सम्पर्कको लागि आग्रह गर्दा मानसीले त्यसलाई कसरी हेर्ने हो वा सहर्ष स्वीकार गर्ने हो ? अस्वीकार गरेको खण्डमा हर्षको मनमा मानसीप्रति कस्तो धारणा बन्ला ? हर्षले गरेको अधैर्य प्रयासले उनीहरूबिचको प्रेम सम्बन्ध बिग्रिएला कि ? भन्ने कुतुहलताले पाठकलाई पिरोल्छ । मानसी बुबासँग राजधानी फर्केपछि हर्षसँग उसको भेट कहिले र कसरी होला ? काठमाडौंमा विनयसँगको पटकपटकको भेटले हर्ष र मानसीको प्रेममा फेरि विनय ताघारो बन्ने त होइन ? सधैं भेटघाट र निकट रहेर बितेको हर्ष र मानसीको प्रेम सम्बन्ध अब के फोन संवादकै भरमा चल्ला त ? भन्ने प्रश्न उठ्नु पनि स्वभाविक हो ।

उपन्यासको सोह्रौ खण्डमा विनयको सानोबुबा र सानीआमाको झगडा सुनेर आफूहरूको पनि प्रजनन् दक्षताको जाँच गर्न सहमत भएका हर्ष र विनय डाक्टरकोमा पुगपछि उनीहरूको रिपोर्ट कस्तो आउला ? दुर्भाग्यबस हर्षको रिपोर्टमा अक्षमता देखिएपछि हर्ष र मानसीको प्रेम सम्बन्ध के होला ? मानसीलाई छोड्नको लागि हर्षले विदेश अध्ययनका लागि जाने कुरा बुबालाई सुनाउँदा बुबाबाट अनुमति पाउला कि नपाउला ? हर्ष विदेश जानेबेलामा मानसीलाई थाहा दिएर जाला कि थाहै नदिई जाला ? यस्ता प्रश्नहरू पनि उपन्यास पढ्ने क्रममा आउँछन् । मानसीको पनि विनयप्रति हेर्ने दृष्टिकोण सकारात्मक बन्दै जान्छ । यस्तो अवस्थामा के अव मानसी र विनय प्रेम सम्बन्धमा बाँधिदै त छैनन् ? विनयको सहयोगबाट कृतज्ञ बनेका मानसीका बुबाले

छोरीलाई विनयसँग मन्दिरमा गई विवाह गरेर आउनु भनेर अन्तिम इच्छा व्यक्त गरेपछि मानसीले के गर्ली भन्ने ठूलो कुतुहलता पाठकका मनमा उत्पन्न हुन्छ । मानसी र विनयको विवाह पश्चात् लामो समयसम्म किन सन्तान नभएको होला ? के मानसीमै असक्षमता त छैन ? लामो समयपछि हर्षसँगको भेटमा मानसीसँग हर्षले कस्तो प्रतिक्रिया देखाउला ? मानसीले हर्षसँग रेतस् दानको आग्रह गर्दा उसले सहजै स्वीकार गर्ला ? हर्षसँगको सहवासले मानसीको चाहना पुरा होला ? के मानसी हर्षकै सहवासबाट नै गर्भवती भएकी हो त ? कि मानसीको अन्य पुरुषसँग पनि सम्बन्ध थियो ? जस्ता प्रश्नको जिज्ञासाले उपन्यासलाई अझै रोचक बनाएको छ । सधैँ सन्तानका लागि छट्पटिने विनय मानसी गर्भवती भएको थाहा पाउना साथ  किन कुलतमा फस्छ ? विनयले शालिनीलाई पनि विवाह गर्ने हो कि ? भन्ने उत्सुकता सशक्त बनेर आएको छ। मानसी गर्भवती भएदेखि नै दुर्व्यवहार गर्न सुरु गरेको विनयले छोरीको न्वारनको दिन विनयले आफूले विगतमा गरेको सम्पूर्ण काम मानसीलाई पाउनका लागि मात्र र हर्षलाई हराउनको लागि मात्र षडयन्त्रपूर्वक गरको साथै आफ्नो नपुंसकताको रिपोर्ट साटेर हर्षलाई थमाएको बताएपछि हर्षले के प्रतिक्रिया देखाउँला ? अन्त्यमा मानसीले विनयको सिन्दुर पोते त्यागेर हर्षबाटै छोरीको न्वारन गराएपछि विनयको के हाल भयो  होला भन्ने कुतुहलताको जटिल प्रश्न छाड्दै यो उपन्यासको अन्त्य भएको छ । उपन्यास पठनका क्रममा सुरुदेखि अन्त्यसम्म कहीँ सामान्य र कहीँ निकै गहिरो कौतुहलता हुन्छ । यसै कारणले मानसी उपन्यास पठनका दृष्टिले पट्यारलाग्दो नभएर रोचक बन्न पुगेको छ।

## ३.२.१२ 'मानसी' उपन्यासको सारवस्तु

साहित्य सिर्जना गर्नु पछाडि एउटा न एउटा उद्देश्य रहन्छ। समाजलाई सुधारको सन्देश दिनु, सामाजिक समस्याको यथार्थ चित्रण गर्नु, समस्याको निकास खोज्नु, व्यक्ति तथा समाजमा विद्यमान विकृति र विसङ्गतिको चिरफार गर्नु, राजनीतिक, सांस्कृतिक आर्थिक, लैङ्गिक चेतनाका लागि आवाज उठाउनु आदि उन्यासका उद्देश्य हुन् । कुनै पनि उपन्यासको विचार वा केन्द्रीय अन्तर्दृष्टि नै सो उपन्यासको उद्देश्य वा सारवस्तु हो । एउटा खास जीवनदर्शनमा आधारित रही सिर्जना गरिएको वृहत् आख्यानका माध्यमबाट पाठकलाई खास सन्देश प्रदान गर्नुका साथै उसको सौन्दर्य रुचि वा आकाङ्क्षा समेतको विरेचन गर्नु उपन्यास लेखनको सारवस्तु वा उद्देश्य हुन आउँछ (बराल,२०६३:३८) । उपन्यासको विषय अनुसार पाठकलाई आनन्द वा मनोराञ्जन दिन मात्र नभई समाजलाई चेतनशील बनाएर परिवर्तनको बाटोमा डोऱ्याउनु पनि आधुनिक उपन्यासको सारवस्तु हो । उपन्यासको सिर्जना गर्दा उपन्यासकारले कुनै न कुनै विचारको टेको लिएको हुन्छ । उक्त विचार परिपूर्तिका लागि रचनामा विभिन्न

दृष्टिकोणलाई समायोजन गरिएको हुन्छ । सुवेदी(२०५३:१९) ले विचारयात्राका निष्कर्षमा प्राप्त हुने उद्देश्यलाई नै उपन्यासको प्राप्ति भनेका छन् । त्यही प्राप्तिलाई नै उपन्यासको विचारपक्ष वा सारवस्तु भनिन्छ । त्यसैगरी बराल र एटम(२०६६:३८) ले उपन्यासमा समाविष्ट केन्द्रीय वा आधारभूत विचारलाई सारवस्तु भनिन्छ, भनेका छन् । उपन्यासले वैयक्तिक जीवनको यथातथ्य मात्र वर्णन नगरेर तिनीहरूले जीवनप्रति उपन्यासकारको विशिष्ट दृष्टिकोणलाई नै प्रकट गरिरहेका हुन्छन् । यसरी हेर्दा विषयलाई गहनता र विस्तृति दिएर सामाजिक समस्या वा सैद्धान्तिक सत्यको प्रतिपादन वा जीवन दर्शनकै रूपमा मूल्याङ्कित गर्ने काम सारवस्तुले गर्दछ ।

**मानसी** उपन्यासको मुख्य सारवस्तु पुरुषप्रधान समाजका विरुद्ध नारी विद्रोह प्रस्तुत गरी लैङ्गिक समानता र नारीको मातृत्व रक्षा गर्नु हो । यसमा पुरुषप्रधान समाजले नारीमाथि गरेको अन्याय अत्याचार, शोषण र दमनको भण्डाफोर गरी नारी अस्मिताको र स्वतन्त्रताको स्थापना गर्नु मूल उद्देश्य रहेको छ । नारीका लागि सबैभन्दा ठूलो मातृत्व हो । मातृत्व रक्षाका लागि नारीले सबै कुरा त्यागेर विद्रोह गर्न सक्छे भन्ने निष्कर्ष यस उपन्यासमा मानसीका माध्यमबाट व्यक्त भएको छ । मानसीले हर्षसँग प्रेम गरेकी भए पनि बाबुको इच्छाका कारण विनयसँग विवाह गर्न पुग्छे । नपुंसक विनयबाट लामो समयसम्म पनि सन्तान नभएपछि मातृत्व रक्षाका लागि समाजलाई चुनौति दिँदै परपुरुष (पूर्वप्रेमी हर्ष) सँग सहवास गर्छे र छोरी जन्माउँछे । छोरीविनाकी पत्नीलाई मात्र स्वीकार गर्ने विनयको प्रस्तावले मानसीको मातृत्वमा ठूलो चोट पर्छ । उसले वियनको सिन्दुरपोते त्यागी छोरीको असली बाबु हर्षबाट छोरीको न्वारन गराउँछे । यो नै उपन्यासको सारांश हो । नारी अस्तित्व, उसका जैविक आवश्यकता, मातृत्वको चाहना, पति चयनमा स्वतन्त्रता जस्ता कुराहरू नारीका नैसर्गिक अधिकार हुन् । यसका लागि नारीले विद्रोह गर्नुपर्छ भन्ने सन्देश यो उपन्यासले दिएको छ । विश्वव्यापी रूपमा नारी पुरुष समानताको कुरा उठेको सन्दर्भमा नारीले आफ्नो अधिकार र अस्मिताका लागि लड्ने हो भने सदियौँदेखि असन्तुलित नारी पुरुष सम्बन्धमा सुधार आउँछ । समाजमा नारीहरूले पनि पुरुष समानको हैसितमा बाँच्नु पाउनुपर्छ भन्ने समयसापेक्षिक मान्यतालाई उपन्यासभित्र मजगैयाँले हर्ष र मानसीका माध्यमबाट सशक्त ढङ्गले अगाडि सारेका छन् । पुरुषप्रधान समाजको शोषणका विरुद्ध नारी स्वतन्त्रताका लागि मानसीको विद्रोहमा हर्ष जस्ता पुरुषको भूमिका पनि महत्त्वपूर्ण हुन्छ । लैङ्गिक समानता र सन्तुलित समाजका लागि नारी अग्रसर हुनुपर्छ भन्ने सन्देश दिनु नै **मानसी** उपन्यासको सारवस्तु हो ।

**मानसी** उपन्यास नारी चरित्रप्रधान कृति हो । लामा छोटा गरी जम्मा अठ्तिस खण्डमा लेखिएको यो उपन्यासको कथानक आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा

उनिएको छ । उपन्यासको आरम्भ हर्षको नारीमुक्तिसम्बन्धी दार्शनिक अभिव्यक्तिबाट भएको छ भने अन्त्य नारी अस्तित्वकी प्रतीक मानसीकी छोरीको नामकरण कार्यको प्रारम्भसँगै भएको छ । यस उपन्यासमा थोरै मात्र पात्रको प्रयोग गरिएको छ । मानसी, हर्ष र विनय यस उपन्यासका प्रमुख पात्र हुन् । यिनै तीन पात्रको त्रिकोणात्मक सम्बन्धमा सिर्जित यो उपन्यासमा अन्य सहायक तथा गौणपात्रहरूले कथानकलाई अगाडि बढाउन भरपूर सहयोग गरेका छन् । हर्ष र मानसी सकारात्मक प्रवृत्तिका पात्र हुन् । उनीहरू नारीलाई समान सहभागिता र अधिकार  हुनुपर्छ र नारी अस्तित्वसँग सामाजिक अस्तित्व जोडिएको हुन्छ, जसका लागि आवश्यकता परे विद्रोहसम्म गर्नुपर्ने चेतना राख्दछन् । अर्कातिर नारीलाई पुरुषको भोग्यवस्तु मात्र देख्ने पुरातनवादी समाजको प्रतिनित्वि विनयले गरेको छ । उसलाई उपन्यासमा नकारात्मक प्रवृत्ति भएको पात्रको रूपमा चित्रण गरिएको छ । आन्तरिक तथा बाह्य दुवै द्वन्द्वलाई **मानसी** उपन्यासमा समायोजन  गरिएको छ । यहाँ परुषप्रधान समाज त्यसका नारी विरोधी मानसिकता र नारी अस्तित्वका पक्षधरबीच सशक्त द्वन्द्व देखापरेको छ । सहरिया र शिक्षित पात्रको प्रयोगले उपन्यासको परिवेश पनि सहरिया नै हो भनेर पहिल्याउन सजिलो छ । मध्यम आयाममा संरचित यस उपन्यासको संवाद पात्रानुकूल रहेको छ । सबै पात्रहरू शिक्षित भएकोले उनीहरूको संवादमा दार्शनिकता र तार्किकता भेटिन्छ । मानक भाषाको प्रयोग भएको उपन्यासमा ठाउँ ठाउँमा अंग्रेजी र तत्सम शब्दको प्रयोग भए पनि त्यसले उपन्यासको भाषालाई रसिलो र मलिलो नै बनाएको छ । तृतीय पुरुष सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग यस उपन्यासमा गरिएको छ । नारीको मातृत्व उसका लागि सबैभन्दा ठूलो कुरा हो, नारीले पति वरणमा स्वतन्त्रता पाउनुपर्छ भन्ने कुरा सारवस्तु हो । यसरी हेर्दा औपन्यासिक तत्त्व प्रयोगका दृष्टिले **मानसी** उपन्यास सफल देखिन्छ । यसमा सबैजसो तत्त्वहरूको समुचित प्रयोग गरिएको छ ।

परिच्छेद चार

# 'मानसी' उपन्यासको प्रवृत्तिगत अध्ययन

बलदेव मजगैयाँद्वारा लिखित **मानसी** उपन्यास मभ्कौला आयामको सामाजिक विषयवस्तुमा केन्द्रित नारी प्रधान उपन्यास हो । महिला पुरुष समविकासको अवधारणा प्रति संवेदनशील यस उपन्यासमा पितृसत्ताका त्रुटिहरू केलाउन खोजिएको छ । सरल भाषा र दार्शनिक चेतनाले भरिपूर्ण यस उपन्यासमा पाइने मूलभूत प्रवृत्ति एव विशेषताहरूको यहाँ चर्चा गर्ने कोसिस गरिएको छ ।

## ४.१ सामाजिक यथार्थवादी प्रवृत्ति

समाजमा घटेका र घट्न सक्ने घटनाहरूको यथार्थपरक प्रस्तुति नै सामाजक यथार्थवादी प्रवृत्ति हो । अर्को शब्दमा भन्नु पर्दा साहित्यलाई समाजको ऐना मानेर अभिव्यक्त गर्नु नै सामाजिक यथार्थवादको मूल मर्म हो । सामाजिक यथार्थवादी लेखकले समाजका निम्न वर्गीय समूहको अभावपूर्ण जीवनशैलीलाई यथार्थपरक ढङ्गले उतार्दछन् । सामाजिक यथार्थवाद पाश्चात्य साहित्य सिद्धान्त यथार्थवादको एक प्रमुख शाखा हो । संसारमा बस्तु जस्तो छ, त्यस्तै रूपमा त्यसको ठीक ठीक चित्रण वर्णन गर्नुपर्छ, समाजको यथार्थ स्थिति, खासोखास सत्य वा वास्तविक कुराको उद्घाटन गर्नुपर्छ भन्ने साहित्य र कलासम्बन्धी सिद्धान्त नै यथार्थवाद हो (जोशी,२०६६:३५) ।" त्यसै गरी बराल र एटम (२०६६:५०) ले समाजमा व्याप्त व्यक्तिगत तथा वर्गसङ्घर्ष, सुखदुःख, रिसराग, अन्याय एवम् अत्याचार, प्रेम विछोड जस्ता पक्षलाई आधार बनाएर लेखिएका उपन्यास सामाजिक यथार्थवादी उपन्यास हुन्छन् भनेका छन् । त्यसैले सामाजिक विषयवस्तुमा आधारित उपन्यास सामाजिक यथार्थवादी हुन् भन्न सकिन्छ ।

**मानसी** उपन्याससामाजिक यथार्थको धरातलमा रचना गरिएको उपन्यासहो । यो उपन्यासमा हाम्रो समाजमा आदिकालदेखि नै नारीहरूमाथि हुँदै आएको शोषण र भेदभावको चित्र उत्तारिएको छ । समाजमा एकातिर नारीलाई देवी मानेर पुज्ने, सम्मान गर्ने चलन छ भने अर्कातिर तिनै नारीलाई बेस्या र भोग्याको रूपमा हेर्ने चलन यथावत् छ । यिनै कुरालाई पुष्टि गर्न उपन्यासमा हर्ष र मानसीको प्रेमकथा ओच्छ्याइएको छ । यी दुईको प्रेममा विनय तघारो बन्नु, मानसीलाई पाउनको लागि विनयले अनेकन् षडयन्त्र गर्नु, षडयन्त्रबाट सफल नभएपछि मानसीको मन जित्न उसलाई सहयोग गर्नु आदि घटना हाम्रो समाजका यथार्थपरक घटनासँग तुलना योग्य छन् । मानसीका बुबाले छोरीको विवाहका लागि आफ्नो इच्छा नै सर्वोपरि ठान्नु, छोरीको इच्छा नै नबुझी विवाह

गराउनु पनि हाम्रो समाजको प्रतिनिधिमूलक घटना हो । सामाजिक यथार्थवादी साहित्यमा समाजमा रहेको अन्धविश्वास कुरीति जस्ता कुरालाई समेत उठान गरिएको हुन्छ । यहाँ मानसीले सन्तान नहुनुमा श्रापको दोषमा विश्वास गर्नु, धामी, झाक्री, ज्योतिष कहाँ बारम्वार धाउनु पनि सामाजिक यथार्थकै नमूना हो । **मानसी** नारीचरित्र प्रधान उपन्यास हो । यहाँ हाम्रो समाजका समग्र नारीहरूको स्थिति, विगत, वर्तमान कस्तो छ भन्ने कुरा व्यक्त भएको छ । उदाहरणका लागि मानसीले व्यक्त गरेको धारणा :

> *"हो हर्ष ! तिमी पनि आफ्नो परिचयको विन्दुमा आइपुग्यौ यस्तै शास्त्र वा विद्वान्‌द्वारा भनिएका कथित अन्योक्तिहरूका आडमा नै त पुरुषसत्ता टिकेको छ । यिनैको पूजाअर्चना गरेर आफ्नो सम्प्रभूताको आर्शीवचन माग्ने कायरता नै पुरषहरूको अमोध भनिएको अस्त्र हो । पुरुषको यही सामराज्यमा कहिलेकाँही कुनै नारीले आफ्नो अस्तित्व र सतित्व रक्षाका लागि विद्रोह गर्छो अन्यायी पुरुषसँग बदला लिने आँट सबै नारीमा हुँदा पनि हुँदैन । कुनै नारी नारीजातिको स्वतत्रताको विगुल फुक्ने पुरुषले तेर्स्याएका मर्यादारूपी तगारा तोडेर बाहिरिन्छे र पुरुषको प्रधानतामा भूइचालो आउँछ अनि नारीलाई रोक्न उसका हातखुट्टामा बेश्यानामक हतकडी लगाइन्छ । त्यतिले नपुगे मट्टीतेल र आत्मदाहको प्रपन्च्च रचिन्छ । हाम्रो समाजबाट उसलाई कुलटा, चरित्रहीन जस्ता कलङ्क लगाएर तिरस्कृत गरिन्छ र नारीलाई रहस्यमय तुल्याइन्छ ।" (पृ. १३)*

यस भनाइमा नारीलाई देवी मानेर पूजा गर्ने र आर्शीवादको याचना गर्ने तर तिनै नारीलाई कुलटाको अभियोग लगाउने सामाजिक कुरीति व्यक्त भएको छ । यस्तै यथार्थपरक विषयवस्तुलाई जीवन्त रूपमा यस उपन्यासका उठाइएको छ । त्यसैले यो उपन्यासमा सामाजिक यथार्थवादी उपन्यास हो ।

## ४.२ नारीवादी प्रवृत्ति

नारीमुक्ति र स्वतन्त्रताको आकाङ्क्षा सहित लेखिएको साहित्य नारीवादी साहित्य हो । पाश्चात्य साहित्यमा विकसित उत्तरआधुनिकताभित्र देखापरेको नारीवादले नारीजातिको हक, अधिकार, स्वतन्त्रता, समानता, अवसर, अस्तित्व आदिको वकालत गरेको पाइन्छ । "पुरुषप्रधान समाजमा नारीले भोग्नुपर्ने पीडाको अभिव्यक्ति नारीवादी लेखनमा हुने गर्छ यस्तो भेद्‌भावबाट पूर्णत : मुक्तिको आग्रह पनि यसमा रहेको हुन्छ (बराल र एटम,२०६६:११७) ।" त्यसैले नारीकेन्द्री परिप्रेक्ष्यबाट नारी हकहित र समानताको पक्षधरतालाईनारीवाद भनिन्छ । उपन्यास नारीवादी सौन्दर्यचिन्तनको सफल

प्रयोगभूमि हो । नारीवादी चिन्तन उपन्यासको सिर्जना र समालोचना दुवै फाँटमा देखापरेको छ ।

**मानसी** उपन्यास नारी चरित्रप्रधान उपन्यास हो । यस उपन्यासका प्रमुख पात्रहरू हर्ष, विनय र मानसी हुन् । मानसीलाई नारी अस्तित्व र स्वतन्त्रताको सशक्त पक्षधरको रूपमा उभ्याइएको छ । उपन्यासको प्रमुख पात्र हर्ष पनि नारी स्वतन्त्रताको वकालत गर्छ । उपन्यासमा हर्षले नारीका सम्बन्धमा राखेका धारणा धेरै नै महत्त्वपूर्ण छन् । नारीमाथि शोषण गर्ने मामलामा सबै पुरुषहरू एउटै ड्याङका मुला हुन् भन्ने खालको साँगुरो सोच पाल्ने नारीहरूका लागि पनि हर्षको चरित्र एउटा राम्रो पाठ सावित हुन सक्छ । पितृसत्ताका त्रुटि केलाउनु र त्यसमा समय सुहाउँदो परिवर्तनको आवश्यकता औल्याउनु यस उपन्यासका मूल उद्देश्य हो (पाण्डे,२०६४:४४) उपन्यासकार मजगैयाँले पुरुषवादी समाज मानसिकताका त्रुटिहरू केलाई त्यसमा सुधार ल्याउन एकदम ढिला भइसकेको धारणा राखेका छन् । उनले मनसीलाई मात्र होइन हर्षलाई पनि नारी चिन्तन र अस्तित्वका पक्षमा उत्तिकै सशक्त रूपमा उभ्याएका छन् । पुरुषमानसिकताको जरो खोतल्ने मामलामा हर्षको सक्रियता पनि कम देखिएको छैन । यो उपन्यासको आरम्भ नै हर्षको नारी मुक्तिको आकाङ्क्षा सहितको गम्भिर अभिव्यक्तिबाट भएको छ ।

> *“सतीप्रथाको युग प्रारम्भ भएको त्यो बेला सम्भवत: पुरषप्रधान समाजको चरमोत्कर्षको युग थियो । सतीको नाममा नारीजातिलाई जिउँदै जलाउने पुरुषहरूको त्यो ‘दानवीय कालखण्ड’ थियो । आफू सभ्य र कुलीन देखिन जिउँदै जलाइएको नारीहरूलाई धर्मको जलप लगाएर ‘देवी’को ईश्वरीय पदवी प्रदान गरियो । आफ्नो जननीलाई जिउँदै जलाई त्यसैमा गर्व गर्ने पुरुषजातिको चरम क्रुरतालाई बुझ्न हामीले सिङ्गो युग नै पर्खनुपर्‍यो । (पृ. १)*

नारी जीवनमा सबैभन्दा महत्त्व राख्ने मातृत्वको खोजीमा पिल्सिएकी मानसीले त्यसका लागि हर्षसँग गरेको सहवासले महत्त्वपूर्ण स्थान पाएको छ । यसले नारीलाई पुरुष सरह आफ्नो शरीर र जीवनमाथिको अधिकार पाउनु पर्छ र मातृत्व नारीका लागि महत्त्वपूर्ण कुरा हो जसका लागि उसले जस्तोसुकै मूल्य चुकाउन पनि पछि पर्दिन भन्ने कुरालाई देखाएको छ । मानसीको यस कदमले पितृसत्ताको नाइके विनय पराजित भएको छ । कलुषित मनोकाङ्क्षा लिएर प्रतिशोधमा उत्रेको विनयले आफ्नो नपुंसकताका अगाडि श्रमितीले छोरी जन्माएपछि अन्तत सम्पूर्ण नाटकको रहस्योद्घाटन गर्छ । यो सुनेर सिंहिनी झैं बनेकी मानसीले शोषणको परम्परामा बाँध्न प्रयोग भएका सिन्दुर र पोतेबाट आफू मुक्त भएको घोषाण गर्छे ।

*"पुरुषविहीन पुरुषकी पत्नी बनेर यतिका वर्ष बाँचेकोमा मलाई पछुतो छ । तिम्रो दुश्कर्मको बयान गरेर म आफैलाई अपमानित गर्न चाहन्न । तिम्रो नामको सिन्दुर र पोतेको बन्धनबाट म आजैदेखि मुक्तिको घोषणा गर्दछु । (पृ. ८८)*

मानसीले उपन्यासमा उठाएका नारी अस्तित्व उसका जैविक आवश्यकता, मातृत्वको चाहना, पतिवरणमा स्वतन्त्रता जस्ता कदमहरू पितपृसत्ताको परम्परावादी सोचका विरूद्ध तथा नारी स्वतन्त्रता र अस्तित्वका दृष्टिले महत्त्वपूर्ण छन् । शालिनीको पछिल्लो भूमिकाले पितृसत्ताको अहम्का विरुद्धमा सामुहिक विद्रोह हुनुपर्छ भन्ने आवाज उठाएको छ । यस उपन्यासको भूमिकामा लेखक स्वयम्ले यो उपन्यास नारीवादी चिन्तनमा लेखेको कुरा स्वीकार गरेका छन् । ज्ञवाली(२०६७:५४) ले **मानसी** उपन्यासलाई नारीवादी चेत भएको उपन्यासको रूपमा चिनाएका छन् । त्यसैले यो नारीवादी उपन्यास हो ।

## ४.३ विसङ्गतिवादी प्रवृत्ति

आफूले नचाहेको भोग्नु पर्ने, जे नहुनु पर्ने त्यो हुनु जस्ता असङ्गतिपूर्ण कुरा नै विसङ्गति हो । संसार विसङ्गतिले भरिपूर्ण छ । मान्छेका क्रियाकलाप निरर्थक छन् । "असङ्गति र विसङ्गति नै जीवन जगत्को मूलभूत कुरा हो भन्ने मान्यता वा सिद्धान्त नै विसङ्गतिवाद हो(जोशी,२०६६:१०४)" । मानवीय जीवन कुनै न कुनै दृष्टिकोणबाट हेर्दा असङ्गत, नमिलेर विसङ्गतै विसङ्गतले पूर्ण हुन्छ । जीवनलाई दिइने कुनै पनि मूल्यको अर्थ नभएको ले जीवन जगत् पनि व्याख्यय छैन भन्ने कुरा नै विसङ्गतिवादको मर्म हो (बराल र एटम,२०६६:१३४) । मानिसको जीवन भौतिक आवश्यकता पुरा नहुँदा मात्र विसङ्गत हुने होइन । मान्छेका भित्री चाहना र विचारले पनि उसको जीवन विसङ्गत हुन्छ । व्यक्तिगत स्वतन्त्रताको अपहरण, व्यक्तिका इच्छा आकाङ्क्षामा व्यवधान तथा मूल्यहीनताको बोधले मानवीय जीवन रुग्ण र विसङ्गत हुन्छ । मानिसका सबै आशा स्तम्भ भत्किएपछि मानिसले विसङ्गति बोध गर्छ । यिनै विसङ्गतिका कुरालाई विषयवस्तु बनाइएको उपन्यास विसङ्गतिवादी हुन्छन् ।

बलदेव मजगैयााको **मानसी** उपन्यासका केही पात्रका व्यवहार विसङ्गतिपूर्ण देखिन्छन् । विशेषगरी विनयले मानसीलाई आफूतिर आकर्षित गर्नको लागि बाल्यकालदेखिको साथी हर्षलाई अपमानजनक व्यवहार गर्नु, हर्षलाई मानसीबाट टाढा बनाउनको लागि हर्षको बुबालाई दुर्घटनामा पार्नु मानवीय मूल्यहीनताका उदाहरण हुन् । विनय आफू नपुंसक भएको थाहा पाउँदा पाउँदै पनि सक्षम भएको नाटक गर्छ । सन्तान जन्माउन असक्षम छ तर भावी सन्तानका लागि भन्दै महँगा खेलौनाले घर भरेको छ ।

विनयले घरमा स्वास्नी हुँदाहुँदै आफ्नै कार्यालयमा काम गर्ने कर्मचारीसँग अनैतिक सम्बन्ध राखेको छ । शालिनीले पनि विनय विवाहित हो भनेर जान्दाजान्दै दोस्रो विवाहको लागि उक्साएकी छे । यस्ता व्यवहारहरू पनि असङ्गत नै देखिन्छन् । सन्तानको रहर पुरा गर्न खेलौनाले घर भर्ने विनय मानसी गर्भवती भएको थाहा भएदेखि नै कुलतमा फस्न थालेको छ । यस व्यवहारबाट मानसीलाई चोट पुग्छ । यो विसङ्गतपूर्ण क्षणलाई मानसीले यसरी व्यक्त गरेकी छे :

> *"विनय ! मेरो गर्भ रहेको थाहा पाउनासाथ तिमीले रक्सी पिउन सुरु गऱ्यौ । तिमीले मसँग गरेका प्रतिबद्धता र म प्रतिको कतर्व्यलाई बिर्सिदै जान थाल्यौ । यहाँसम्म कि आफ्नो जिम्मेबारीबाट समेत विमुख हुँदै गयो । सन्तानको त्यत्रो रहर गरेर खेलौनाले घर भर्ने तिमी सन्तान आउने सुखद सुचनासँगै रक्सी पिउन थाल्यौ तिम्रो खुसी प्रकट गर्ने शैली मैले आजसम्म कसैमा पनि देखेकी थिइन । यो कस्तो खुसीको अभिव्यक्ति हो? कस्तो प्रकारको प्रेम प्रदर्शन हो ?"*

यसरी यो उपन्यासमा विरोधाभाषपूर्ण र विसङ्गतिमूलक घटनाहरूको चित्रण गरिएको पाइन्छ । उपन्यासका केही पात्रको नामकरण पनि विसङ्गतिजन्य पाइन्छ । विनय नामले नै विनयी र सहृदयी हुनु पर्नेमा षड्यन्त्रकारी र स्त्रीलम्पटको रूपमा देखापरेको छ । शालिनीमा शालिनता नभएर उच्शृङ्खला पाइन्छ । त्यसैगरी जीवनभरी अरुलाई न्याय दिने काममा जीवन बिताएका न्यायाधीस (मानसीका बुबा) ले आफ्नो छोरीको राय नबुझी विनयसँग विवाह गर्न भावनात्मक आदेश दिएर अन्याय गरेका छन् । यसरी प्रस्तुत उपन्यास **मानसी** विसङ्गतिवादी प्रवृत्ति भएको उपन्यास हो ।

## ४.४ अस्तित्ववादी प्रवृत्ति

मानिस आन्तरिक रूपमा स्वतन्त्र हुन्छ । उसले स्वतन्त्र रूपमा चुन्ने, वरण गर्ने स्वतन्त्रता प्राप्त गरेको हुन्छ । उसको यो स्वतन्त्रतालाई कसैले खोस्न सक्दैन भन्ने धारणा अस्तित्ववादी धारणा हो (जोशी,२०६६:१११) । मानिसको जीवन सङ्घर्षपूर्ण छ । त्यही सङ्घर्षले नै मानिसले आफ्नोअस्तित्व जोगाउन प्रयास गर्छ । अस्तित्ववादी सिद्धान्तको मूल आधार नै मानिसको स्वतन्त्र अस्तित्व हो । यो पाश्चात्य साहित्य सिद्धान्त हो । अस्तित्ववादका सम्बन्धमा साहित्यकार तथा विचारक 'जाँ पाल सात्र' को धारणा यस्तो पाइन्छ, "वस्तुतः वैयक्तिक स्वतन्त्रताको साहित्यका माध्यमद्वारा स्थापना एवम् अभिव्यक्ति नै अस्तित्ववाद हो' (श्रेष्ठ,२०६२:२०६) ।" मानिसको जीवन विसङ्गतै विसङ्गतले भरिपूर्ण छ तर पनि मानिस अस्तित्वका लागि बाँच्न विवश छ भन्ने चिन्तन नै अस्तित्ववादी चिन्तन हो । सामाजिक बन्धनलाई भुलेर आफ्नो स्वतन्त्रता र मूल्यको

संरक्षण गर्नु मानिसको काम हो भन्ने विचारलाई विषयवस्तु बनाएर लेखिएका उपन्यास अस्तित्ववादी हुन्छन् ।

**मानसी** उपन्यास नारी अस्तित्वको संवेदनालाई समातेर लेखिएको उपन्यास हो । एउटी नारीको पतिवरणको स्वतन्त्रता, मातृत्व रक्षाका लागि पतिसँगको विद्रोह र पति त्याग जस्ता नारी अस्तित्ववादी परिदृश्यहरू उपन्यासमा पाइन्छ । मानसीले विनयबाट लामो समयसम्म सन्तान नभएपछि उसले पूर्वप्रेमी हर्षबाट गर्भधारण गरेर छोरी जन्माउँछे र मातृत्व प्राप्त गर्छे । छोरीको जन्मपछि छोरीलाई नस्वीकार्ने पति विनयको धारणाले अक्रान्त बनेकी मानसीले पतिको नामको सिन्दुर पोते त्यागेर मातृ अस्तित्वको रक्षा गरेकी छे । "मानसीले उपन्यासमा उठाएका कदमहरू नारी अस्तित्व, उसमा जैविक आवश्यकता, मातृत्वको चाहना, पतिवरणमा स्वतन्त्रता र अस्तित्वका दृष्टिले महत्त्वपूर्ण छन् (ज्ञवाली,२०६७:५४) ।" मानसीले सन्तान प्राप्तिलाई नारीको सबैभन्दा ठूलो प्राप्ति ठानेकी छे । त्यसका लागि उसले हर्षसँग रेतस्दान मागेकी छे ।

> *"हिजो जव तिमीलाई मेरो शरीर चाहिएको थियो, त्यतिखेर जैविक आवश्यकता भनेर मलाई फकाउन चाह्यौ र मैले शरीर सुम्पन नचाहँदा मलाई दण्ड दियौ । आज जब म आमा बन्नका लागि तिम्रो श्रापबाट मुक्ति पाउन आफ्नो शरीर सुम्पन चाहिरहिछु । ................ ............................................................ आज सन्तान प्राप्तिको मोह र पूर्ण नारी बन्ने स्वार्थले शरीर सुम्पँदै छु जुन मेरो सबैभन्दा महँगो धन हो ।* (पृ. ७२)

कुनै पनि नारी पहिला कन्या, पत्नी र पत्नित्वपछि आमा बन्न चाहने अर्न्तरहस्यलाई उपन्यासमा उजागर गरिएको छ । "मानसीको जीवनयात्रा सरसर्ती हेर्दा विश्वेश्वरप्रसाद कोइरालाको अस्तित्ववादी उपन्यास 'तीन घुम्ती' की प्रमुख पात्र इन्द्रमायाको जीवनकै अन्तरालमा मानसीको जीवन प्रवाहित भएको छर्लङ्ग देख्न सकिन्छ (घिमिरे,२०६४:१६१) ।" यो उपन्यासको प्रमुख पात्रको सङ्घर्ष नै अस्तित्व प्राप्तिका मार्गमा केन्द्रित छ ।

## ४.५ स्वच्छन्दतावादी प्रवृत्ति

साहित्यमा प्रकृति चित्रण, मानवीय समवेदना, प्रेमालाप, विछोडविरह, सुन्दरताको वर्णन लगायतका विषयवस्तु समेटिनु नै स्वच्छन्दतावादी प्रवृत्ति हो । स्वच्छन्दतावादी साहित्यमा भावुकता र कल्पनिक उडान पाइन्छ । यथार्थको बन्धनभन्दा केही पर गई स्वच्छन्द जीवनको चित्रण गरिएको साहित्य स्वच्छन्दतावादी हुन्छ । स्वच्छन्दतावादी प्रवृत्ति साहित्यका कविता, गीत, मुक्तक जस्ता विधा उपविधामा बढी फस्टाएको पाइन्छ

तर आख्यानात्मक कृतिमा पनि स्वच्छन्दतावादको प्रभाव नपरको चाहिं होइन । उन्मुक्त प्रेमको चित्रण, पात्रको विभिन्न ठाउँमा भ्रमण, प्रकृतिको मनोहर चित्रण, ईश्वरीय रहस्यको प्रस्तुतिको रुचि रहेका उपन्यास स्वचछन्दतावादी हुन्छन् ।

**मानसी** उपन्यासको सुरुवात हर्ष र मानसीको प्रेमकथाबाट भएको छ । प्रेमालापको क्रममा उनीहरू विभिन्न रमणीय स्थानहरूको भ्रमण गर्छन । प्राकृतिक सुन्दरतासँग रमाउँछन् । रिसोर्ट र पार्कमा स्वच्छन्द रूपमा समय बिताउँछन् । यस सन्दर्भमा उपन्यासमा नारी सुन्दरता र प्राकृतिक मनोरमताको प्रयाप्त वर्णन पाइन्छ । जस्तै :

*"केही क्षण अघिसम्म पश्चिमतिर हिउँका थुम्काजस्तै देखिएका बादलका टुक्राहरू अहिले गोधूलिको लालिमामा रातै देखिएका थिए सो लालिमामा मानसीको मुहार पनि रातो देखिएको थियो । मानसीमा रूपान्तरण हुन पुगेको प्रकृतिको स्वरूपलाई हर्षले नियालेर हेऱ्यो । आज पहिलो पटक हर्षले मानसीलाई यति सुन्दर देखेको थियो । मानसीको सुन्दरतामा ऊ मन्त्रमुग्ध भयो र टोलाएर हेर्न थाल्यो ।"* (पृ. २)

मानसी र हर्ष समाजका बन्धनहरूलाई तोडेर आफ्नो प्रेम सफल बनाउन चाहन्छन् । सामाजिक बन्धन र तगाराहरूका विरुद्धमा विद्रोह गर्न खोज्छन् । उनीहरू आफ्नो प्रेमलाई चोखो र स्वच्छन्द ठान्छन् । हर्ष र मानसी एक अर्कामा स्वच्छन्दपूर्वक वार्तालाप ठट्टा र रोमान्स गर्छन् । जस्तै :

*मानसीले भनी "मित्रताभन्दा एक कदम अगाडि प्रेम, त्यो भन्दा अगाडि परीक्षा, त्यो भन्दा अगाडि फेल, त्यो भन्दा अगाडि घर निकाला, त्यो भन्दा अगाडि चौपट ।"*

*मानसीले कुरा थपी "त्यसभन्दा अगाडि मेटासिडको सिसी ।"*

*हर्षले कुरा बङ्ग्यायो "होइन ह्वीस्कीको' ।"*

*हर्षले केही सम्झे झैं गरी भन्यो "तिम्रो प्रेमको निम्ति म सबै चिज बलिदान गर्न तयार छु मानसी ! तर तिमी ..................।"* (पृ. २३)

प्रेमी प्रेमीकाका बीचमा भएका संवादमा केही ठट्टा र केही भावकुता पाइन्छ । पात्रहरूमा भ्रमणमा रुचि रहनु, प्रकृतिमा रम्दा आनन्दको अनुभव गर्ने पात्र उभ्याउनु, स्वतस्फूर्त र हार्दिक प्रेंमलाई प्राथमिकता दिनु, सामाजिक नीति नियमहरूप्रति असन्तुष्टि

जनाउँदै विद्रोह गर्नु, भाषामा सहजता हुन् आदि स्वच्छन्दतावादी साहित्यका विशेषता हुन् (बराल र एटम,२०६६:९४) । यी विशेषताहरू **मानसी** उपन्यासमा पनि विद्यमान छन् ।

## ४.६ मनोवैज्ञानिक प्रवृत्ति

व्यक्तिका मनभित्रका आन्तरिक कुराहरूको यथार्थ उद्घाटन गर्नु नै मनोविज्ञानको काम हो । आधुनिक मनोविज्ञानका प्रर्वतक सिग्मन्ड फ्रायड हुन् । फ्रायडबाट सुरु भएको मनोविश्लेषणमा पात्रका मनभित्र उत्पन्न हुने द्वन्द्व तथा मानसिक प्रक्रियालाई चित्रित गर्ने साहित्यलाई मनोविश्लेषणात्मक भन्ने गरिएको हो (शर्मा,२०५४:७४) । साहित्यमा व्यक्तिमनका कुण्ठा, नैराश्यता, छटपटीको वास्तविक समस्या अचेतनबाट पहिल्याउनु नै मनोवैज्ञानिक प्रवृत्ति हो । मनोवैज्ञानिक प्रवृत्तिलाई नेपाली साहित्यमा भित्र्याउने काम विश्वेश्वरप्रसाद कोइरालाले गरेका हुन् । मनोविश्लेषणात्मक प्रवृत्ति खास गरी कथा, उपन्यासको क्षेत्रमा सबल देखिन्छ । "अचेतन मनले चेतन मनमा पारेको प्रभाव र त्यसबाट उद्घाटित हुने अनेकौ समस्याको प्रस्तुति मनोविश्लेषणात्मक उपन्यासमा पाइन्छ । दमित इच्छा र त्यसको विश्लेषण नै यस्ता उपन्यासको लक्ष्य हुन्छ (बराल र एटम,२०६६:५६) ।

**मानसी** उपन्यासमा मानसी, हर्ष, विनय लगायतका पात्रको मनोवृत्तिलाई उजागर गर्ने काम गरिएको छ । उपन्यासकारले विनयलाई मनोरोगी पात्रको रूपमा उभ्याएका छन् । विनयमा हीनता मनोवृत्ति र ध्वंसात्मक प्रवृत्तिका साथै अपराध मनोवृत्ति पाइन्छ । हीनता ग्रन्थी भएको व्यक्ति हीनताको क्षतिपूर्तिका लागि नयाँ जीवनशैलीको चयन र निर्माण गर्दछ । विनयलाई आफू नपुंसक भएकोमा हिनता वोध छ । आफ्नो हीनता लुकाउनको लागि क्षतिपूर्ति स्वरूप रक्सी खाने, घर अबेर फर्कने, परस्त्रीसँग अनैतिक सम्बन्ध राख्ने गर्छ । आफ्नो कमजोरी ढाकछोप गर्नकै लागि महंगा खेलौना किनेर ल्याउँछ । सधै सन्तानको अपेक्षा गर्ने विनय मानसीले सन्तान जन्माइ सकेपछि उसमा अपराधिक मनोवृत्ति देखापरेको छ । छोरीको न्वारनको दिन उसले बच्चा आकृतिका खेलौना च्यातेर ध्वंसात्मक प्रवृत्ति देखाएको छ ।

यो उपन्यासमा यौन मनोविज्ञान पनि प्रयोग पाइन्छ । हर्षले मानसीलाई घुमाउन एकान्त रिसोर्टमा जान पटक पटक आग्रह गर्नु, हर्षले त्यहाँ मानसीसँग पटक पटक शारीरक सम्पर्कको आग्रह गर्नु, परीक्षाको तयारीमा समेत हर्षको मन मानसीमा र मानसीको मन हर्षमा केन्द्रित हुनु, एकै ठाउँमा भेला भएर अध्ययन गर्न थाल्नु आदि घटनाले युवा युवतीमा हुने यौनजन्य मनोकाङ्क्षा र विपरीत लिङ्गप्रतिको आकर्षणलाई देखाएको छ । हर्षले मानसीसँग शारीरिक सम्पर्कको आग्रह गर्दा दिएको जवाफबाट एउटी नारीले पुरुष मनोविज्ञानलाई कसरी बुझेकी छे भन्ने कुरा थाहा पाउन सकिन्छ :

> *“आखिर तिमी पुरुष नै त हौ ।आयौ बास्तविक अवस्थामा होइन ? तिमीभित्र पनि आमलोग्ने मानिसमा जस्तै प्रेम नामको पर्दा पछाडि खरानी भित्रको आगो भैं दमित इच्छा लुकेर बसेको र मौका खोजी गरिरहेको पाएँ । आज अवसर पाएर दन्किन खोज्दैछौ ।* (पृ ३६)”

मानसीले यसरी दिएको जवाफले हर्षको यौन चाहना मत्थर हुँदैन । यसको जवाफमा हर्षले भनेको वाक्य यस्तो छ :

> *“तिमीले जति दोषारोपण गरै पनि म तिम्रो इच्छा विपरीत कहाँ गएको छु र प्रेमको आदर्शलाई शिरमा राखेर जैविक आकाङ्क्षाको साभ्का आग्रह मात्रै गरेको हुँ । तर मानसी ' आज तिमीले जति पीडा दियौ त्यो मेरो निम्ति असह्य भइरहेछ । यसको तिमीलाई श्राप लाग्ने छ ।”* (पृ.३६)

यसरी **मानसी** उपन्यासमा पात्रहरूका दमित इच्छालाई उजागर गर्ने प्रयास गरिएको छ । उपन्यासको भूमिकामा उपन्यासकार स्वयम्ले ‘यो उपन्यासमा लोग्ने मानिस र स्वास्नी मानिसको मनोविज्ञानलाई खोतल्ने प्रयास गरिएको छ’ भनेका छन् । त्यसैले यो मनोवैज्ञानिक प्रवृत्तिमूलक उपन्यास हो ।

## ४.७ आलोचनात्मक यथार्थवादी प्रवृत्ति

आलोचनात्मक यथार्थवाद यथार्थवादकै एउटा शाखा हो । समाजमा घटेका घटनाहरूको सुधारात्मक अपेक्षासहितको प्रवृत्ति नै आलोचनात्मक यथार्थवादी प्रवृत्ति हो । आलोचनात्मक यथार्थवाद यथार्थवादकै एउटा रूप भए तापनि यसमा लेखक तटस्थ नभईआलोचचनात्मक द्रष्टाको रूपमासक्रिय हुन्छ (शर्मा र लुइटेल, २०६१ : ३०२) । आलोचनात्मक साहित्यमा वर्तमान अराजकता र शोषणप्रति तीव्र आलोचना गरिएको हुन्छ । त्यसले रूपान्तरणको स्पष्ट बाटो देखाइएको हुँदैन । सामाजिक विकृति र विसङ्गतिको चित्रण गर्नु, शोषण दमन र भेदभावमूलक प्रवृत्तिको विरोध गर्नु, सामाजिक हितका पक्षमा खुलेर समर्थन गर्नु; कुरीति, अन्धविश्वास र भ्रमको निन्दा गर्नु, यथार्थवादी जीवनदृष्टि प्रस्तुत गर्नु, भाषा प्रयोगमा स्वभावितकता दिनु आदि आलोचनात्मक उपन्यासका विशेषता हुन् (बराल र एटम, २०६६ : ११०) ।

**मानसी** उपन्यासमा हाम्रो समाजमा रहेको नारी पुरुषबिचको भेदभावको यथार्थतालाई आलोचनात्मक तवरले प्रस्तुत गरिएको छ । हाम्रो समाजमा नारीलाई धार्मिक तथा ऐतिहासिक कालखण्डदेखि नै कहिले सतीप्रथाको नाममा त कहिले दाइजोको निहुँमा जिउँदै जलाउने विकृति विद्यमान छ । आफ्नै मातालाई (नारीलाई) जिउँदै जलएर देवीको उपाधि दिने चलन हाम्रो समाजबाट हटे पनि यस्तो

मानसिकताबाट मुक्त हुन सकेको छैन । हाम्रो समाजमा जन्मे हुर्केका नारीहरूले न त परापूर्वकालमा कालमा नै स्वतन्त्रतापूर्वक जीवनयापन गर्न पाएका थिए न हिजोआज नै आफ्नो निर्णयमा बाँच्न पाएका छन् । नारीहरूको सम्पूर्ण जीवन पुरुषहरू कै खेलौना बनेर बिताउनु पर्ने यथार्थको उपन्यासमा तीब्र आलोचना गरिएको छ । नारीहरूले पनि पुरुष समान हैसियतमा बाँच्न पाउनु पर्छ भन्ने समयसापेक्ष मान्यतालाई उपन्यासभित्र मानसी र हर्षका माध्यमबाट सशक्त ढङ्गले अघि सारिएको छ (पाण्डे,२०६४:४९) । उपन्यासमा हर्ष पुरुष भएर पनि नारी विभेदको आलोचकको रूपमा प्रस्तुत भएको छ । नारीलाई परापूर्वकालदेखि नै विभिन्न बाहनामा शोषण गरिँदै आएको कुरालाई हर्ष यसरी प्रस्तुत गर्छ :

> *"सतीप्रथाको युग प्रारम्भ भएको त्यो बेला सम्भवतः पुरुषप्रधान समाजको चरमोत्कर्षको युग थियो । सतीको नाममा नारीजातिलाई जिउँदै जगाउने पुरुषहरूको त्यो 'दावनीय कालखण्ड थियो ।आफू सभ्य र कुलीन देखिन जिउँदै जलाइएका नारीहरूलाई धर्मको जलप लगाएर 'देवी'को ईश्वरीय पदवी प्रदान गरियो । आफ्नै जननीलाई जिउँदै जलाई त्यसैमा गर्व गर्ने पुरुषजातिको चरम क्रुरतालाई बुझ्न हामीले सिङ्गो युग नै पर्खनु पऱ्यो ।"* (पृ. १)

यहाँ नारीमाथि भएको शोषण र क्रुर व्यवहारको तीखो आलोचना गरिएको छ । यी सामाजका यथार्थ समस्या हुन् । त्यसैले **मानसी** उपन्यास आलोचनात्मक यथार्थवादी उपन्यास हो ।

## ४.८ मानवतावादी प्रवृत्ति

मानवको मानवीय मूल्यमा जोड दिनु नै मानवतावाद हो । मानवीय स्वतन्त्रता, समानता, मातृत्व विश्वबन्धुत्व जस्ता कुरामा मानवतावादले जोड दिन्छ । मानव जीवनको मूल्य स्वीकार गर्नु र कल्याण चाहनु मानवतावादका महत्त्वपूर्ण विशेषता हुन् । जन्मेपछि संसारका हरेक मानसले स्वतन्त्रता र सम्मानपूर्वक बाँच्नु पर्छ, बाँच्ने क्रममा उसले कुनै भेदभाव सहनु नपरोस् भन्ने धारणा नै मानवतावादी धारणा हो ।

**मानसी** उपन्यासमा पनि मानवतावादी स्वरहरू पाइन्छ । लैङ्गिक समानता र नारी अस्तित्व जस्ता विषयवस्तुमा केन्द्रित यस उपन्यासमा प्रसस्त मानवीय भावनायुक्त प्रसङ्गहरू पाइन्छन् । हर्षमा तीब्र यौन चाहना हुँदाहुँदै पनि मानसीको इच्छालाई सम्मान गर्दै आफ्नो चाहनालाई थाँती राख्नु पनि मानसीप्रति हर्षले देखाएको मानवीय भावना हो । मानसीका बुबा विरामी पर्दा हर्षले भरमग्दुर सहयोग गर्नु, थप उपचारका लागि मुम्बई लगेका बेला विनयले मानसीका बुबालाई एकछिन पनि नछोडी सहयोग देखाउनु

आदि मानवतावादी परिघटना हुन् । विनयको मानवीय सहयोग र सद्भावले मानसीका बुबा कृतज्ञ बनेका छन् । त्यस बेला विनय र मानसीका बुबाका बिचमा भएको कुराकानीको एक अंश यस्तो छ :

> *"विनय बाबु ! मेरो कारण तिमीले धेरै दुःख पायौ, आफ्नो व्यवसाय नै छोडेर यहाँसम्म आयौ । यसको ऋण मैले कसरी तिर्ने ? म ऋणी छु ।" विनयले नम्र हुँदै भन्यो "होइन बुबा त्यसो नभन्नुस् मानसी मेरी साथी हुन् ।त्यस नाताले तपाईको असजिलोमा साथ दिनु मेरो कर्तव्य नै हो । त्यस माथि मानवीय धर्म सम्भने हो भने पनि यो मेरो धर्म हो । हजुरले मन किन सानो बनाउनु हुन्छ ? फेरी म पनि तपाईको छोरा सरह हुँ नि ! होइन र ? " (पृ. ४४)*

उपन्यासमा हर्ष र मानसीले पनि मानवताको भाव देखाएका छन् । विनयले माफी माग्दा उनीहरूले मानवीय संवेदनाकै कारणले माफी दिएका हुन् । उपन्यासमा विनयको सहयोग भावका माध्यमबाट मानवताको सन्देश दिन खोजिएको छ । तर सोही विनयकै माध्यमबाट मानवताको गिर्दो चित्र पनि प्रस्तुत गरिएको छ । डाक्टरी परीक्षणमा आफ्नो रिपोर्टमा नपुंसकता देखिएपछि रिपोर्ट साट्नु, हर्षलाई नपुंसक भएको नक्कली विल्ला भिराउनु आदि विनयमा देखिएका मानवताका सङ्कट हुन् । त्यसै गरी हर्षले घरमा काम गर्न राखेको नोकर शान्तलाई क्याम्पससम्मको शिक्षा लिने अवसर मिलाई दिनुले हर्षमा सबैले शिक्षा पाउनुपर्छ भन्ने भावना देखिन्छ । यो मानवताको उच्चतम नमुना हो । यिनै कारणले गर्दा **मानसी** मानवतावादी उपन्यास हो ।

## ४.९ भाषा प्रयोगमा विशिष्टता

भाषा मानव विचार अभिव्यक्तिको माध्यम हो । साहित्यमा भाषा एक अभिन्न अङ्का रूपमा रहन्छ । साहित्यका विभिन्न विधा मध्ये उपन्यास एक सशक्त आधुनिक गद्य विधा हो । यसले जीवनजगत्का विस्तृत आयामलाई समेट्दै यथार्थलाई वरण गर्ने हुनाले यसमा गद्य र बोलचालको भाषा प्रयोग गरिन्छ । भाषाले उपन्यासका सबै तत्त्वलाई सङ्गठित गर्ने काम गर्दछ । उपन्यासमा विवरणात्मक, वर्णनात्मक, संवादात्मक, भाषाशैलीको प्रयोग गरिन्छ । भाषा प्रयोगलाई विशिष्ट बनाउनको लागि उपन्यासमा तत्सम शब्द, आगन्तुक शब्द, उखान टुक्का, थेगो जस्ता पद पदावलीको प्रयोग गरेको पाइन्छ । प्रस्तुत **मानसी** उपन्यासमा उपन्यासकारले विवरणात्मक, वर्णनात्मक र संवादात्मक तिनै प्रकारको भाषिक शैलीको उपयोग गरेका छन् । उपन्यासका धेरै जसो संवादहरू लामालामा खालका र मानव भाषाका रहेका छन् भने केही संवाद छोटा र अपूर्ण वाक्यमा समेत रहेको पाइन्छ । खास गरी यस्ता संवादको भाषा प्रश्नोत्तर शैलीमा रहेको पाइन्छ । जस्तै :

*"बौलाहा बनेर जिन्दगी चल्छ कि क्या हो ?"*

*"त्यसो भए पढाइमा मन लगाउने उपाए के छ भन न ?"*

*"छ नि किन नहुनु ? टुप्पी कस्ने अनि पढ्ने . . . "*

*"त्यो भन्दा उत्तम उपाय त मसँग नै छ नि ।" हर्षले भन्यो*

*"के हो भन न त ?"*

*हर्षले भन्यो "फोनमा हुँदैन तिमी मै कहाँ आऊ ।"*

*मानसीले भनी, "नाई तिम्रो बुबा . . . ?" (पृ.२३)*

त्यसैगरी उपन्यासमा हर्ष र मानसीका बीचमा लामालामा सम्वाद र गहिरा विचारयुक्त भाषाको समेत प्रयोग भएको छ । घटना र पात्रको पृष्ठभूमिको रूपमा लेखकका तर्फबाट भएका स्पष्टीकरण र विवरणात्मक अनुच्देछहरू पनि उपन्यासमा प्रस्तुत भएका छन् । जस्तै :

> *"भोलिपल्ट मानसी हर्षको घर पुगी । उसलाई हर्षको घर नौलो थिएन । साथै हर्षको घरमा काम गर्ने शान्तले पनि मानसी हर्षकी साथी हो भन्ने चिनेको थियो तर पनि आज मानसीलाई हर्षको घर आउँदा नजानिँदो सङ्कोच लागि रहेको थियो । यसबिच हर्ष र मानसीबिच बढेको प्रेम सम्बन्धले होला सायद आज मानसीलाई यो घर नयाँ, नौलो प्रथम पटक आए जस्तो तर आफ्नो जस्तो लागेको थियो । अघिपछिको जस्तो सहजता आज मानसीमा थिएन । उसलाई सङ्कोच लुकाउन गाह्रो परिरहेको थियो । (पृ. २४)*

त्यसैगरी संस्कृतका तत्सम शब्दको जस्ताको तस्तै प्रयोग, अंग्रेजी पद पदावलीको प्रयोगले पनि **मानसी** उपन्यासको भाषालाई विशिष्टता थप्न सहयोग गरेका छन् ।

परिच्छेद पाँच

# निष्कर्ष

बलदेव मजगैयाँ वि.सं. २००७ साल साउन ७ गते राप्ती अञ्चल दाङ जिल्ला बिजौरी गा.वि.स.मा जन्मेका स्रष्टा हुन् । मजगैयाँले दाङ जिल्लाकै भरतपुरमा अवस्थित पद्मोदय हाइस्कुलबाट वि.सं.२०२५ सालमा प्रवेशिका र बनारसको हिन्दु विश्व विद्यालयबाट इतिहास विषयमा स्नात्तकोत्तरसम्मको औपचारिक अध्ययन पुरा गरेका छन् । सानैदेखि साहित्य सिर्जनामा लागेका मजगैयाँको प्रथम साहित्यिक रचना 'शान्ति' शीर्षकको कविता हो । हालसम्म उनका एउटा कविता सङ्ग्रह, पाँचवटा उपन्यास, एउटा गीति एल्वम र केही सम्पादित कृतिहरूका साथै विभिन्न पत्र-पत्रिकाहरूमा फुटकर रचनाहरू प्रकाशित भएका छन् । मजगैयाँ साहित्य साधकका साथै एक राजनीतिकर्मी पनि हुन् । नेपाली काङ्ग्रेससँग आबद्ध उनले विभिन्न राजनीतिक जिम्मेवारीका साथै दुईपटक मन्त्री पद समेत सम्हालेका छन् । विघटित संविधान सभामा सभासद्को भूमिका निर्वाह गरेका मजगैयाँ आजभोलिचाहिँ सक्रिय राजनीतिबाट विस्तारै टाढिँदै गएका छन् । साहित्य र राजनीति दुवै क्षेत्रमा विश्वेश्वर प्रसाद कोइरालाबाट प्रेरित र प्रभावित बताउने उनको साहित्य लेखन गद्य र पद्य दुवै विधामा सक्रिय पाइन्छ । लेखन, प्रकाशन र स्तरीयतालाई हेर्दा उपन्यास विधा अगाडि देखिन्छ । उनका पछिल्ला उपन्यासहरू **विवशता**(२०६२), **मानसी**(२०६३) दुवै साझा प्रकाशनबाट प्रकाशित र नेपाली उपन्यास जगतमा सफल कृति मानिन्छन् ।

उपन्यास आधुनिक साहित्यको सर्वाधिक लोकप्रिय र सफल विधा हो । नेपाली साहित्यमा वि.सं. १८२७ सालमा प्रकाशित शक्तिबल्लभ अर्ज्यालको महाभारत **विराटपर्व**लाई पहिलो आख्यानात्मक कृतिको झिल्को मानिन्छ । त्यसैगरी गिरीशबल्लभ जोशीको **वीरचरित्र**(१९५६) पहिलो मौलिक औपन्यासिक प्रयास हो । यसले नेपाली उपन्यासको विकास प्रक्रियामा महत्त्वपूर्ण स्थान ओगटेको छ । वि.सं. १९९१ सालमा प्रकाशित रुद्रराज पाण्डेको **रूपमती** उपन्यासले आधुनिकता ग्रहण गर्छ । आदर्शोन्मुख यथार्थवादी धारालाई अँगालेर सुरु भएको आधुनिक नेपाली उपन्यास विविध प्रवृत्ति र धाराहरूमा विकसित हुँदै अगाडि बढेको पाइन्छ । आदर्शोन्मुख यथार्थवादी धारा, स्वच्छन्दतावादी, सामाजिक यथार्थवादी धारा ऐतिहासिक यथार्थवादी धारा, आलोचनात्मक यथार्थवादी धारा, मनोवैज्ञानिक धारा, विसङ्गतिवादी धारा, अस्तित्ववादी धारा, प्रयोगवादी धाराका साथै उत्तरआधुनिकतावादी धारा अन्तर्गत नारीवादी धारा, विनिर्माणवाद, अधिउपन्यास लेखन, अउपन्यास लेखन लगायतका प्रवृत्तिहरू आधुनिक उपन्यासका विकास र विस्तारसँगै देखा परेका छन् । **मानसी** उपन्यास पनि यिनै विविध

आधुनिक प्रवृत्ति र मान्यताहरूलाई आत्मसाथ गरेर रचना गरिएको सामाजिक उपन्यास हो ।

**मानसी** नारी चरित्रप्रधान उपन्यास हो । मानसी उपन्यासकी प्रमुख पात्र हो । उसैको नामबाट उपन्यासको नामकरण गरिएको छ । उपन्यासको प्रमुख विषयवस्तु समाजमा रहेको नारी पुरुषबिचको असन्तुलित सम्बन्ध र नारी अस्तित्वको रक्षा हो । यो उपन्यासमा एउटी नारी पत्नी र पत्नीपछि आमा बन्न चाहने अन्तर्रहस्यलाई उजागर गरिएको छ । मातृत्व नारीको नैसर्गिक अधिकार हो भन्ने विषयलाई यो उपन्यासमा मानसी नामकी प्रमुख पात्रको माध्यमबाट देखाइएको छ । मानसीलाई यसका लागि हर्षले भरपूर साथ दिएको छ । उपन्यासकारले मानसीलाई मातृत्व प्राप्ति र रक्षाका लागि पुरुषप्रधान समाजसँग गरिएको नारी विद्रोहको प्रतीकको रूपमा प्रयोगमा गरेका छन् । त्यसैले मानसी उपन्यासकी मुख पात्र हो । मानसीकै सेरोफरोमा समग्र उपन्यासको कथावस्तु घुमेको छ । त्यसैले उपन्यासको नामकरण विषयवस्तु र चरित्रसँग सामान्जस्यमूलक र सार्थक छ ।

**मानसी** उपन्यासको संरचनालाई हेर्दा एउटै कथावस्तुमा आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा कथानक अगाडि बढेको  पाइन्छ । उपन्यासमा उपशीर्षक र पूर्वदीप्तिका प्रसङ्गहरू पनि छैनन् ।

प्रस्तुतिका दृष्टिले **मानसी** उपन्यासको कथावस्तु मूलत : वर्णनात्मक एवम् अंशतः विश्लेषणात्मक देखिन्छ । लामालामा संवाद, सरल र विवरणात्मक भाषाशैलीको प्रयोग यस उपन्यासमा मजगैयाँले प्रयोग गरेका छन् । मझौला आकृतिको यस उपन्यासमा मजगैयाँले थोरै पात्रको प्रयोग गरेका छन् । मानसी हर्ष र विनय यी तिन जना पात्रकै सेरोफेरोमा उपन्यासको सम्पूर्ण कथानक डोरिएको छ । सङ्ख्यात्मक आधारमा पात्र थोरै भए पनि बहुप्रवृत्ति भएका यस उपन्यासका पात्रलाई विभिन्न आधारमा विभाजन गर्न सकिन्छ । मानसी प्रमुख, स्त्री, अनुकूल, बद्ध, मञ्चीय, व्यक्तिगत पात्र हो । हर्ष उपन्यासको प्रमुख, अनुकूल र पुरुष पात्र हो । त्यसैगरी विनय प्रमुख पतिकूल पुरुष पात्र हो । त्यसै गरी शालिनी, मानसीका बुबा, आदि सहायक भूमिकाका पात्र हुन् । हर्षको बुबा, शान्त भाइ, पण्डित, सानोबुबा, सानीआमा आदि गौण पात्र हुन् ।

**मानसी** उपन्यासमा बलदेव मजगैयाँले पात्रअनुकुल भाषा र संवादको समुचित प्रयोग गरेको पाइन्छ । उपन्यासभित्र हर्ष र मानसीका बिचमा भएका नारी मुक्ति र नारी अधिकारका बारेमा भएका संवादहरू विशेष महत्त्वपूर्ण छन् । त्यसैगरी उनीहरूको प्रेमजीवनका बेलामा भएका संवादले उपन्यासलाई रसिलो र रोमान्टिक बनाउन मद्दत गरेको छ । उपन्यासमा उपन्यासकारले वर्णन विवरण एकोहोरो रूपमा नगरेर ठाउँ,

समय र परिस्थिति अनुरूप पात्रहरूको संवाद पनि प्रस्तुत गरेका छन् । उपन्यासको लेखकीय वर्णन र पात्रका संवादबाट अगाडि बढेको छ । यसमा विभिन्न घटनाका माध्यमबाट पात्रको सोचाइ, व्यवहार, व्यक्तित्व र कार्यलाई देखाउने काम पनि भएको छ । संवादमा सरल र स्तरीय भाषाको प्रयोग गरिएको छ । उपन्यासमा क्लिष्ट र दुर्बोध्य भाषाको प्रयोग नगरिएकोले सहजता र स्वभाविकता पाइन्छ । यो उपन्यासमा प्रयोग भएको संवादले कथानकमा नाटकीय मोड ल्याउनुको साथै चरित्र विकासमा समेत सघाउ पुऱ्याएको छ । समग्रमा भन्नुपर्दा उपन्यासको संवाद संरचना स्वभाविक र पात्रानुकुल देखिन्छ ।

मानसी उपन्यासको परिवेश नेपालको कुनै नाम उल्लेख नगरिएको सहर, कलेज, होटल, रेस्टुरेन्ट रिसोर्ट, राजधानी काठमाडौं, मुम्बईको एउटा अस्पताल आदि उल्लेख भएको छ । उपन्यासको प्रमुख रुचि क्षेत्र काठमाडौं उपत्यका हो । उपन्यासको अध्ययनका क्रममा नेपाली समाजमा रहेको लैङ्गिक असमानता, विभेद र त्यसको मुक्तिका लागि एउटी नारी (मानसी) ले गरेको विद्रोहको प्रयास देख्न सकिन्छ । उपन्यासको वातावरण सुरुमा हर्ष र मानसीको प्रेम प्रसङ्गले रोमान्चक देखिए पनि मध्यभागमा उनीहरूको विछोडले केही कारुणिकता जन्माएको छ । हाम्रो पितृसत्तात्मक समाज मानसिकताको कारणले लामो समयदेखि नारीलाई हेर्ने दृष्टिकोण र उसको मातृत्वको अधिकारलाई स्पष्ट पार्नु नै उपन्यासको आन्तरिक परिवेश मान्न सकिन्छ । समग्रमा भन्दा यो उपन्यासमा शिक्षित पात्र र सहरिया परिवेशमा सिर्जना भएको छ ।

**मानसी** उपन्यासमा तृतीय पुरुष (बाह्य) दृष्टिविन्दुको प्रयोग गरिएको छ । यो उपन्यासको आरम्भ हर्षको कथनबाट भएको छ भने अन्त्य मानसीको आदेशात्मक भनाइबाट भएको छ ।

**मानसी** उपन्यासमा बाह्य एवम् आन्तरिक दुवै प्रकारको द्वन्द्वको प्रयोग गरिए पनि मूलत : आन्तरिक वा मनोद्वन्द्व अधीक पाइन्छ । उपन्यासमा बाह्य द्वन्द्वको रूपमा पितृसत्तावादी समाज र नारी अधिकारका लागि मानसीले चालेका कदम, मानसीको बाटोमा बाधा हुन आउने विनय र मानसीबिचको द्वन्द्वलाई लिन सकिन्छ । यस उपन्यासका पात्रहरू मनोद्वन्द्वले ग्रसित छन् । शारीरिक असक्षमताको रिपोर्टआउँदा हर्षमा आएको हीनता र त्यसले ल्याएको अनिश्चियता, विनयसँग विवाह गर्नुपर्दा मानसीको मनमा देखिएको मनोद्वन्द्व, मानसीको मनमा जागेको मातृत्वको भोक र त्यसले ल्याएको मानसिक बेचैनी आदिलाई उपन्यासका प्रमुख मनोद्वन्द्व मान्न सकिन्छ । यी आन्तरिक र बाह्य द्वन्द्वले उपन्यासलाई कुतुहलता प्रदान गरेको छन् ।

**मानसी** उपन्यासमा प्रयोग भाषा शिक्षित र सहरिया परिवेशमा बोलिने किसिमको देखिन्छ । यसकोभाषा सरल, सहज, सुबोध्य र वर्णनात्मक प्रकारको देखिन्छ । भाषाशैलीको दृष्टिले यो उपन्यास उच्च स्तरको कृतिको रूपमा देखापरेको छ । यसमा नेपाली झर्रा शब्दका अतिरिक्त संस्कृतका तत्सम र अंग्रेजीका आगन्तुक शब्दहरूको समुचित प्रयोग गरिएको पाइन्छ । यसरी प्रयोग गरिएका तत्सम र आगन्तुक शब्दले उपन्यासको भाषालाई स्वभाविक र आकर्षक बनाउन मद्दत गरेको छ । वाक्य संरचनाका दृष्टिले सरल, मिश्र, संयुक्त तिनै प्रकारका वाक्यको प्रयोग पाइन्छ । ठाउँठाउँमा मिथकीय प्रतीक र बिम्बका साथै आलङ्कारिक भाषाको प्रयोगले उपन्यास पठनीय बन्न पुगेको छ ।

उपन्यासकार बलदेव मजगैयाँको **मानसी** उपन्यासमा महिलापुरुष समविकासको अवधारणाप्रति उनको संवेदनशीलतालाई औपन्यासिक कलाका साथ प्रकट भएको छ । आज महिलापुरुष समानताको कुरा विश्वव्यापी उठिरहेको छ । त्यो स्वर नेपाली समाजमा पनि सशक्त ढङ्गले उठ्नु स्वभाविक नै हो । व्यवहारमा आज पनि हाम्रो समाजमा नारीको अवस्था उस्तै पिछडिएको छ । जसको कारण पितृसत्तात्मक सोचको व्याप्ति हो । पुरुष र नारीका सम्बन्धमा व्याप्त असन्तुलनलाई सुधार्न पुरुषले भाषण छाँडेर मात्र पुग्दैन्, उसले आफ्नो व्यवहारमा नै परिवर्तन ल्याई अरुलाई पनि त्यस्तै बन्न प्रेरित गर्नुपर्छ । त्यस्तै नारीले पनि आफ्नो अवस्थाका लागि पुरुषलाई मात्र दोष दिने होइन, उसले आफ्नो अधिकार र अस्तित्व रक्षाका लागि आफैँले आफ्नो अधिकार र अस्तित्व रक्षाका लागि आफैँले विद्रोहको साहस गर्नुपर्छ भन्ने समय सापेक्षित मान्यतालाई उपन्यासकार मजगैयाँले यो उपन्यासको अन्त्यमा नारीले (मानसी) ले अत्यन्त साहसी निर्णय गरेको देखाएका छन् । यसबाट नारीहरूलाई नारी आदर्शको कथित पाठ घोकाउँदै सँधै थिचेरकिचेर राख्न खोज्ने समाजको नियति सधैं टिक्दैन भन्ने कुरा प्रष्ट पार्न उपन्यासकार सफल भएका छन. । यदि नारीहरूले आफ्नो जीवनमा आफ्नो अधिकार र अस्तित्वप्रति जागरुक हुँदै सही समयमा विद्रोहको साहस गरेमा समाजमा विनयजस्ता पुरषहरू समेत ठेगानमा आउन बाध्य हुनेछन् । नारीपुरुषको सम्बन्धमा सन्तुलन ल्याउनको लागि हर्षजस्तो सत्पुरुषको पनि खाँचो पर्दछ । उपन्यासको अन्तिम घटनाले नारीको अधिकार,अस्तित्व र मातृत्व रक्षाका लागि पुरुषको सहकार्य र सहयात्रा जरुरी छ; यही नै **मानसी** उपन्यासको मुख्य मूल्य र प्राप्ति हो ।

समग्रमा भन्नुपर्दा **मानसी**(२०६३) आधुनिक परम्पराको सामजिक यथार्थवादी धरातलमा नारी समस्या र नारी अस्तित्वलाई प्रमुख विषयवस्तु बनाएर लेखिएको एक सशक्त उपन्यास हो । हाम्रो समाजमा नारीले भोगेको यथार्थलाई कलात्मक र शिष्ट तवरले औपन्यासिक शिल्पमा ढाल्नु बलदेव मजगैयाँको लेखनको सबल पक्ष देखिन्छ । उनले नारी अस्तित्वलाई उठान गर्न सामाजिक यथार्थवादको धरातल टेकेका छन् ।

एउटा रोमान्टिक प्रेम कथा ओछ्याएर उपन्यासको थालनी गरिएको छ तर प्रेमका नाममा सामाजिक मूल्य र मान्यताको उलङ्घन यहाँका पात्रले गर्न पाएका छैनन । औपन्यासिक संरचनालाई खण्डमा विभाजित स्थूलकथावस्तु, उन्नतस्तरको भाषाशैली, उपयुक्त पात्रको चयन, दार्शनिक र गहन संवाद जस्ता कुराको प्राप्ति यस उपन्यासको विशेषता हो । लैनसिंह बाङ्देलको **मुलुक बाहिर**(२००४) बाट सुरु भएको सामाजिक यथार्थवादी उपन्यासले हृदयचन्द्रसिंह प्रधानको **स्वास्नीमान्छे**(२०११) सम्म आइपुग्दा नारीवादी मुल्यलाई अँगाल्न थालेको पाइन्छ । सोही पथको निरन्तरताको रूपमा **मानसी** उपन्यासलाई लिन सकिन्छ । यस उपन्यासले आधुनिक नेपाली उपन्यास परम्परालाई आत्मसाथ गर्दै भाषाशैलीमा विशिष्टता, नवीन चेतना र नयाँ समाजको परिकल्पना प्रस्तुत गरेको छ । सामजिक यथार्थलाई आलोचनात्मक तवरले प्रस्तुत गरिएको यस उपन्यासमा अस्तित्ववादी विसङ्गतिवादी चेतना, मानवतावादी भावना, नारीवादी चिन्तन, स्वच्छन्दतावादी प्रवृत्ति, नारीपुरुष मनोविज्ञान जस्ता विशेषता पाउन सकिन्छ । निचोडमा भन्दा आधुनिक उपन्यासको भन्डारभित्र मानसी पठनीय र अध्ययनयोग्य उपन्यास हो ।

**मानसी** उपन्यासका विषयमा थप शोध र अध्ययन गर्न आवश्यक छ । जसका लागि सम्भावित शोधशीर्षकहरू निम्नानुसार हुन सक्छन् :

(क) **मानसी** उपन्यासको समाजशास्त्रीय अध्ययन

(ख) **मानसी** उपन्यासभित्र नारीवादको प्रयोग

(ग) अस्तित्ववादी दृष्टिले **मानसी** उपन्यासको अध्ययन

# परिशिष्ट

'मानसी' उपन्यासको कृतिपरक अध्ययन विषयक शोधपत्र तयार पार्ने क्रममा **मानसी** उपन्यासका लेखक बलदेव मजगैयाँसँग लिइएको अन्तर्वार्ताको मुख्य अंश :

१. तपाईंको जन्म कहिले र कहाँ भएको हो ?

| मेरो जन्म वि.सं. २००७ सालमा दाङ जिल्लाको बिजौरी गा.वि.स. डाँडा गाउँमा भएको हो ।

२. तपाईंको साहित्य लेखनको प्रेरणा र पृष्ठभूमि कस्तो छ ?

| विद्यार्थी कालमा पद्मोदय पब्लिक हाइस्कुलमा हुने साहित्यिक कार्यक्रमहरु नै मेरा लेखनको प्रेरणा हुन् । त्यहीँबाट प्रकाशित ज्योत्सना पत्रिकामा शान्ति शीर्षकको कविता छापिएपछि झन् उत्साहित भएँ । यो नै मेरो साहित्य लेखनको प्रेरणा र पृष्ठभूमि हो ।

३. तपाईंको विचारमा साहित्य भनेको के हो ?

| मेरो विचारमा समाजमा घटित घटनाहरुको प्रतिबिम्ब नै साहित्य हो, ती प्रतिबिम्बले समाजलाई प्रेरणा दिने काम गर्दछन् ।

४. तपाइँ साहित्यको कुन विधा बढी मन पराउनु हुन्छ ?

| प्रभावकारी विधा भएकाले आख्यान बढी मन पराउँछु तर कवितालाई पनि माया मार्न चाहिँ सक्दिन ।

५. तपाइँ साहित्य र राजनीति दुई फरक फरक क्षेत्रमा क्रियाशील हुनुहुन्छ, दुबैलाई एकसाथ कसरी संयोजन गरिरहनु भएको छ ?

| ममा राजनीति र साहित्यको यस्तो मित्रता छ कि म राजनीतिमा हुँदा साहित्यले बाधा पुऱ्याउँदैन, साहित्यमा हुँदा राजनीतिले बाधा पुऱ्याउँदैन ।

६. एउटा साहित्यकारको आँखाबाट हेर्दा वर्तमान नेपालको राजनीतिलाई कसरी मूल्याङ्कन गर्नु हुन्छ ?

| म साहित्य र राजनीति दुबै आँखाबाट नेपालको वर्तमान परिस्थिति उस्तै देख्छु । अवस्था राम्रो छैन । राजनीतिकर्मीहरूबाट गल्तीहरु भएका छन् । ती गल्तीहरु सच्चाएर अगाडि जानुको विकल्प छैन । आत्मआलोचित हुँदै अघि नबढ्ने हो भने लोकतन्त्र नै गुम्न सक्ने खतरा देख्छु ।

७. तपाईँले साहित्यिक यात्राको थालनी कविताबाट गर्नु भए पनि उपन्यास धेरै लेख्नु भएको छ, किन ?

| अभिव्यक्तिका लागि उपन्यास बढी प्रभावकारी भएकाले यसलाई बढी अंगालेको हुँ ।

८. नेपाली साहित्यमा तपाईँलाई मनपर्ने लेखकहरु को-को हुन् ?

| मलाई विश्वेश्वरप्रसाद कोइराला, ध्रुवचन्द्र गौतम, जगदीश घिमिरे, नारायण वाग्ले, शारदा शर्मा लगायतका लेखकहरु मन पर्छन् ।

९. तपाईँ आफ्ना उपन्यासमा कस्ता उपन्यास भन्न रुचउनु हुन्छ ?

| यसको जिम्मा समालोचक र पाठकलाई छोडिदिन्छु ।

१०. तपाईँको **मानसी** उपन्यास लेखनको बीज तत्त्व के हो ?

| बालकृष्ण समको मुकुन्द इन्दिरा नाटकको

*"स्वामि मारी सती जाने, यस्ता स्त्रीको चरित्र,*

*ब्रम्हासमेत जान्दैनन्, के जान्लान् भवदेव यी*

भन्ने विचारसँग मेरो पटक्कै सहमती थिएन । यही असहमतीबाट नै मानसीको जन्म भएको हो ।

११. कसै कसैले **मानसी** उपन्यासलाई विश्वेश्वर प्रसाद कोइरालाको **तीन घुम्ती** सँग मिल्दोजुल्दो भनेका छन्, के भन्नु हुन्छ ?

| म उहाँबाट प्रभावित लेखक हुँ । मेरो साहित्यमा उहाँको धेरै प्रेरणा मिसिएको छ । यो त्यसकै प्रतिफल हुन् सक्छ ।

१२. **मानसी** उपन्यासका सबै पात्रलाई आफूले न्याय गरे जस्तो लाग्छ ?

| हो, न्याय नै गरे जस्तो लाग्छ ।

१३. हाम्रो समाजमा मानसीहरूको भूमिका कस्तो देख्नुहुन्छ ?

| उनीहरूको भूमिका सन्तोषजनक छैन किनकि भूमिकाका लागि समय चाहिँ आइसकेको छ ।

१४. यस उपन्यासबाट मानसी र हर्षमध्ये एउटालाई रोज्नु परे कसलाई रोज्नु हुन्छ, किन ?

| म त मानसीलाई रोज्छु । उपन्यासको कल्पनादेखि नै म मानसीको पक्षमा छु । हर्ष त मानसीको समर्थक मात्र हो । मानसी मेरी प्रतिनिधि हो ।

१५. तपाईंलाई आफ्ना पाँचवटा उपन्यासको सबैभन्दा मनपर्ने उपन्यास कुन हो र किन ?

| आफ्ना सबै सन्तानको बरावरी माया लाग्छ ।

१६. साहित्यका अन्य विधाका तुलनामा उपन्यास बढी लोकप्रिय छ, किन होला ?

| सबैको आ-आफ्नो विशिष्टता छ । लोकप्रियता भन्ने कुरो सँधै नरहन पनि सक्छ ।

१७. साहित्यलाई केले पठनीय बनाउँछ ?

| पाठकीय रुचि अनुसारको विषयवस्तुको छनौट र प्रस्तुतिको शैलीले साहित्यलाई पठनीय बनाउँछ ।

१८. आजभोलि के मा व्यस्त हुनुहुन्छ ?

| फुटकर लेखहरु लेखन, राजनीतिक लेख रचना र अध्ययनमा व्यस्त छु ।

१९. तपाईंको भविष्यको साहित्यिक योजना कस्तो छ ?

| कविता, गीत र भजनको एउटा संयुक्त सङ्ग्रह त्रिशूल प्रकाशन गर्ने योजनामा छु ।

२०. तपाईं किन लेख्नु हुन्छ, तपाईंको लेखनले समाजलाई के दिन्छ ?

| म आत्म सन्तुष्टिकै लागि लेख्छु । मेरो लेखाइले समाजलाई सकारात्मक सन्देश दिन्छ भन्ने लाग्छ ।

# सन्दर्भ सामग्री सूची

## पुस्तक सूची


चालिसे, नारायण (२०६७), **केही कृति आफ्नै प्रकृति**, काठमाडौं : पैरवी प्रकाशन ।

जोशी, कुमार बहादुर (२०६६), **पाश्चात्य साहित्यका प्रमुख वाद**, ललितपुर : साझा प्रकाशन ।

ज्ञवाली, विष्णु प्रसाद (२०६७), **समसामयिक नेपाली उपन्यास**, काठमाडौ : पैरवी प्रकाशन ।

ढकाल, भूपति, (२०५६), **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा विचार पक्ष**, पोखरा : जयनेपाल प्रकाशन ।

थापा, मोहन हिमांशु (२०६६), **साहित्य परिचय**, ललितपुर : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्र सिंह (२०६१), **नेपाली उपन्यास र उपन्यासकार**, (चौ.सं.), ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०६३), **उपन्यासको सौन्दर्यशास्त्र**, ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र
नेत्र एटम (२०६६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, (ते.सं.), ललितपुर : साझा प्रकाशन ।

भट्टराई, शरदचन्द्र शर्मा (२०५०), **माध्यमिक नेपाली गद्याख्यान**, काठमाडौं : ने.रा.प्र.प्र. ।

मजगैयाँ, बलदेव (२०५१), **कुहिरो**, काठमाडौं : सावित्री शर्मा ।

........................., (२०५३), **सङ्कल्प**, काठमाडौं : सावित्री शर्मा ।

........................., (२०५४), **चारु**, काठमाडौं : सावित्री शर्मा ।

........................., (२०५४), **नेपाली काङ्ग्रेस संसदमा**, काठमाडौं : नेपाली काँग्रेस संसदीय दल ।

........................., (२०५७), **बेलपत्र**, काठमाडौं : सावित्री शर्मा ।

........................., (२०६२), **विवशता**, ललितपुर : साझा प्रकाशन ।

……………………, (२०६३), **मानसी**, ललितपुर : साझा प्रकाशन ।

शर्मा, तारानाथ (२०६३), **नेपाली साहित्यको ऐतिहासिक परिचय**, ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्र प्रसाद लुइँटेल (२०६१), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

……………………, (२०५२), **शोधविधि**, ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, ईश्वर कुमार (२०६२), **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली**, (चौ.सं.), ललितपुर : साझा प्रकाशन ।


**पत्रपत्रिका तथा शोधग्रन्थ सूची**


कँडेल, रमानन्द (२०५९), **बलदेव मजगैयाको जीवनी, व्यक्तित्व र कृतित्त्व**, काठमाडौं : त्रि.वि. ।

घिमिरे, भानु (२०६४), "मानसी भित्र के छ ?", **गरिमा** (वर्ष २५, अङ्क ७), असार पृ. १६०-१६१ ।

घिमिरे, सोम प्रसाद(२०६६), **पल्पसा क्याफे उपन्यासको कृतिपरक अध्ययन**, काठमाडौ : त्रि.वि. ।

निउरे, शिव प्रसाद (२०६८), **बलदेव मजगैयाँको उपन्यासकारिताको अध्ययन**, काठमाडौ : त्रि.वि. ।

निरौला, निर्मला (२०६६), **विवशता उपन्यासको कृतिपरक अध्ययन**, काठमाडौ : त्रि.वि. ।

पन्त, बलराम (२०६४), **बलदेव मजगैयाँका आख्यानात्मक कृतिहरूको अध्ययन**, काठमाडौ : त्रि.वि. ।

पाण्डे, ज्ञानु (२०६४), "मानसी भित्रको समाज यथार्थ", **गरिमा** (वर्ष २५, अङ्क ८) साउन ४२-४९ ।


(शोधनायकसँग लिइएको अन्तर्वार्ता पनि सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरिएको छ ।)